सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका




नारीको
वैशाख अंक
बजारमा
उपलब्ध छ





# फेरि फेसन कम्ब्याटको



● **शिव शर्मा**

पोखरा- माओवादी जनयुद्धका क्रममा जंगी पहिरनसँग मिल्दोजुल्दो पहिरन लगाउँदा जोकोही पनि सेना र प्रहरीको तारो बन्नुपर्ने अवस्था थियो तर अहिले परिस्थिति बदलिएको छ। खासगरी लाहुरेपनको झझल्को दिने पहिरन लगाउने युवाहरू अहिले बढेका छन्। मुलुकमा आएको राजनैतिक परिवर्तनसँगै यो पहिरनको चल्ती बढेर गएको हो। यो पहिरन पनि दुई किसिमको हुन्छ- सस्तो र महँगो।

अहिले एकाएक बेलायती सेनामा भर्ती भएका लाहुरेले लगाउने कम्ब्याट पहिरन युवायुवतीमाझ लोकप्रिय भएको छ। कुनैबेला कम्ब्याट पहिरन लगाउँदा माओवादी नै हो भनेर दुःख दिने सुरक्षाकर्मीहरूको व्यवहार देखेर दिक्क हुनेहरू आजभोलि निर्धक्क आफूलाई मन पर्ने पहिरनमा ठाँटिएर हिंड्न पाउँदा हर्षित छन्।

लाहुरेको सहर पोखरामा लाहुरेपनको झझल्को दिन तन्नेरी युवाहरू कम्ब्याट पहिरनमा प्रस्तुत भएको देख्न पाइन्छ। लाहुरे जस्तै देखिनका लागि पनि यो पहिरनमा सजिन चाहनेहरूको होड छ। त्यसमाथि लाहुरे परिवारका युवाहरू आफू लाहुरे नभए पनि यही पहिरनमा सजिएर आफूलाई लाहुरेपनमा ढाल्छन्। तीन पटकसम्म बिट्रिस आर्मीका लागि भर्ती हुने प्रयासमा विफल भएका यहाँका एक युवाले आफनो नाम लुकाउँदै साप्ताहिकसँग भने- 'लाहुरे नभए पनि ड्रेस लगाएर चाहना पूरा गर्दैछु।' केही अभिभावकमा समेत आफना छोराछोरीलाई आर्मीको झझल्को दिन कम्ब्याट पहिरन किनिदिने ट्रेन्ड नै बसेको पाइन्छ।

सुरुका दिनमा बिदामा घर आउँदा लाहुरेहरूले बढी मात्रामा लगाउने यो पहिरन अहिले जोसुकैले पनि लगाउन थालेका छन्। फरक यति मात्र हो सामान्य मानिसले कम मूल्य तथा हुनेखानेले बढी मूल्य तिर्रर यस्ता पहिरन खरिद गर्छन्, पोखरास्थित तुलाचन फेन्सी स्टोरका प्रोपराइटर गोपी तुलाचन भन्छन्- 'युवायुवतीहरू फेसनकै रूपमा यो पहिरन लगाउन थालेका छन्।'

स्टाइलिष्ट युवायुवतीहरूले लगाउने कम्ब्याट पहिरन भनेको ब्रिटिस आर्मीले लगाउने स्तरको पहिरन हो। यो पहिरनको सेटलाई ९ हजार रुपैयाँसम्म पर्छ। पाइन्ट मात्र खरिद गर्ने हो भने पनि ३ हजार ५ सय रुपैयाँ खर्च गर्नुपर्छ। कमसल खालको पहिरन भने केही कम मूल्यमा पाउन सकिन्छ। युवाहरू पाइन्ट, सर्ट, बुट, झोला तथा क्याप लगाउँछन् भने युवतीहरू पाइन्टका अतिरिक्त कम्ब्याट स्कर्टमा सजिन मन पराउँछन् तर कम्ब्याट पहिरन युवतीको तुलनामा युवाहरूले नै बढी लगाएको पाइन्छ। कहिल्यै पुरानो नदेखिने र कम्फर्टेबल भएकाले पनि यो पहिरनमा धेरैको आँखा परेको हो।

कम्ब्याट पहिरन बढी बिक्री गर्दै आएको पृथ्वीचोक पोखरास्थित आँधीखोला फेन्सी स्टोरमा युवायुवतीलाई आकर्षित गर्न यस्ता पहिरनहरू लहरै टाँगेर राखिएका छन्। द्वन्द्वकालमा सुरक्षाकर्मीहरूले आएर हामीलाई यो पहिरन बिक्री नगर्न चेतावनी पनि दिए, स्टोरकी सञ्चालिका बबी श्रेष्ठले भनिन्- 'तर लोकतन्त्र आएपछि भने यसको बिक्रीमा व्यापकता आएको छ।' अहिले फेसनेबल युवायुवतीहरू पनि राम्रो क्वालिटीको कम्ब्याट पहिरन खोज्दै आउने गरेको उनी बताउँछिन्। अहिले माओवादीदेखि सबैखाले युवा उनको ग्राहक बनेका छन्। विशालबजारस्थित एक फेन्सी स्टोरका युवकले भने- पहिले सुरक्षाकर्मीहरूको अनुरोधपछि मैले यसको बिक्री गर्न छाडिदिएँ। स्थानीय मोडल ईश्वर गुरुङ पनि


बाँकी पृष्ठ २० मा

साप्ताहिक

मध्यपृष्ठमा
रमिला



साइबर गर्ल रमणी



## फेसन शोमा ब्ले फुटवेयर



नववर्ष २०६४ को स्वागतसँगै आरम्भ गरिएको त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरमा खुलेको 'ब्ले ब्रान्डको फुटवेयरको सोरुमको उद्घाटनका अवसरमा गत शुक्रबार आयोजित एउटा फेसन प्रदर्शनीमा उपस्थित दर्शकका आँखा ऱ्याम्पमा हिंडेका मोडलले लगाएको पहिरन, उनीहरूको हाउभाउभन्दा उनीहरूले लगाएको 'ब्ले ब्रान्डका जुत्तामा केन्द्रित थियो ।

फुटवेयर फेसनमा अन्तर्राष्ट्रिय पहिचान बनाउन सफल 'ब्ले' ब्रान्डलाई बज्र एन्ड बज्राचार्य कम्पनीले नेपालमा भित्र्याएको हो । 'ब्ले' फुटवेयर नेपाली बजारमा प्रवेश भएको अवसरमा आयोजित उक्त प्रदर्शनीलाई विभिन्न ६ वटा सिक्वेन्समा विभाजन गरिएको थियो । रमनी जोशी, नसिम प्रधान, सविता महर्जन, सृष्टि श्रेष्ठ आदि करिब एक दर्जन व्यावसायिक मोडलले स्टाइलिस आउटडोर, पार्टी, फङ्सनल, फर्मल, क्याजुएल आदि अवसर र प्रयोग सुहाउँदो स्यान्डल, हाई हिल्स, स्टिलिटोज, स्ट्राइपी स्यान्डल, स्लीप अन, टाइ अप स्यान्डललगायत विभिन्न शैलीका फुटवेयर लगाएर ऱ्याम्पमा क्याटवाक गरेका थिए ।

आमन्त्रित विशिष्ट पाहुनाहरूका बीच मिस नेपाल २००७ का विजेता तथा सहभागी प्रायः सबैको उपस्थितिमा सम्पन्न उक्त फेसन सोमा मिस नेपाल २००७ का विजेताहरू शीताश्मा चन्द, बन्दना शर्मा तथा श्वेता शाहलाई 'ब्ले' ब्रान्डका तर्फबाट सम्मान पनि गरिएको थियो ।

## रंगमञ्चमा शिल्पीको आगमन

नेपाली रंगमञ्चको पारम्परिक शैलीमा फरक अवधारणाको प्रयोग गर्ने क्रममा केही युवा रंगकर्मीले नयाँ नाट्यसमूह 'शिल्पी' स्थापना गरेका छन् । औपचारिक रूपमा वैशाख ११ गते मंगलबार नाटक 'नयाँ नेपाल' मञ्चन गर्दै शिल्पीले आफ्नो यात्रा प्रारम्भ भएको जनाउ दिने भएको छ । सुन्धारास्थित धारा 'सुन्धारा' मा शिल्पी नाट्यसमूहको स्थापना भएको औपचारिक जानकारी गराइने कार्यक्रम संयोजक तथा नाटक लेखक घिमिरे युवराजले साप्ताहिकलाई बताए ।

नेपाली नाट्यक्षेत्रमा राजनैतिक विषयवस्तुमा आधारित नाटक मञ्चन गर्ने उद्देश्य बनाएको शिल्पीले युवा राजनीतिज्ञहरू गगन थापा र रामकुमारी झाँक्रीलाई समेत सहभागी गराएर मुलुकभर विभिन्न क्याम्पसमा नाटक मञ्चन गर्नेछ । 'हामी नाट्यक्षेत्रमा नयाँ 'ट्रेन्ड' प्रारम्भ गर्दैछौं,' नाटकका निर्देशक राजन खतिवडा भन्छन्- 'राजनैतिक एवं सामाजिक रूपान्तरणका विषयवस्तुमा शिल्पीले उक्त ट्रेन्डको प्रयोग गर्नेछ ।' रंगमञ्चमा सर्वसाधारणको चासो बढाउन सुन्धाराको खुला परिसरमै नाटक मञ्चन गर्न लागेको शिल्पीले संविधानसभाको विषयमा जनचेतना फैलाउने नाटक प्रस्तुत गर्ने योजना बनाएको छ ।

शिल्पीले आफ्नो स्थापनाका क्रममा १६ जना नयाँ-पुराना नाट्यकर्मीलाई सहभागी गराएर कार्यशाला सञ्चालन गरेको थियो । शिल्पीको अर्को महत्त्वपूर्ण पक्ष भनेको यसमा वर्तमान नेपालका विभिन्न क्षेत्रमा संलग्न युवाहरूको प्रत्यक्ष सहभागिता हो । घिमिरे युवराज भन्छन्- 'रंगमञ्चलाई छुट्टै सम्मानित सिर्जनात्मक कामका रूपमा स्थापित गर्नु शिल्पीको मूल उद्देश्य हो ।'

## एक्लै जमे जगदिश

**साप्ताहिक समाचार**

चितवन- 'मुझको मालुम है मै शराबी नही, फिर भी कोही पिलाए तो मै क्या करुँ..' भरतपुरको होटल ग्लोबलको पौडीपोखरी छेउमा बनाइएको मञ्चमा गायक जगदीश समाल गाउँदै थिए । उनको गीत र शैली हेरेर बसेका दर्शक उक्त गीतप्रति सहमति जनाउँदै चुस्की लिइरहेका थिए । तबलावादक प्रमोद उपाध्याय, गीतारवादक गोपाल रसाइली र सुरज श्रेष्ठ, गायक समालका बाँसुरीवादक दाइ बलराम समाल, किबोर्डबादक प्रदीप श्रेष्ठ तथा अक्टोप्याडबादक रूपेश सिंह पनि गायकको इसारा र शैलीमा धुनहरू छर्किरहेका थिए ।

रात छिप्पिँदै गयो । 'काँडा हो माया', 'तपोवन', 'अलिअलि' जस्ता आफ्ना एक दर्जन चर्चित गजल पनि उनले सुनाए । साथमा जगजित सिंह, पंकज उदास, गुलाम अलिका सदाबहार हिन्दी गजल सुनाएर उनले दर्शकहरूलाई मदमस्त बनाए । डान्सपार्टी, कन्सर्ट वा होहल्लाभन्दा बेग्लै थियो, त्यो साँझ ।



गत शुक्रबार नयाँ वर्षको स्वागतका लागि टिएस इन्टरटेन्मेन्टले आयोजना गरेको उक्त गजल साँझको शीर्षक 'जगदीश समाल अनुराग गजल साँझ' राखिएको थियो । स्थानीय सिनर्जी एफएमले प्रत्यक्ष प्रसारण गरेकाले कतिपय श्रोताले घरमै बसेर समालको स्वरको आनन्द लिए ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सुरुमा नैराश्यता एवं उदासीनताका साथै कुरा काट्नेहरू बढ्नेछन् । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । समयमा निर्णय गर्न नसक्दा काममा अवरोध आउनेछ । आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ । आम्दानी बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ । अध्ययनमा सफलता मिल्नेछ । सफलताका लागि गोपनीयता अपनाउनुहोला ।

### वृष

समष्टिमा साता राम्रो छ । सुरुमा मान-सम्मान प्राप्त हुनेछ । अरूबाट प्रशंसा पनि पाउनुहोला । भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । रमाइलो यात्रा हुनसक्छ । धन आर्जन पनि हुनेछ । विवादतिर अघि नबढ्नु नै उचित हुन्छ ।

### मिथुन

थुप्रै समस्याको सामना गर्नुपर्ला । मनमा दुविधा बढ्नेछ भने काममा अवरोध आउनेछ । खर्च एवं विवादले सताउन सक्छ । शत्रु बढ्नुका साथै स्वास्थ्यमा समस्या देखा पर्नेछ । धनमाल हराउने सम्भावना छ । आइतबार, सोमबार तथा बिहीबार मान-सम्मानका साथै काममा सफलता मिल्नेछ । यात्रा एवं धन आर्जन हुने योग देखिन्छ । सजिलै अरूको मन जित्न सकिन्छ ।

### कर्कट

समष्टिमा साताले राम्रो फल दिनेछ । सोच्ने शक्ति बढ्नेछ । काममा सफलता पनि मिल्नेछ । घर-जग्गा एवं सवारी साधन जोड्ने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा कामहरू पूरा हुनेछन् । मान-सम्मानका साथै भोज-भतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ । आइतबार, सोमबार तथा बिहीबार चिन्ता एवं अस्थिरता बढ्न सक्छ ।

### सिंह

सुरुमा मान-सम्मान मिल्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आम्दानी बढ्नुका साथै घरेलु कार्यमा सफलता मिल्नेछ । अध्ययनमा सुधार आउनेछ । बौद्धिक कार्यमा सफलता प्राप्त हुनेछ । धार्मिक कार्यमा रुचि बढे पनि मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । शत्रु बढ्नुका साथै स्वास्थ्यमा पनि समस्या देखा पर्न सक्छ ।

### कन्या

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ । स्वास्थ्य कमजोर रहला, मन दुविग्रस्त रहनेछ । काममा अवरोध आउनाले मनोबल घट्नेछ । धनमाल हराउने सम्भावना छ । आइतबार, सोमबार, मंगलबार तथा बुधबार मानसम्मान एवं काममा सफलता मिल्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । फलदायी यात्रा हुनसक्छ ।

### तुला

स्वास्थ्यमा समस्या देखा पर्नसक्छ । काम बिग्रने देखिन्छ । मन दुविधाग्रस्त रहनेछ । कुरा काट्नेहरू बढ्नेछन् । झूटा आरोपका साथै शरीरमा चोट-पटक लाग्न सक्छ । मंगलबारदेखि मानसम्मानका साथै काममा सफलता मिल्नेछ । बोलीको प्रभाव बढ्नेछ । धन आर्जन हुने योग छ । अरूको मन जितेर नयाँ काम हात पार्न सफल हुनुहोला ।

### वृश्चिक

साताले मिश्रित फल दिनेछ । यात्रा हुने योग छ । काममा सफलता मिल्नेछ । प्रसन्नता एवं सोच्ने शक्ति बढ्नेछ । अध्ययनमा पाइने सफलता कायमै रहनेछ । मान-सम्मान पनि प्राप्त होला । आइतबारदेखि बुधबारसम्म स्वास्थ्यमा समस्या देखा पर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ । झूटा आरोप पनि लाग्न सक्छ ।

### धनु

साताको पूर्वार्द्ध अनुकूल रहे पनि उत्तरार्द्धमा समस्या देखा पर्नेछ । सुरुमा परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । यात्रा हुनसक्छ । मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।

### मकर

समष्टिमा साता राम्रो छ । व्यवसायमा लाभ प्राप्त हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ । कुरा काट्नेहरू बढे पनि विजय प्राप्त हुनेछ । मान-सम्मान पनि मिल्नेछ । परिश्रम गर्नुपरे पनि धन आर्जन पनि हुनेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन् । बिहीबार स्वास्थ्यमा समस्या तथा चिन्ता बढ्ने योग छ ।

### कुम्भ

घरेलु समस्याले सताउनेछ । काममा अवरोध आउनाले मनोबल घट्नेछ । गलत विचार पनि बढ्नेछ । समयमा निर्णय नहुँदा आफ्नै कारणले अप्ठ्यारो स्थिति आउन सक्छ । रिसको वेग बढ्नेछ । मंगलबार, बुधबार तथा बिहीबार परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ । धन आर्जन तथा यात्रा हुने योग छ । पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन् ।

### मीन

पराक्रम बढ्नेछ । अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ । भाग्य बलियो छ । व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ । आफन्तहरूको उचित सहयोग मिल्नेछ । अध्ययनका साथै बौद्धिक कार्यमा सफलता मिल्नेछ । आइतबारदेखि बुधबारसम्म चिन्ता एवं अस्थिरता बढ्नेछ ।

### यो साताको पञ्चा□

वैशाख ७ गते लुभु महालक्ष्मी भैरव जात्रा, ८ गते मच्छिन्द्रनाथ रथजात्रा प्रारम्भ, शंकराचार्य जयन्ती, ११ गते लोकतन्त्र दिवस, १२ गते सीता जयन्ती,



# यात्रा साँघु पाठ्यक्रमको

काठमाडौं, सत्यसाई शिक्षा सदन टोखाबाट एसएलसी परीक्षा दिएकी अन्विती भट्टराई परीक्षा सकिएको भोलिपल्टै ब्रिज कोर्स अर्थात् साँघु पाठ्यक्रमको विषयमा बुझ्न विभिन्न इन्स्टिच्युट पुगिसकेकी थिइन् । त्यही क्रममा बागबजारमा भेटिएकी अन्वितीले ब्रिज कोर्सको औचित्य पुष्टि गर्दै भनिन्- 'प्लस टुमा प्रवेश गर्नुअघि पाठ्यक्रम बुझ्न सहज होस् भनेर ब्रिजकोर्स गर्न लागेकी हुँ ।' निष्ट कलेजमा प्लस टु अध्ययन गरेर इलेक्ट्रोनिक्स इन्जिनियरिङ गर्ने योजना बनाएकी अन्वितीले प्रवेश परीक्षाको सहजताका लागि पनि यो पाठ्यक्रम आवश्यक भएको बताइन् ।

एसएलसी परीक्षा सकिएको छ । यतिखेर १० वर्षको लगातारको स्कुले अध्ययनबाट लाखौं विद्यार्थीले सास फेर्न मौका पाएका छन् । त्यसैले पनि विद्यार्थीहरूले एसएलसी परीक्षा सकिएपछि गर्ने भनेर धेरै योजना बनाएका हुनसक्छन् । केही दिन 'रिफ्रेसमेन्ट', त्यसपछि घुमघाम, अनि मनोरञ्जनात्मक क्रियाकलापमा सहभागिता । विद्यालय जीवनको महत्त्वपूर्ण परीक्षा सकिएको हुनाले यो बिदालाई रमाइलो गरी बिताउने चाहना राख्नु स्वाभाविक पनि हो, तर महत्त्वपूर्ण कुरा के हो भने एसएलसी नै अन्तिम गन्तव्य होइन । जीवनको यात्रामा एक चरण पार भए पनि आगामी दिनका लागि अझ बढी तयारी तथा मेहनत गर्नु आवश्यक हुन्छ । अहिले गर्ने मेहनत र राम्रो तयारीले सुन्दर भविश्यको आधारशिला निर्माण गर्नसक्छ । त्यसैले यो समयमा पनि केही समय अध्ययनलाई छुट्ट्याउन ब्रिजकोर्स गर्नु राम्रो मानिन्छ । अन्विती भन्छिन्- 'रमाइलो गर्ने भन्दैमा अध्ययन छाडेर दिनभर अन्य क्रियाकलापमा सक्रिय भइयो भने मनमा शान्ति हुँदैन, एसएलसी दिएर बसेकाहरूले दैनिक जीवनको एक सत्रलाई अध्ययनमा खर्च गर्नु उत्तम हुन्छ जस्तो लाग्छ ।'

अहिले राजधानीका एक दर्जनभन्दा बढी ब्रिजकोर्स इन्स्टिच्युटमा विद्यार्थीको उल्लेख्य भीड देखिन थालेको छ । 'नाम चलेका इन्स्टिच्युटमा विद्यार्थीहरूको भिड हुने गरेको छ ।' पुतलीसडकस्थित सेन्ट




जेभियर इन्टरनेसनल एकेडेमीका प्रबन्ध निर्देशक नवराज सुवेदी भन्छन्- विद्यार्थीहरूले प्रवेश परीक्षामा कडा प्रतिस्पर्धामा उत्रिनुपर्ने भएकाले पनि ब्रिजकोर्स आवश्यक भैसक्केको छ । त्यसैगरी बुढानीलकण्ठ इन्टरनेसनल एकेडेमी नयाँ बानेश्वरकी अन्जु भट्टराईका अनुसार कलेज जीवनशैलीसँग अभ्यस्त हुन यो कोर्सको महत्त्वपूर्ण भूमिका हुने कुरा विद्यार्थीहरूले बुझिसकेका छन् । विद्यार्थीहरूमा बुढानीलकण्ठ, सेन्ट जेभियर्स, एसओएस बालग्राम, वीरेन्द्र सैनिक वा काठमाडौं विश्वविद्यालय जस्ता उत्कृष्ट शिक्षण संस्थामा उच्च शिक्षा लिने उत्कट चाहना हुने भएकाले पनि प्रवेश परीक्षाको तयारीका लागि ब्रिज कोर्स गर्ने ट्रेन्ड बसिसकेको छ ।

'आज मात्रै करिब दुई सय विद्यार्थी यो पाठ्यक्रमका बारेमा बुझ्न

**बाँकी पृष्ठ ६ मा**

## ब्रिज कोर्सको ट्रेन्ड


केही समयअघिसम्म ब्रिजकोर्स लिन चाहने प्रायः विद्यार्थी निजी विद्यालयका उत्पादन हुन्थे, तर अहिले यसको आवश्यकता बढ्दै जाँदा सरकारी विद्यालयका विद्यार्थी पनि यसतर्फ आकर्षित हुँदै गएका छन् । सरकारी तथा सामुदायिक विद्यालयहरूमा नेपाली माध्यममा अध्यापन हुने भएकाले पनि विद्यार्थीले एडभान्स कोर्सको माध्यमबाट अंग्रेजी माध्यमप्रति अभ्यस्त हुने मौका पाउँछन् । राजधानीबाहिरबाट प्रवेशिका परीक्षा दिएर आएकाहरूका निम्ति यहाँका उत्कृष्ट कलेजको वातावरण बुझ्न पनि ब्रिजकोर्स सहायक भएको छ । छोराछोरीलाई ब्रिजकोर्स गराउँदा अभिभावकलाई पनि फाइदा नै हुन्छ, किनभने परीक्षा सकिएको बहानामा अनावश्यक रूपमा समय बिताइरहेका सन्तानले कमसेकम ४ घण्टा नियमित अध्ययनलाई निरन्तरता दिन्छन् । त्यसबाहेक ब्रिजकोर्सबाट उनीहरूको आत्मविश्वास पनि बलियो हुन्छ ।









## उनीहरू कहाँ छन् ?

**विक्रम संवत् २०५२ फागुन १ गतेदेखि नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले प्रारम्भ गरेको माओवादी जनयुद्ध सात राजनैतिक दल र माओवादीबीच सम्पन्न शान्ति सम्झौतापछि विधिवत् रूपमा अन्त्य भैसकेको छ। जनयुद्धको एउटा पक्ष माओवादी अहिले अन्तरिम संसद् हुँदै अन्तरिम सरकारमा सामेल भएर मुलुकको राजनीतिको मूलधारमा सक्रिय भैसकेको छ। यद्यपि जनयुद्धको एक दशक लामो समयमा विद्रोही तथा सरकारी दुवै पक्षबाट बेपत्ता पारिएका कतिपय नागरिकको यथास्थिति अहिलेसम्म कुनै पनि पक्षले सार्वजनिक गरेका छैनन्। यो स्थितिप्रति गम्भीर चासो देखाउँदै नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले त्यसरी द्वन्द्वको क्रममा बेपत्ता पारिएकाहरूका बारेमा अनुसन्धान गर्न एउटा छुट्टै आयोग स्थापना गर्न अन्तरिम सरकारसँग आह्वान गरेको छ। जनयुद्धको एक दशक लामो समयमा राज्य तथा विद्रोही दुवै पक्षले एक–अर्काका सुराकी भएको, एक–अर्कालाई सघाएको जस्ता अभियोग लगाएर आमनागरिकलाई स्वेच्छाचारी रूपमा पक्राउ गर्ने र त्यसरी पक्राउ परेका व्यक्तिलाई यातना दिने, आफ्नो स्वार्थ पूरा हुन नसकेको अवस्थामा हत्या गर्ने, नियोजित रूपमा बेपत्ता पार्ने क्रमलाई आफ्नो रणनीतिकै रूपमा अगाडि सारेका थिए। राज्य तथा विद्रोही दुवै पक्षको यस्तो क्रियाकलाप त्यसबेला पनि मानवअधिकारविरुद्धको गम्भीर अपराध मानिएको थियो, तर पनि दुवै पक्षले यसरी नागरिकहरूलाई बेपत्ता पार्ने कुनै पनि अवसरलाई आफ्नो रणनीतिका रूपमा प्रयोग गरि नै रहे।**

**अहिले विद्रोही पक्ष सरकारमा संलग्न भएको र मुलुक नयाँ राजनैतिक युगमा प्रवेश गरिसकेको अवस्थामा त्यसरी बेपत्ता पारिएका नागरिकहरू कहाँ छन् भन्ने विषयमा सरकारले गम्भीर चासो देखाउनुपर्छ। त्यसरी बेपत्ता पारिएका नागरिकहरू निश्चय पनि तत्कालीन अवस्थामा कुनै पनि पक्षको रोहवरमा रहेको हुनुपर्छ। यदि उनीहरूलाई मारिएको हो भने उनीहरू कहाँ, कहिले र कसरी मारिए ? उनीहरूको अन्तिम संस्कार कसरी गरियो ? भन्ने जानकारीपीडित परिवारले पाउनुपर्छ र त्यसको उचित क्षतिपूर्ति राज्यले पीडित परिवारलाई उपलब्ध गराउनुपर्छ। बेपत्ता पारिएका नागरिकहरू सम्बन्धित पक्षबाट मारिएका छैनन् भने उनीहरू अहिले कहाँ, कुन अवस्थामा छन् भन्ने कुराको जानकारी राज्यले सार्वजनिक गर्नैपर्छ। विगतमा राज्य र विद्रोहीमा विभाजित पक्षहरू अहिले सरकारमा सामेल भएकाले बेपत्ता पारिएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न थप सजिलो हुनुपर्ने हो। माघ १९, २०६२ मा राजा ज्ञानेन्द्रले मुलुकको शासन आफ्नो हात लिएपछिका अवधिमा बेपत्ता पारिएका नागरिकहरूका बारेमा अहिलेको अन्तरिम सरकारले थप गहनतापूर्वक अनुसन्धान गरेर वस्तुस्थिति सार्वजनिक गर्न सक्नुपर्छ। त्यो समयका दोषीहरूमाथि ठोस कारबाही चलाउँदै त्यसअघि बेपत्ता पारिएका नागरिकहरू बेपत्ता हुनुमा दोषी ठहरिने माओवादी, तत्कालीन शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी आदि सबैमाथि समान रूपले कारबाही चलाएर पीडितहरूले न्याय पाउने वातावरण अन्तरिम सरकारले बनाउनुपर्छ। त्यसो हुन सक्यो भने मात्रै जनआन्दोलन–२ को भावनाको एउटा पक्षले न्याय पाउनेछ।**

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
**सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल**

# यौनशिक्षा : प्रश्न ठीक र बेठीकको





डा. डी.पी. भण्डारीसँग अन्तरंग

मानिसको हिपोक्र्यासी, पाखण्डता, मुकुन्डो-प्रदर्शन जति यौन शब्दको उच्चारण, बहस, अर्थ, अभिप्राय र अभ्यासको सिमानाभित्र देखिन्छ, सुनिन्छ त्यति सायदै अरू क्षेत्रमा देखिन्छ होला। त्यसपछि धर्म, धार्मिकता र आस्थाको लोकमा परिलक्षित हुन्छ मानिसको मुढता र बुद्धिमता। दुवैमा विवेकभन्दा बढी विवेकहीनताको प्रभुत्व हुन्छ। यौनको महत्त्व सर्वाधिक बढी छ। कारण हुन सक्छन् : यो धरतीमा हाम्रो अवतरणको एक मात्र कारण यौन नै हो, त्यसैले मानिस जति बढी आफ्नो स्रोततिर खिचिन्छ त्यही मात्रामा यौन व्यवहारको कट्टर निन्दक भएको अभिनय गर्छ। मानव अस्तित्वभित्र नि:सर्ग वा सत्यभन्दा धेरै बढी ढोंग, असत्य र अभिनयको प्रदर्शन भेट्टाइन्छ। मानवइतर अस्तित्वभित्र, पशुपन्छीहरूको जगत्मा विशुद्ध प्राकृतिक छद्महीनता।

लाग्छ, मानिस नामको जीवलाई परमात्माले परीक्षणका लागि यो पृथ्वीमा पैदा गरेको गरेको हो– बुद्धि, विवेक र विश्लेषणात्मक क्षमता दिएर, तर जति मानिस बौद्धिक र भौतिक रूपले विकसित हुँदै गएको छ त्यही मात्रामा वेचैन र झगडालु हुँदै गैरहेछ। उसको अहंकार बाक्लिँदैछ, युद्ध गर्ने कलामा अरू बढी कुशलता आर्जन गर्दैछ। संकीर्ण, अमानवीय मान्यता, मतान्धताबाट पीडित हुँदै गैरहेछ। धार्मिक, राजनैतिक, नीतिशास्त्रीय सामाजिक संकीर्णता आदिम मानिसहरूमा पटक्कै थिएन भन्छन् इतिहासकार एवं मानवशास्त्रीहरू। सभ्य मानिसको जटिल ग्रन्थिलाई दार्शनिक र साहित्यिक कलाकारहरू आ-आफ्नै ढंग र पदावलीमा प्रस्तुत गर्छन्। 'मानिसको जीवन कुनै महामूढले आफ्नो सनकमा वाचन गरेको कथा हो' भनेर शेक्सपियर भन्छन् भने 'मानिसको जीवन उसले जन्म लिएको पापका कारण एक कठोर दण्ड हो' भनेर शोपेनहावर भन्छन्। मानिसको कल्पनाहीन तुच्छता देखेर हामीजस्ता सामान्य पथिकहरू पनि कहीलेकाहीं चकित हुन्छन्, अवाक्, विस्मय विमुग्ध हुन्छन्। यौन शिक्षा उचित ढंगले उचित मात्रामा उचित शिक्षार्थीहरूलाई दिनु हुन्छ कि हुँदैन भन्ने प्रश्न उठिरहेको छ दक्षिण एसियामा पनि। अति प्राकृतिक प्रश्न।

यौनशिक्षाको विरोध भारतको सापेक्षत: बढी विकसित प्रान्त महाराष्ट्र गुजरात आदि ठाउँहरूमा कथित धार्मिक पावनता, नैतिक अनुशासन, सामाजिक प्रतिष्ठाको नाममा बढी भैरहेको छ। नैतिक निष्ठा र धार्मिक परम्पराभित्र बास गरिरहेका विकृतिहरूमा नेपाल र भारतमा धेरै मात्रामा समानता देखिने भएकाले पनि यो गरम विषयमाथि केही भन्न मैले एक प्रकारको स्वस्फूर्त चापको अनुभव गरेको मात्र हुँ। आफूले चुनेको मुद्दालाई न्यायपूर्वक, सन्तोषजनक तरिकाले प्रस्तुत गर्न सक्छु भन्ने दावी अहिलेसम्म गर्न सकेका छैन। मेरा लेखहरूको ठूलो संख्या सिलसिला शून्यताका नमुना मात्र हो भन्ने मेरो आफ्नै निष्कर्ष छ, तर यौनशिक्षाको प्रश्न धेरै समाजमा विवादस्पद भएकाले मेरो आजको ध्यान त्यतातिर तानिएको हो। तुलनात्मक रूपले उदार र खुला देखिन्छ हिन्दूधर्म। इस्लाम र रोमन क्याथोलिकहरूभन्दा बढी।

नेपालमा पनि यौनशिक्षाको आवश्यकताको अनुभव भएको संकेत केही काल पहिलेदेखि नै देखिएको थियो, तर वैधानिक रूपले लागू हुन अझै बाँकी छ। सुन्दछु कि कुनै शिक्षालयले चरणबद्ध रूपले पाच्य मात्रामा प्रारम्भ गरिसकेका छन्। जति बृहत् भूगोल त्यति नै बढी आग्रह, दुराग्रह मतान्धता, स्वतन्त्र चिन्तन, छलकपट, क्षेत्रीय, धार्मिक र सैद्धान्तिक जडता र जीवन्तता। भारतका केही व्यक्ति र समूहहरूबाट गरिएका यौनशिक्षाको विरोध यस्तै ऐतिहासिक सिमानाभित्र उठेको स्वर हो। भारत एक अर्थमा एक रहस्य लोक हो, विविध सरलता र जटिलताहरूले घेरिएको भूखण्ड। त्यहाँ कुनै नयाँ विचार र विचार रूपान्तरणको विरोध हुन्छ भने त्यसलाई अस्वाभाविक भन्न मिल्दैन। यदि स्वीकृति र अस्वीकृति एकसाथ जाँदैनन् भने तब आश्चर्य मान्नुमा कुनै आपत्ति छैन।

यदि अल्पमत वा बहुमतले यौनशिक्षाको विरोध गरेन भने तब आश्चर्य मान्नुपर्ने हुन्छ। नेपालमा कुनै क्षेत्रमा पनि त्यो रुचिवैविध्य र कर्मवैविध्यका लागि त्यति स्थान छैन, किनकि विश्व मान्यतानुसार जागृत हुन थालेको हाम्रो इतिहास अति नै सानो र संकुचित छ। भारतको तुलनामा नेपाल बढी सरलतासित आफ्नो लक्ष्यमा एकाग्र भएर लाग्न सक्छ। शिक्षालगायत अरू धेरै क्षेत्रमा। जति सानो देश, त्यति बढी विकासको सम्भावना। स्वीजरल्यान्ड, सिंगापुर मात्र होइन, स्क्यान्डीनेभियन देशहरूलाई हेरे पुग्छ।

मेरो दृष्टिमा सम्यक मात्रामा यौनशिक्षा अनिवार्य हुनुपर्छ। कतिपय विकृति एवं विचलनको कारण यौनशिक्षाको अभाव हो। अस्वस्थ खुल्दुलीभन्दा स्वस्थ सूचना बढी श्रेयस्कर हुन्छ। मानवजीवनको अत्यन्त महत्त्वपूर्ण पक्षबारे, स्वाङ कायमै गरिरहन चाहन्छौं भने हामी समय-धारको विपरीत कोणतिर गैरहेका हुन्छौं। प्राचीन कालमा विकसित समाजहरूमा पनि केही मात्रामा यौनशिक्षा अनुशीलनको वकालत र अभ्यास गरिएको तथ्य सुनिन्छ– भारत, बेबिलोन, मिश्र, ग्रीस आदि देशमा। स्वस्थ सभ्यताभित्र स्वीकृतिको व्यापकता हुन्छ। अस्वस्थभित्र निषेधात्मक वृत्तिहरूको प्रबलता हुन्छ। मूढतापूर्ण संकीर्णता रुग्ण समाजका लक्षणहरू हुन्। यौन लोकप्रति किशोर र युवायुवतीहरू रुग्न रूपले कौतूहलपूर्ण उत्सुकताको चैनहीन अनुभव गर्नेछैनन्। जति रहस्याच्छादिक क्षेत्र त्यति नै बढी उत्सुकता। यौनको स्वस्थ ज्ञानले हामीलाई बढी शान्त, शीतल र सिर्जनशील बनाउन सक्छ। बेचैनी र विकृति अज्ञानताका परिणति हुन सक्छन्।

कस्तो असहज विडम्वना □ संसारभरिकै समीक्षक, शिक्षाशास्त्री र अरू सामान्य चेतनशील नरनारीहरूले उत्साहपूर्वक स्वागत गरेको ऋषि वात्सायन रचित कामसूत्रको भूमि भारत नै यौनशिक्षाबारे यति आदिम धारणा राखिरहेछ। दोहऱ्याइदिऊँ : वात्सायन गृहस्थ थिएनन्, एक ऋषि थिए– तटस्थ भएर यौनलोकको व्यवहारमाथि मिमांसा गर्ने। सर रिचार्ड वर्टन र एफ.एफ. आरबुथनटले अति रुचि र उत्साहसित कामसूत्रको अंग्रेजीमा अनुवाद गरिसकेपछि पाश्चात्य पाठकहरू विस्मित भए कि कसरी एक सन्तले संसारीहरूको काम-कलाबारे यति सुन्दर, यति चित्तबुझ्दो ग्रन्थ रच्यो होला। हाम्रो शास्त्रमा उल्लेख छ : मनु धर्मका अधिकारिक ग्रन्थकार, कौटिल्य राजनीतिका र वात्सायन कामका। प्राचीन हिन्दूहरूको विश्वास थियो कि यदि कुनै कुरा गर्ने लायक छ भने त्यसलाई पूर्ण आस्था र तन्मयतासित गर्नुपर्छ।

कामवासना निन्दा र दमनबाट कम हुँदैन। उल्टो हुन सक्छ : जति ढोंग र कृत्रिम भर्त्सना त्यति नै कामुकतामा वृद्धि। प्रकृति वा परमात्माको रचना हो : यौनउत्सुकताको स्रोत, यौनआनन्दको स्रोत हुनु। मानिसको विवेकमाथि निर्भर गर्छ कामजस्तो सुन्दर र सिर्जनात्मक उद्वेगको सदुपयोग अनि दुरुपयोग। मेरो दृष्टिमा जति बढी वर्जना हुन्छ त्यति नै तीव्र तृष्णा-वृद्धि हुन्छ। ऋषि वात्सायनको आशय हो यौनानुभूति र आध्यात्मिक मुक्ति वा बोधबीच घनिष्ठ साइनो छ। धेरै शताब्दीको परीक्षण पार गर्दै आएको कामसूत्रले वात्सायन ऋषिलाई अमर बनाइदिएको छ। कामसूत्रको अंग्रेजी अनुवाद सन् १८८३ मा बेलायतमा प्रकाशित भएको थियो। यौन स्वाङबाट पीडितहरूले उच्च आध्यात्मिक दृष्टिले अजन्ता, एलोरा, कोणार्क, खजुराहो, पशुपति, गुह्येश्वरी आदिका भित्ता र टुँडाल– सम्भोग चित्रमाथि मनन गर्न सल्लाह दिन सकिन्छ– विवाद गर्न सकिँदैन मतान्धहरूसित।

BHANDARIDP□GMAIL.COM



## नीति-नियम

**वादी–प्रतिवादीको नजिक रहनुभन्दा पहिले देखेर वा सुनेर मुद्दाको विषयमा अनुभव भएका र सोही अनुरूप बताउन सक्ने व्यक्ति नै साक्षी राख्न योग्य मानिन्छ।**

**धेरै समय बितिसक्दा पनि जसको बुद्धि, स्मरण शक्ति तथा श्रवण शक्ति (सुन्ने शक्ति) क्षीण हुँदैन, साक्षी राख्न योग्य हुन्छ।**

**जसले अनुभव गरेको कुरा सत्य बोल्छ त्यही साक्षीका लागि योग्य हुन्छ। कोही एक्लो धर्मज्ञ साक्षी छ भने ऊ वादी–प्रतिवादी दुवैका लागि मान्य हुन्छ।**

**–शुक्रनीति**

**अनुवाद : रामहरि बन्जारा**



## चिठी पत्र

### प्रवासीको मताधिकार

जनआन्दोलन-२ को मूल मर्म र भावना पूरा गर्न जिम्मा लिएर सरकारमा पुगेका आठै दलले प्रवासीहरूलाई मतदान गर्न नदिने निर्णय गरेका छन्। शिक्षा, रोजगारी, व्यापार आदि गर्न स्थायी बसोबास गर्दै आएको घर-गाउँबाट मात्र सम्भव छैन। अध्ययन, पेसा, व्यवसायलाई चटक्कै छोड्न पनि सकिँदैन।

२१ औं शताब्दीमा विभिन्न स्थानबाट मत जाहेर गर्न सकिने उपाय र प्रविधिको खोजी नै नगरी गरिएको यस्तो निर्णयले सरकारको असक्षमताको परिचय दिन्छ। राजनैतिक बार्गेनिङका आधारमा माओवादीले पनि अस्थायी बसोबास गरेको स्थानमा मतदान गर्न नपाउने सहमतिमा हस्ताक्षर गरी उक्त बाटो पूर्ण रूपले बन्द गरेको छ।

विभिन्न देशमा कार्यरत प्रवासी अगुवाहरूको लेख, प्रेस विज्ञप्ति तथा विभिन्न संघ-संगठन तथा एन.आर.एन लगायतको तथ्यांकले के देखाएको छ भने मताधिकारका लागि उमेर पुगेका ५० लाखभन्दा बढी युवा शिक्षा, रोजगारी तथा व्यापारका क्रममा प्रवासमा छन्। उक्त संख्या भनेको नेपालको कुल मतसंख्याको एकतिहाईभन्दा बढी हो। तीमध्ये ९० प्रतिशत युवा छन् अर्थात् कुल युवामध्ये ६० प्रतिशत विदेशमा छन्। तसर्थ प्रवासी भनेर राज्यले कसैलाई भेदभाव गरेर रद्दीको टोकरीमा फाल्नु हुँदैन। प्रवासीहरूको जायज मागलाई सरकारले सम्बोधन गर्नुपर्छ।

यसका लागि प्रवासमा रहेका श्रमिक, व्यापारी, विद्यार्थी, बद्धिजीवी, पत्रकार सबैले एकजुट भएर प्रवासबाटै आन्दोलनको तयारी गर्नुपर्ने देखिन्छ। सबै दलको साझा एजेन्डामा प्रवासीहरूको मताधिकार पार्ने लक्ष्य लिएर आन्दोलनको तयारी गरौं। आउनुस्, अमेरिका, जापान, कोरिया, बेल्जियम, जर्मनी, बेलायत, हङकङ, भारत, रूस, मलेसिया आदि संसारभरका नेपालीहरूको संयुक्त मोर्चा बनाऔं र आफ्नो अभियान सफल पारौं, सरकारलाई सचेत गरौं।

**–लेखनाथ भण्डारी**
**प्रवासी नेपाली संघ, मलेसिया**

### शुल्क लाग्छ ?

कान्तिपुर पब्लिकेसन्सबाट प्रकाशित सबै पत्रिका उत्तिकै सापेक्ष तथा प्रिय छन्। तीमध्ये साप्ताहिक बढी नै लोकप्रिय भएको अनुमान गरेको छु। किनकि यसमा युवाखुल्दुली, राजनैतिक परिप्रेक्ष्य, अन्तर्राष्ट्रिय परिवेश, चलचित्र जगतका साथै कविता, लघुकथाजस्ता विविध सामग्री समावेश छन्। साप्ताहिक नवसर्जकहरूको मनोबल उच्च बनाउन लागिपरेको छ। मेरो मनको कुना-कन्दरामा भने नमीठो महसुस हुन्छ किनकि मैले साप्ताहिकमा एक हजारभन्दा बढी लेख तथा कविता पठाएँ तर छापिएनन् किन ? के कारणले हो बुझ्न सकिनँ, यसका लागि पैसा लाग्छ कि ?

आफ्नो एउटा पनि सिर्जना नछापिंदा हतोत्साहित भइँदोरहेछ, त्यसैले सम्पादकज्यूसँग अनुरोध छ- पक्षपात नगरी सबैलाई स्थान दिनुहोस्। शुल्क लाग्ने भए विषय एवं शब्द अनुसारको शुल्क तोकिदिन अनुरोध छ। सानो मानिसले ठूलो कुरा गरेको भनेर नरिसाउनु होला, मैले त मेरो पीडा मात्र व्यक्त गरेकी हुँ। साप्ताहिकको उत्तरोत्तर प्रगति होस्, यसले शिखर चुम्दै जाओस्, हार्दिक शुभकामना।

**–सीमा कार्की**

### लघुकथा मेरो हो

२०६३ चैत १६ गते प्रकाशित साप्ताहिकको वर्ष १२ अंक ४५ पृष्ठ १७ मा प्रकाशित 'आन्दोलन' शीर्षकको लघुकथा मैले लेखेको हो। उक्त कथामा लेखकको नाम अर्कै प्रकाशित भएकोमा ध्यानाकर्षण गराउँदै उक्त त्रुटि सच्याउन हार्दिक अनुरोध गर्दछु।

**–किशन कार्की**

### भूलसुधार

२०६३ चैत ३० गते प्रकाशित साप्ताहिकको वर्ष १२ अंक ४७ (नववर्ष विशेषांक २०६४) को पृष्ठ ६ मा प्रकाशित 'मुलुकले गुमाएका चर्चित व्यक्तित्वहरू' शीर्षकको चौथो पंक्तिमा निरञ्जन गोविन्द वैद्य हुनुपर्नेमा असावधानीका कारण नरबहादुर कर्माचार्य हुन गएकोमा गहिरो दुःख प्रकट गर्दै श्री नरबहादुर कर्माचार्यको सुस्वास्थ्य तथा दीर्घायुका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं। उक्त त्रुटिका कारण परेको चोटप्रति हामी क्षमाप्रार्थी छौं।

**–साप्ताहिक परिवार**

## तीतो सत्य

-आफ्नो सुन्दरतामा मख्ख नपर, सुन्दरता अर्कैका लागि हो।

-कसैको स्वच्छ आत्मामा चोट नपुऱ्याऊ, किनकि आत्मीय चोटको औषधी पाउन सकिँदैन।

**आनन्द खड्का**

-नक्कली सुन्दरता क्षणिक हुन्छ, दिगो कदापि हुन सक्दैन।

-आँखा दोषी होइन, गलत मानसिकताले आँखालाई दोषी बनाएको हो।

-आफू स्वच्छ रहन सके शत्रुको लाञ्छनाबाट बच्न सकिन्छ।

**कृष्ण थापा, सिपाडोल**

-भाग्यलाई दोष दिएर आफूलाई कमजोर नबनाऊ।

-दयालुभन्दा प्रेरणादायी बन।

**जीवन तिवारी**

-कसैको भलाइका लागि पैसा होइन, सीप दान गर।

**जीवन तिवारी**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

# मानवअधिकारको स्थितिमा सुधार

वर्ष २०६३ लाई मानवअधिकारको क्षेत्रमा भएका सुधारका लागि पनि नेपालीहरूले सम्झिरहनेछन् । नेपालमा मानवअधिकारको स्थितिलाई नजिकबाट नियालिरहेको संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले आलोच्य वर्षमा नेपालमा मानवअधिकारको स्थिति क्रमश: सुध्रिँदै गएको आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । मानवअधिकार परिषद् निर्णय २/११४ अनुसार तयार गरिएको प्रतिवेदनले नेपालमा आक्रमणहरूको अन्त्यसँगै द्वन्द्वसँग सम्बन्धित उल्लङ्घन अन्त्य भएको र भेला हुने तथा अभिव्यक्ति स्वतन्त्रताका अधिकार प्राय: पुनर्स्थापना गरिएको बताएको छ । तैपनि, गम्भीर दुर्व्यवहारको अन्त्य गर्ने, मानवअधिकारलाई कायम राख्ने तथा मजबुत पार्ने चुनौती यथावत रहेको उल्लेख गर्दै जघन्य मानवअधिकार उल्लङ्घनका लागि दण्डहीनता एवं गहिरो जरा गाडेका भेदभाव तथा सीमान्तकृत समूहहरूविरुद्धका अन्य दुर्व्यवहारको अन्त्य हुनुपर्ने आयोगले बताएको छ ।

यो प्रतिवदेनले जनआन्दोलन-२ यताका राजनैतिक परिवर्तन तथा मानवअधिकार अवस्थामाथि तिनको प्रभाव एवं अझै नाजुक रहेको शान्ति प्रक्रियाका क्रममा सम्बोधन गरिनुपर्ने प्रमुख मानवअधिकार मुद्दाहरूको समेत विश्लेषण गरेको छ । प्रतिवेदनले दुर्व्यवहारका सम्बन्धमा सैनिक छानबिन तथा सैनिक अदालतका कार्यविधिसँग सम्बन्धित दस्तावेजहरू उपलब्ध गराउन गरेको आग्रहलाई नेपाली सेनाले अस्वीकृत गरेको र यस्तो दण्डहीनताको अन्त्य गर्ने कार्य सबैभन्दा कठिन चुनौती रहेको उल्लेख गरेको छ ।

वर्ष २०६३ मा नेपालमा राजनैतिक रूपमा सबैभन्दा बढी मानवअधिकार उल्लंघनका घटना दोहोरिए । जनआन्दोलन-२ का क्रममा तत्कालीन सरकारले आमनागरिकको भेला हुने र संगठन गर्न पाउने स्वतन्त्रतालाई कुण्ठित पार्ने काम गर्‍यो । यो क्रममा १८ जनाको मृत्यु भयो भने दर्जनौं नागरिक घाइते भए ।

सरकारको स्थापना हुनेबित्तिकै मानवअधिकारको स्थितिमा महत्त्वपूर्ण सुधार आएको देखियो । त्यसपछि नागरिकहरूको सङ्गठन, अभिव्यक्ति र भेला हुन पाउने स्वतन्त्रताको अधिकार बहाली गरियो । सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनिएका सबै राजनैतिक थुनुवा रिहा भए । दुवै पक्षले युद्धविरामको घोषणा गरे र २०६३ जेठ १२ गते २५बुँदे आचारसंहितामा सहमत भए । त्यसपछि नेपाली सेना र जनमुक्ति सेनाका आक्रामक कारबाहीहरू पूर्ण रूपले रोकिए ।

उपरोक्त राजनैतिक विकास-क्रमपछि, सात दल र नेकपा (माओवादी)बीचको शान्ति वार्ता पुन: सुरु भयो र यसबाट श्रृङ्खलाबद्ध सम्झौताहरू भए । यो वार्ता संविधानसभाको निर्वाचनका लागि कात्तिक २२ को समयतालिकामा पुगेर टुङ्गियो, र मङ्सिर ५ गते सात राजनैतिक दल र नेकपा (माओवादी)बीच विस्तृत शान्ति सम्झौता भयो, जसले प्रभावकारी रूपले ११ वर्षे द्वन्द्वको अन्त्य गर्‍यो ।

यो सङ्क्रमणको चरणमा, प्रमुख कानुन कार्यान्वयन निकायका रूपमा नेपाल प्रहरीको महत्त्वपूर्ण भूमिकालाई अगाडि ल्याइएको छ, तर संस्थाका रूपमा यसले धेरै चुनौती सामना गर्नुपर्छ । प्रहरीको हत्या गरिएपछि वा उनीहरूलाई धम्की आएपछि द्वन्द्वका क्रममा १ हजार भन्दा बढी प्रहरी चौकी ध्वस्त वा परित्याग गरिए । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भए पनि नेपाल प्रहरीले आधारभूत संरचना र रकमको अभावलगायत असङ्ख्य व्यवधान एवं नेकपा (माओवादी)का अवरोधहरू सामना गरिरहेको छ । कात्तिक २२ को समयतालिकालाई उल्लेख गर्दै, नेकपा (माओवादी)ले केही क्षेत्रमा अन्तरिम सरकारभन्दा अघि प्रहरी चौकीहरू पुनर्स्थापनाको विरोध गरेको देखियो । पुसमा कम्तीमा दुईवटा घटनामा, पुनर्स्थापित प्रहरी चौकीमाथि आक्रमण भएपछि झडपहरू भए । नेकपा (माओवादी)का अध्यक्षद्वारा २०६३ पुस १९ गते प्रहरी चौकीहरूको पुनर्स्थापनालाई सघाउन कार्यकर्ता-हरूलाई दिइएको निर्देशनपछि यो प्रक्रियाले गति लियो । २०६३ माघ ३ सम्ममा, १ हजार १९ प्रहरी चौकी पुनर्स्थापना गरिए, तर केही क्षेत्रमा व्यवधानहरू बाँकी नै देखिए ।

ग्रामीण क्षेत्रमा प्रभावकारी प्रहरी अनुगमनको अभावमा युद्धविरामपछि तुरुन्तै एउटा प्रमुख चुनौती देखा पर्‍यो- एउटा शून्यता जुन बारबार प्राय: दुरुपयोगयुक्त समानान्तर 'कानुन कार्यान्वयन' गतिविधिहरू र नेकपा (माओवादी)का 'जनअदालत'ले भरिएको छ । प्रहरी र अदालतको कमजोरी तथा प्राय: अकर्मण्यता र कानुन व्यवस्था लागू गर्ने राज्यको क्षमतामा त्यसबाट भएको विश्वासको अभावले नेकपा (माओवादी)को 'कानुन कार्यान्वयन' गतिविधिहरू तथा 'जनअदालत'को विस्तारलाई सहज बनायो । यो सुरक्षा शुन्यता धेरै प्रकारले भरिने खतरा छ : समुदायहरूले आफ्नै हातमा 'न्याय' लिएर जुन घातक परिणामहरूसहितका कतिपय घटनामा भैसकेका छन्, नेकपा (माओवादी)को 'जनअदालत'को प्राय: दुर्व्यवहारयुक्त प्रणालीमार्फत्, आपराधिक तत्त्वहरू वा संगठित आपराधिक समूहहरूको शोषणमार्फत, जसमध्ये केहीलाई राजनैतिक रूपले परिचालन गरिएको हुनसक्छ, र केही भिजिलान्ते समूहहरूबाट ।

उच्चायुक्तको कार्यालयमा प्रतिवेदित लैङ्गिक हिंसासम्बन्धी एक सयभन्दा बढी घटनाको सानो सङ्ख्या छानबिनका लागि प्रहरीमा दर्ता गरियो, विशेषत: ती घटना जसमा सुरक्षाफौजका सदस्यहरू

**बाँकी पृष्ठ १७ मा**

# यात्रा साँघु पाठ्यक्रमको

पृष्ठ ३ बाट जारी

आएका छन्,' बागबजारस्थित इन्टेल इन्स्टिच्युटका निर्देशक उमेश थापाले आफ्नो संस्थाको विशेषता बताउँदै भने- 'इन्टेलले 'ब्रिजकोर्स' को क्षेत्रमा विशिष्ट पहिचान कायम गरिसकेको छ ।' उत्कृष्ट भनिएका केही कलेजको उदाहरण दिँदै थापा भन्छन्– त्यहाँको प्रवेश परीक्षामा इन्टेलबाट ब्रिजकोर्स लिएकाहरूको बाहुल्यताले यसलाई पुष्टि गर्छ । 'एसएलसी परीक्षा सकिएपछि फुर्सदको समय उपयोग गर्न आएको हुँ,' इन्टेलमै ब्रिजकोर्स गर्न आएका रिंकु अग्रवालले भने- 'लक्ष्यप्राप्तिका लागि राम्रो कलेजमा विज्ञान लिएर पढ्न सजिलो होस् भनेर एड्भान्स साइन्स कोर्स तथा प्रवेश परीक्षाको तयारी गर्ने योजना बनाएको हुँ ।'

सेन्टअप परीक्षामा राम्रो अंक ल्याएका विद्यार्थीहरूमा एसएलसीमा राम्रो अंक हासिल गरेर आफूले चाहेको विषयमा उच्च शिक्षा हासिल गर्ने इच्छा हुन्छ । क्याम्ब्रिज इन्स्टिच्युट नयाँ बानेश्वरमा भेटिएका शैलेस महर्जन र रश्मि ढकाल पनि भविश्यको आफ्नो सपना साकार गर्न कुनै व्यवधान नहोस् भनेर ब्रिजकोर्स गर्न आएको बताउँछन् । उनीहरूका अनुसार ब्रिजकोर्सले प्रवेश परीक्षाका लागि मात्र होइन, ११ को पाठ्यक्रमलाई समेत समेटेकाले कलेजमा हुने अन्यौल कम हुनेछ ।

एसएलसी परीक्षालगत्तै छापा तथा विद्युतीय सञ्चार माध्यममा ब्रिजकोर्सका लागि प्रशस्त विज्ञापन आउने गरेका छन् । 'ब्रिजकोर्सले उच्च शिक्षाका लागि मार्गदर्शन गर्ने भएकाले पनि यसको अध्ययन आवश्यक छ,' गत वर्षको प्रवेशिकामा छात्राहरूतर्फ उत्कृष्ट अञ्जना राजवंशीले अद्वैतमार्गस्थित पपुलर एजुकेसन फाउन्डेसन (पीईएफ) मा ब्रिजकोर्स लिएको अनुभव सुनाउँदै भनिन्- 'अझ गाम्रीण क्षेत्रका विद्यालयमा अध्ययन गरेकाहरूले यो पाठ्यक्रम अध्ययन गर्नु आवश्यक हुन्छ ।' अञ्जनाका अनुसार कक्षा १० मा नपढेका र ११ मा पढ्नुपर्ने धेरै कुराको जानकारी हासिल गर्न ब्रिजकोर्स सहायक हुन्छ । ब्रिजकोर्स गर्ने विद्यार्थीका लागि कक्षा ११ मा भर्ना भएपछिका अगाडिका कक्षाहरू नौला हुँदैनन् । यो कोर्सको अध्ययनले विद्यार्थीलाई उच्च शिक्षाका क्रममा गाह्रो विषय अध्ययन गर्न सक्ने-नसक्ने जानकारी पनि दिने भएकाले यसको अध्ययन आवश्यक भैसकेको पीईएफका शैक्षिक कार्यक्रम संयोजक जेएम सिल्भेस्टर बताउँछन् ।



परीक्षाफलपछि कुन विषय पढ्ने ? के पढ्दा भविष्य राम्रो होला ? कुन क्षेत्रमा बढी अवसर छ ? एसएलसी सकेर बसेका प्रायः विद्यार्थी यो समस्याबाट पिरोलिइरहेका हुन्छन् । यस्तो अन्यौल हटाउन पनि ब्रिजकोर्स सहायक छ, आइसका निर्देशक विनोद दाहाल भन्छन्- 'हामी कोर्ससँगै राजधानीका २५ वटा उत्कृष्ट प्लस टु कलेजको भौतिक एवं शैक्षिक वातावरणका बारेमा विद्यार्थीलाई स्थलगत भ्रमण गराउँछौं ।'

अल्फा-बिटा इन्स्टिच्युटका प्रबन्ध निर्देशक द्विराज शर्माका अनुसार एसएलसी सकिएपछि परीक्षाफल आउन लाग्ने तीन महिनाभन्दा लामो अवधिमा अढाई महिने ब्रिजकोर्समार्फत विद्यार्थीले विद्यालय तथा कलेज जीवनको ग्याप हटाउन सक्छन् । एसएलसीपछिको उच्च शिक्षाको यात्राका लागि बीचमा पुलको आवश्यकता देखेर एड्भान्स कोर्सलाई सबैभन्दा पहिले प्रारम्भ गरेको बताउँदै आएको अल्फाबिटा इन्स्टिच्युटले विद्यार्थीलाई आवश्यक परामर्श पनि उपलब्ध गराउँदै आएको छ ।

एकातर्फ परिवारको उच्च महत्त्वाकांक्षा, अर्कातर्फ विद्यार्थीको आफ्नो रुचि, यस्तो समयमा विद्यार्थीहरू आफैं निर्णय लिन सक्दैनन् । यो समस्यालाई राम्रोसँग बुझेका इन्स्टिच्युटहरूले ब्रिजकोर्सलाई उच्च शिक्षाका लागि शैक्षिक परामर्श दिने थलो पनि बनाएका छन् । क्याम्ब्रिजका प्रमुख लोक भण्डारीका अनुसार ब्रिजकोर्समा विद्यालय तथा कलेज दुवै स्थानको वातावरणलाई राम्रोसँग बुझेका शिक्षकहरूले विद्यार्थीको रुचिअनुसारको शिक्षा दिने भएकाले यसको अपरिहार्यता बढेको हो ।

राम्रा कलेजहरूको प्रवेश परीक्षाको प्रणालीसम्बन्धी जानकारी दिनु ब्रिजकोर्सको पहिलो प्राथमिकता हो । ब्रिजकोर्समा विद्यार्थीहरूले आफ्नो रुचिअनुसार विज्ञान, व्यवस्थापन, ए लेभल, स्टाफ नर्सजस्ता प्राविधिक विषयमा उच्च शिक्षा लिन कहाँबाट कस्तो तयारी गर्नुपर्छ भन्ने जानकारी पाउँछन् । 'यसरी जानकारी बटुलेपछि उनीहरूले प्रवेश परीक्षाको राम्रो अभ्यास गर्न सक्छन्,' एससीआईका निर्देशक अरुण कँडेल भन्छन्- 'ब्रिजकोर्स गरेका अधिकांश विद्यार्थीले आफूले इच्छाएको कलेजमा रुचिको विषयमा अध्ययन गर्न पाएका छन् ।'

ब्रिजकोर्स अध्ययन गर्न चाहने प्रायः विद्यार्थी विज्ञान लिएर उच्च शिक्षा हासिल गर्न चाहन्छन् । सेन्टअप परीक्षामा प्रथम श्रेणीमा आएकाहरूलाई इन्स्टिच्युटहरूले नै उच्च शिक्षाका क्रममा विज्ञान नै पढ्ने सल्लाह दिन्छन् । पछिल्लो अवधिमा व्यवस्थापन संकायमा उच्च शिक्षा लिन आउनेहरू पनि बढेका छन् । १५ प्रतिशत विद्यार्थीले व्यवस्थापन संकायको एड्भान्स कोर्स गर्छन् । त्यसैगरी उच्च शिक्षामा विज्ञान लिएर अध्ययन गर्ने ४५ देखि ६० प्रतिशतले मात्र नियमित रूपमा अध्ययन पूरा गरेका छन्, जबकि प्रायः सबैले एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन्छन् । इन्स्टिच्युटले प्रवेश परीक्षाको तयारीसँगै एड्भान्स कोर्स पनि उपलब्ध गराएका हुन्छन् । एड्भान्स कोर्सअन्तर्गत एघार तथा प्रवीणता प्रमाणपत्र तह पहिलो वर्षका आवश्यक पाठ्यक्रममा पनि अध्यापन गराइन्छ । एकेडेमी अफ क्रिएटिभ टिचिङ (एसिटी) नयाँ बानेश्वरका निर्देशक चेतनारायण पन्थी भन्छन्- 'पहिलो वर्षको ३५ देखि ४५ प्रतिशत कोर्स ब्रिजकोर्समै उपलब्ध हुन्छ ।'

| नाम | ठेगाना | सम्पर्क |
|---|---|---|
| पपुलर एजुकेसन फाउन्डेसन | अद्वैतमार्ग | ४२४०६७४/४२४८५५७ |
| निम्बल इन्स्टिच्युट | बागबजार | ४२४१४५४ |
| इन्टेल इन्स्टिच्युट | बागबजार | ४२४३९४४/४२४९०९० |
| एससीआई | पुतलीसडक | ४२४५२८७/४२६७७१७ |
| अल्फाबिटा इन्स्टिच्युट | नयाँ बानेश्वर | ४७८३८७१/४७८०१२३ |
| बूढानीलकण्ठ इन्टरनेसनल एकेडेमी | नयाँ बानेश्वर | ४७८५१४०/२०५०४३९ |
| एकेडेमी अफ क्रिएटिभ टिचिङ | नयाँ बानेश्वर | २०४१२३३ |
| आइस इन्स्टिच्युट | बागबजार | ४२३८०६२ |
| सेन्टजेभियर इन्स्टिच्युट | बागबजार | ४२४२५६८ |
| क्याम्ब्रिज इन्स्टिच्युट | नयाँ बानेश्वर | ४७८५३२४ |

इन्स्टिच्युटहरूले पनि सेन्टअपमा न्यूनतम् प्रथम श्रेणीमा उत्तीर्ण विद्यार्थीहरूलाई मात्र ब्रिजकोर्स लिन सल्लाह दिने गरेको बताए । यसबाट उनीहरूले सामान्य विद्यार्थीलाई उपेक्षा गरेको देखिन्छ । राम्रा विद्यार्थीले विज्ञान विषयमा उच्च शिक्षाको जानकारी लिन चाहने भएकाले सामान्य विद्यार्थीलाई महत्त्व नदिएको हुनसक्ने अल्फा-बिटाका निर्देशक शर्मा बताउँछन् ।

धेरै इन्स्टिच्युटले ब्रिजकोर्स सञ्चालनका लागि आफ्नै पाठ्यक्रम तयार पारेका छन् । इन्स्टिच्युटहरूले पुस्तक, सिडी तथा अन्य सामग्रीको सहायताले अध्यापन गराइने बताए । इन्टेलका उमेश थापाका अनुसार उनको इन्स्टिच्युटले विद्यार्थीको सहजताका लागि पाठ्यक्रम मात्र होइन, पुस्तक नै तयार गरेको छ । राजधानीमै सञ्चालित कतिपय इन्स्टिच्युटले पूर्व तयारीविना नै विद्यार्थीलाई १० साता अलमल्याउने गरेको पनि पाइन्छ । एसईआईका अरुण कँडेल भन्छन्- 'त्यसैले पनि विद्यार्थी आफैंले इन्स्टिच्युटको स्तर एवं पाठ्यक्रम राम्रोसँग बुझेर मात्र कोर्स गर्न जानुपर्छ ।'

ब्रिजकोर्सको अध्ययनअन्तर्गत प्रवेश परीक्षाको तयारीका लागि दुई हजार देखि तीन हजार रुपैयाँ शुल्क तिर्नुपर्छ भने एडभान्स कोर्सका लागि ४ हजार देखि ७ हजारसम्म शुल्क तोकिएको छ । सेन्टजेभियर इन्स्टिच्युट बागबजारका निर्देशक किरण खड्काका अनुसार ब्रिजकोर्स नाफामूलक उद्देश्यले भन्दा पनि विद्यार्थीको सहयोगमा केन्द्रित छ । कसै-कसैले यसलाई मुनाफाको व्यवसाय मानेका छन् भने तिनीहरूलाई विद्यार्थीले चिन्न सक्नुपर्छ । क्याम्ब्रिजका लोक भण्डारी भन्छन्- 'राम्रा इन्स्टिच्युटले छात्रवृत्ति र छुटको व्यवस्था मात्र नभै अतिरिक्त क्रियाकलापमा पनि त्यत्तिकै अवसर उपलब्ध गराएका हुन्छन् ।'

**– विदुर**

## ब्रिजकोर्सको इतिहास

विद्यालयको अन्तिम खुड्किलो एसएलसी र क्याम्पस प्रवेशबीचको सहज यात्राका निम्ति ब्रिजकोर्स अर्थात् साँघु पाठ्यक्रमको प्रारम्भिक इतिहास कसरी सुरु भयो स्पष्ट हुन सकेको छैन्, तर बजारमा धेरै इन्स्टिच्युटले आफ्नो पहिचानलाई पुरानो र अनुभवी भनेर प्रस्ट्याउने गरेका छन् । डेढ दशकअघि प्रारम्भमा विज्ञान लिएर उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीलाई आईएस्सीको कक्षा लिन जाँदा गाह्रो नलागोस् भनेर 'ट्युसन' को कन्सेप्ट आएको थियो । केही इन्स्टिच्युटले ट्युसन, प्रि-आईएस्सी नाममा अहिलेको ब्रिजकोर्सको जस्तै कोर्स उपलब्ध गराउँथे । त्यसैलाई पछि 'एड्भान्स कोर्स' को नाम दिइयो । अहिलेका अल्फाबिटा र एसईआई इन्स्टिच्युटले साँघु पाठ्यक्रमको आधारशिला निर्माण गरेका हुन् । त्यसो त यी दुवै संस्थाले आफू पहिलो भएको दाबी पनि गर्दै आएका छन् । एसईआईका निर्देशक अरुण कँडेलका अनुसार एसईआईले १६ वर्षदेखि यो पाठ्यक्रम गराउँदै आएको छ, त्यसकारण पनि कसले प्रारम्भ गरेको विवाद गर्नु आवश्यक छैन् । यता अल्फाबिटाका निर्देशक द्विराज शर्मा डकुमेन्टहरूलाई आधार बनाएर भन्छन्- अल्फाबिटा एड्भान्स कोर्सको क्षेत्रमा पायोनियर भैसकेको छ । हामीसँग भएका डकुमेन्टले पनि को अगाडि छ भन्ने कुरा प्रस्ट गर्ने भएकाले कसैलाई द्विविधा भए प्रस्ट्याउन तयार छौं ।'


सुखी स्वस्थ जीवनको लागि
सेवाको १३ वर्ष
पपुलर आयुर्वेद औषधालय

प्राइभेट
TEST/SLC मा
विगतका वर्षमा 100% नै विद्यार्थी पास गराउन सफल
सम्भवत उपत्यकाकै एक मात्र सर्वोत्कृष्ट यस एकेडेमीमा
नयाँ भर्ना खुल्यो
सम्पर्क कोलम्बिया एकेडेमी

ADMISSION OPEN
LEMS School
पुल्चोक, ललितपुर
कक्षा नर्सरीदेखि कक्षा ...सम्म आवासीय तथा दिवा कक्षाहरूमा भर्ना खुल्यो ।
सिधा सम्पर्क Ph.5527345
Limited Seats Only. Hurry up!
आवासीय विद्यार्थीहरूलाई विशेष छुट

संविधान सभा भनेको जनताले आफूलाई शासन गर्ने विधान आफ्नैद्वारा चुनिएका प्रतिनिधीहरुद्वारा निर्माण गरिने पद्धति हो ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# एसएलसीपछि कता ?



कविता पराजुली

एसएलसी भर्खरै सकेका विद्यार्थीहरूको ध्यान ब्रिजकोर्सका लागि रँगिएका पत्रपत्रिका, टिभी-रेडियो तथा होडिङ बोर्डका विज्ञापनले तानिसकेको छ। सेन्टअपको रिजल्टलाई आधार बनाएर उत्कृष्ट विद्यार्थीहरूको तस्बिर र प्रतिशतसहित विज्ञापन छापिएपछि किशोर-किशोरीहरूको मन नलोभिने कुरै भएन। धेरै निजी विद्यालयको एसएलसी नतिजा शतप्रतिशत आउने भएपछि ब्रिजकोर्स सञ्चालनमा अझ सजिलो भएको पाइएको छ। एसएलसीपछिको खाली समयमा धेरै किशोरकिशोरी गलत बाटोमा लाग्ने सम्भावनालाई ब्रिजकोर्सको अवधारणाले घटाइदिएको छ, जुन अत्यन्त सकारात्मक पक्ष हो। ब्रिजकोर्सका नाममा बढी व्यापारीकरण भयो भन्ने एकाध गुनासाबाहेक समग्रमा ब्रिजकोर्सलाई राम्रै मान्नुपर्ने हुन्छ। यद्यपि उल्लेख्य पक्ष के हो भने ब्रिजकोर्समा भर्ना हुनुअघि विद्यार्थीले आ□नो रुचिको क्षेत्र निर्धारण गर्नुपर्छ र त्यसका लागि परामर्शदाताको सहयोग लिन सकिन्छ।

केही वर्षअघिसम्म रुचि भए पनि नभए पनि विज्ञान संकायमा भर्ना हुनैपर्ने संस्कृति रहेकोमा हिजोआज यो धारणामा परिवर्तन आएको छ। अभिभावकहरूले पनि पहिलेजस्तो दबाव नदिई उदारता देखाउन थालेका छन् र इच्छानुसारको विषय रोज्न सहज हुन थालेको छ। यो संस्कृति सहर-बजारमाजत्तिकै गाउँघरमा पनि देखिनु आवश्यक छ। किनकि आज पनि गाउँतिरका स्कुल टपरहरू इच्छा नहुँदा-नहुँदै पनि शिक्षक तथा अभिभावकको दबाबमा विषय रोज्न बाध्य छन्।

किशोरावस्था जीवनको अत्यन्त महत्त्वपूर्ण अवस्था हो। त्यसैले किशोरकिशोरीहरूको विकासलाई सकारात्मक दिशातर्फ निर्देशित गर्न उचित शिक्षादीक्षा एवं सकारात्मक मनोवैज्ञानिक मार्गनिर्देशनको आवश्यकता पर्छ। हुर्कँदो उमेरका युवाहरू प्रायः गरी यो संसारमा वरिपरि भएका थुप्रै कुराप्रति आकर्षित भै आफूले जान्नुपर्ने विषयभन्दा अरू विषयमा अलमलिएर आ□नो समय तथा क्षमता खेर फाल्छन्, जसले गर्दा स्कुल तथा क्याम्पसको अध्ययनमा ह्रास आउनुका साथै असफलता हात लाग्नसक्छ। त्यसमा अरू कुरा पनि थपिएपछि अध्ययनमा अझ बढी समस्या पर्न थाल्छ। कसैलाई पढाइप्रति रुचि हराउँदै जान्छ, कसैले कसरी पढ्ने र कसरी परीक्षा दिने जानेका हुँदैनन्, कोही नियमित रूपमा कक्षामा उपस्थित हुँदैनन् भने अरू केही नकारात्मक क्रियाकलापमा लाग्न पुग्छन्। एउटा असल मार्गनिर्देशन कार्यक्रमले यस्ता समस्याहरू समाधान गरी विकृति बढ्न दिँदैन। अर्कातर्फ विद्यार्थीहरूलाई उनीहरूको अवस्था जानकारी गराई समस्या समाधान गर्न र अघि बढ्न मद्दत पुर्‍याउँछ।

एसएलसीपछि के पढ्ने वा के गर्ने भन्ने कुरा विद्यार्थीहरूका लागि जटिल प्रश्न हो। यस सम्बन्धमा स्कुल तथा कलेजले कुनै ध्यान पुर्‍याएको देखिँदैन, तर उनीहरूले सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने वा पर्ने क्षेत्र मार्गनिर्देशन नै हो। यस प्रकारको समस्यामा परेका विद्यार्थीहरूलाई मार्गनिर्देशन दिने सल्लाहकारले उनीहरूले भविष्यमा के पढ्न अथवा गर्न चाहन्छन्, जानकारी उपलब्ध गराउन सक्छ। अहिले एसएलसी सकेर बसेका विद्यार्थीहरूलाई तिमी के बन्न चाहन्छौ भनेर सोध्ने हो भने नब्बे प्रतिशतभन्दा बढीले थाहा छैन अथवा जे पाइन्छ त्यही पढौंला, अहिले निश्चित छैन भन्ने जवाफ दिन्छन्। यसबाट उनीहरूलाई आ□नो क्षमता र रुचिका विषयमा जानकारी नभएको प्रस्ट हुन्छ। एउटा कुशल मार्गनिर्देशकले विद्यार्थीको क्षमता, रुचि, बौद्धिक स्तर आदि पत्ता लगाई त्यसका आधारमा अघि बढ्न सल्लाह दिन्छन्। यसैगरी धेरै धन र मान कमाउने लोभमा अभिभावकहरू छोराछोरीको बौद्धिक क्षमता एवं उनीहरूको रुचीबिनाको विषय पढ्न र काम गर्न कर गर्न सक्छन्। यसले उनीहरूलाई झन् ठूलो समस्यामा पुर्‍याउन सक्छ। किनभने क्षमता र रुचिबिनाको विषय पढ्नु वा कार्य गर्नु ज्यादै कठिन र दिक्कलाग्दो हुन्छ।

एसएलसी सकेर बसेका विद्यार्थीहरूले सही मार्गनिर्देशनका लागि परामर्शदाताहरूसँग भेट्नु उत्तम हुन्छ। किनकि विद्वान् अरबुकलले भनेझैं– परामर्श व्यक्तिलाई मद्दत गर्ने कार्य हो, जसद्वारा व्यक्तिले ऊ स्वयं को हो, ऊसँग के छ, के छैन, उसले के गर्न सक्छ, के गर्न सक्दैन जान्न सक्छ।

–काठमाडौं शिक्षा क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं



एसएलसी सकिएपछि के गर्ने ? अलमलिने प्रश्न हो यो, तर एकान्तमा बसेर सोच्नुहोस्। यसरी सोच्दा भविष्यको खाका पनि तयार गर्न सकिन्छ। आफूलाई रुचि र मन लागेको विषयमा उच्च शिक्षा हासिल गर्ने योजना यसबाट तय गर्न सकिन्छ। विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षा संकायमध्ये रुचि भएको र राम्रो गर्न सक्छु भन्ने लागेको विषयमा योजना तयार गर्नुपर्छ। परिवारको चाहनाभन्दा आफूले अध्ययन गर्नसक्ने विषयमा योजना निर्माण गर्नु आवश्यक हुन्छ। एसएलसीपछि प्लस टु तथा प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रम अध्ययनका लागि प्लस टु तथा प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रमबारे जानकारी राख्न सहयोग गर्छ ब्रिजकोर्सले। केही वर्षयता सहरी क्षेत्रमा एसएलसी र प्रवीणता प्रमाणपत्र तहबीचको 'ग्याप' हटाउन ब्रिजकोर्स गर्ने चलन बढेको छ। यदि तपाईं पनि के पढ्ने भनेर अलमलिनुभएको छ भने ब्रिजकोर्सका लागि खुलेका इन्स्टिच्युटहरूमार्फत परामर्श तथा ग्याप हटाउने सहयोगी कक्षा लिन सक्नुहुन्छ। राम्रो इन्स्टिच्युट रोजेर एसएलसी सकेका विद्यार्थीले बीचको ग्याप परिपूर्ति गर्न सक्छन्। ब्रिजकोर्स भनेकै विद्यालय र कलेजबीचको पुल हो। यसले त्योबीचको यात्रालाई सहज बनाउने शिक्षाविद्हरू बताउँछन्। 'विद्यालय वारि छ, कलेज पारि छ, यसबीचमा तपाईंले सहज यात्रा गर्नु छ भने ब्रिजकोर्स गर्नु आवश्यक छ,' राजधानीमा ब्रिजकोर्सका लागि इन्स्टिच्युट चलाउँदै आएका एक परामर्शदाता भन्छन्- 'एकैपटक माथिल्लो कक्षामा अध्ययन गर्न जाँदा आउने मानसिक दबाबलाई ब्रिजकोर्सले हटाउन सहयोग गर्छ। ब्रीजकोर्सको अध्ययनमा विद्यालय अध्ययनबाट जानेको कुराका आधारमा उच्च शिक्षाका लागि आवश्यक पर्ने जानकारी दिइन्छ। यसको अर्थ उच्च शिक्षाका लागि ब्रिजकोर्स गर्नैपर्छ भन्ने होइन। ब्रिजकोर्स उच्चशिक्षाको अध्ययनका लागि सहायक बन्न सक्छ। ब्रिजकोर्सले फुर्सदको समयमा मनोरञ्जन मात्र गर्ने वा समय खेर फ्याल्ने प्रवृत्तिलाई रोक्न सहयोग पुर्‍याउँछ। बिहान वा बेलुका केही समय अध्ययन गरिरहने बानीको विकास भए भविष्यमा पनि (उच्च शिक्षाका क्रममा) पढ्न अल्छि लाग्दैन।

ब्रिजकोर्सको अध्ययन पाठ्यक्रम स्पष्ट निर्धारण नभएकाले हरेक इन्स्टिच्युटले आ-आफ्नै शैलीमा शिक्षा दिँदै आएका छन्, तर सबै एउटै कुरामा केन्द्रित भएका हुन्छन्, त्यो हो– प्रवेशिका सकेका विद्यार्थीलाई कलेजसम्मको यात्रा सहज बनाउनु। विद्यार्थीले पनि इन्स्टिच्युटमा आफूले खोजेको विषयको अध्यापन गराइन्छ, गराइँदैन जानकारी लिनुपर्छ।

Anchor बन्ने होईन त ?
कान्तिपुर FM का वरिष्ठ उद्घोषक हेम श्रेष्ठद्वारा
Now CBTC
इजरायल
हिब्रु भाषा
हिब्रु भाषा, केयरगिभर, House Keeping, नर्सिङ र अंग्रेजी भाषा
कोलम्बिया एकेडेमी
सुवर्ण अवसर ! सुवर्ण अवसर !
जन स्वास्थ्य विकास केन्द्र
2337004, 9803028046
होटल तालिम
Language
कोरियन, जापनिज, हिब्रु र अंग्रेजी भाषा
Tution:
SLC, +2, Bachelor
(All Level All Subjects)
Private Test / SLC
कामना इन्स्टिच्युट कोटेश्वर
4601878, 4600335

# वास्ता नगरिएको विज्ञान क्षेत्र

विज्ञानको क्षेत्रमा यो वर्ष नेपालमा के-के भए ? सामान्य मानिसका आँखाले हेर्दा सायद केही पनि देखिँदैन । नेपालमा कुनै नयाँ यन्त्र अथवा कुनै नयाँ सिद्धान्तको आविष्कार गर्ने आशा पनि हामीले कमै गर्न सक्छौं । वैज्ञानिक सोध-अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत-साधनको कमी त यहाँ छँदैछ, भएका र गर्न चाहने दक्ष व्यक्तिहरू पनि विविध कारणले यस्तो कार्यबाट पलायन भएको गुनासो पनि समय-समयमा सुन्न पाइन्छ, तर पनि सानो वा ठूलो जस्तो भए पनि केही उपलब्धिहरूको दृष्टान्त भने पाउन सकिन्छ ।

नेपालमा कृषिसम्बन्धी अनुसन्धान एवं प्रविधि विकास गर्ने काम कृषि अनुसन्धान परिषद् (नार्क)ले गर्छ । लगातार रूपमा बढिरहेको जनसंख्यालाई कसरी भैइरहेका जमिनबाट खाना पुऱ्याउने चुनौती नेपालमा छ । यही कार्यमा पहल गरिरहेको नार्कले यो वर्ष पनि केही प्रविधिको विकास गऱ्यो । रेन्बो ट्राउट माछाको भुरा उत्पादन कार्यलाई खेतीकै रूपमा विकास गर्ने काम भएको छ । यसका लागि नुवाकोट र त्रिशूलीमा प्रयोगशाला नै स्थापना गरिएको छ । यो वर्ष नै नार्कले धानका ८ वटा नयाँ जात सिफारिस गऱ्यो । ती नयाँ जातका नाम पनि रोचक छन् । लोकतन्त्र, राम, मिथिला, वर्षे ३००४, पोखरेली जेठोबूढो र खुमल ती आठ नयाँ जात हुन् । त्यसैगरी देउती र सितला नामक मकै तथा पूजा नामक भटमासका नयाँ जात सिफारिस गरिएका छन् । कृषिकार्यलाई सरल बनाउन विभिन्न यन्त्रको निर्माण पनि यसै वर्ष गरियो । मकै रोप्ने ज्याब्स सिडर, कोदो चुट्ने र फल्ने थ्रेसिङ एन्ड पर्लिङ मेसिन आदि केही उल्लेख्य यन्त्र हुन् ।



यसबाहेक गाई, बाखा, बंगुर आदिमा कृत्रिम गर्भाधान गराउन पनि नार्क यसै वर्ष सफल भयो । यस प्रकारको गर्भाधानबाट जन्मिएका जनावरका पाठापाठीहरू अहिलेसम्म पनि सबैको आकर्षणको केन्द्र बनेका छन् ।

वर्षको प्रारम्भमै नेपाली स्वास्थ्य क्षेत्रको इतिहासमा सबैभन्दा पहिलो पटक कुनै बिरामीको शरीरमा पेसमेकर उपकरण जडान गरियो । जनआन्दोलनका घाइते विष्णुलाल महर्जनको शरीरमा उक्त उपकरण राखिएको थियो । उनको पेटमा रहेको डायफ्राम नामक अंगले काम गर्न सकेको थिएन । यो अवस्थामा उनलाई महँगो भेन्टिलेटरमा राखेर श्वास-प्रश्वास गराइएको थियो । मोडल अस्पतालका शल्यचिकित्सक डा. वसन्त पन्त तथा जापानका चिकित्सक ताकाहोमी तायरा आदिको टोलीले उक्त कार्य सम्पन्न गरेको थियो ।

पेट्रोलियम पदार्थ महँगो त छँदैछ, समय-समयमा विभिन्न कारणले यसको अभावसमेत झेल्नुपरिरहन्छ । यो अवस्थामा अन्य वैकल्पिक इन्धनको विकास हुनु निकै उत्साहप्रद समाचार हो । यो वर्ष नेपालमा उक्त कार्यमा सफलता प्राप्त भयो । यो कार्यमा निजी क्षेत्रसमेत सफल भयो । त्रिभुवन विश्वविद्यालयको व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट) ले २०५६ सालदेखि सजीवनको तेल परीक्षण गरिरहेको थियो । उक्त परीक्षणले यसै वर्ष सफलता प्राप्त गऱ्यो । उक्त तेल प्रयोग गरेर ८ सय घण्टा गाडी चलाइयो । अनुसन्धानमा संलग्न डा. सुशील बज्राचार्यका अनुसार यो तेललाई मट्टीतेलको विकल्पका रूपमा पनि प्रयोग गर्न सकिन्छ । यसबाट खाना पकाउन र टुकी बाल्न पनि सकिन्छ, तर पनि यो बिरुवा रोपेर फैलाउनुपर्ने चुनौती भने छँदैछ ।

रूपन्देही शंकरनगरमा रहेको गुप्ता नर्सरीले नेपालमा पहिलो पटक सजीवनको व्यवसायिक खेती प्रारम्भ गऱ्यो । यसै कार्यका लागि तनहुँ र चितवन जिल्लामा यसको खेती प्रारम्भ भएको छ । सजीवन पेल्ने मिलसमेत स्थापना गरिएका छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) ले वैज्ञानिक क्षेत्रका उपलब्धिहरूलाई विकास एवं संस्थागत गर्ने काम गर्छ, तर यसले केही आधिकारिक र नयाँ कार्यहरू भनी नेपाली जनजीवनलाई सहयोग पुग्ने खालका उल्लेख्य कार्य यो वर्ष गरेन । त्यहाँबाट विभिन्न पुरस्कार वितरण गर्ने र नियमित कार्यहरू मात्र गरियो । कम इन्धन लाग्ने चुलो तथा सोलार इनर्जीजस्ता विभिन्न परियोजनामा नास्टले सहयोग गरिरहेको छ । त्यसैगरी विभिन्न कलेज तथा शैक्षिक संस्थाहरूले यो वर्ष पनि विज्ञान प्रविधि सम्बद्ध प्रदर्शनी एवं प्रतियोगिता आयोजित गरे । ती क्रियाकलापबाट यो क्षेत्रलाई निकै टेवा पुग्यो । यस्ता कार्यमा पनि नास्टको सहयोग र संलग्नता रह्यो, तर पनि यतिलाई नै उपलब्धि मान्न सकिने अवस्था छैन ।


नयाँ नेपाल निर्माणको शब्द सबैको मुखमा झुन्डिएको छ । यो अवस्थामा विज्ञान क्षेत्र पनि अछुतो रहन सक्दैन । यसै कुरालाई औंल्याउँछन् नास्टका पूर्व उपकुलपति डा. दयानन्द बज्राचार्य । मुलुकमा वैज्ञानिक विकासलगायत आर्थिक विकासका लागि लगानीले ठूलो भूमिका खेलेको हुन्छ, तसर्थ कुल गार्हस्थ्य उत्पादनको कम्तीमा पनि एकदेखि डेढ प्रतिशतसम्म विज्ञान तथा प्रविधिको क्षेत्रमा लगानी गर्नुपर्छ भन्ने उनको माग छ । यो क्षेत्रको विकासका लागि राजनैतिक प्रतिबद्धता पनि चाहिन्छ । यसका लागि प्रतिनिधिसभामा विज्ञान तथा प्रविधि समिति गठन गर्नुपर्छ अनि मात्र सबैको ध्यान यसमा जान्छ, –बज्राचार्यको मान्यता छ ।

कृषि अनुसन्धान परिषद् (नार्क) का सञ्चार तथा अभिलेख महाशाखाका प्रमुख डा. भोलामानसिं बस्नेतको पनि यही गुनासो छ । कृषिक्षेत्रको विकासमा ध्यान नदिए देशको आर्थिक विकास नै अवरुद्ध हुन्छ । यो अवस्थामा स्रोत-साधन कमी भएको अवस्थामा पनि नार्कले कृषिक्षेत्रमा विभिन्न उल्लेख्य कार्य गरेको उनको दावी छ, तर पनि यो उपलब्धिलाई नेपाली कृषकवीचमा पुऱ्याउने र त्यसको सदुपयोगतर्फ ध्यान दिन नसकिएको उनले स्वीकार गरेका छन् ।

**एकराज सुवेदी**

## जन्मदिनको शुभकामना




निज्ञा उदास
२०६२ वैशाख ७


परिवेश उप्रेती
२०५६ वैशाख ८


बबिना आले
२०६२ वैशाख ८


रेशिका थापा
२०५७ वैशाख ९


दिपिन बराल
२०५५ वैशाख ९


प्रकृति थापा
२०६१ वैशाख १०



आर्य श्रेष्ठ
२०६३ वैशाख १०


गौरव रिमाल
२०५६ वैशाख ११


अर्पित अधिकारी
२०६० वैशाख ११



अर्पण अधिकारी
२०६० वैशाख ११


त्रिवेणी बस्नेत
२०५८ वैशाख ११


रेशु श्रेष्ठ
२०५९ वैशाख १२


कृतज्ञ उप्रेती
२०६१ वैशाख १३


श्रीजल शाक्य
२०५६ वैशाख ७






जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..................................................

स्कुल :..................................................

ठेगाना : ..................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।



# वर्षका चर्चित अनुहारहरू

**गत वर्ष नेपाली राजनीति तथा समाजमा असामान्य परिवर्तनहरू आए । कतिपयले यसलाई समयको माग भने पनि समयलाई डोऱ्याउन सयौं व्यक्तिले नेतृत्व दिए । यसरी नेतृत्व प्रदान गर्नेहरूमा राजनीतिक शीर्ष नेताहरू मात्र थिएनन्, समाजका अगुवाहरू पनि थिए । यो ठूलो समूहबाट केही व्यक्ति छान्नु आफैंमा निकै गाह्रो काम हो । तीमध्ये यी नेतृत्वकर्ता नभएका भए सायद ती परिवर्तनहरू सम्भव थिएनन् की ?**

**गिरिजाप्रसाद कोइराला**
**प्रधानमन्त्री**



गिरिजाप्रसाद कोइराला जनआन्दोलन-२ मा सात दल मात्र होइन, प्रतिबन्धित अवस्थामा रहेको नेकपा (माओवादी) का पनि विकल्पहीन नेताका रूपमा स्थापित थिए । उनकै नेतृत्वमा जनआन्दोलन-२ सम्पन्न भयो । प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा अडिग रहेका कोइराला अन्ततः आफ्नो लक्ष्यमा पुगेरै छाडे । जनआन्दोलन-२ पछि पाँचौं पटक प्रधानमन्त्री बनेका कोइरालाले १० वर्ष हिंसात्मक राजनीतिमा संलग्न नेकपा (माओवादी) लाई राजनीतिको मूलधारमा ल्याए । कांग्रेसको एकीकरण तथा संविधानसभामार्फत नेपालमा स्थायी शान्तिको लक्ष्य लिएर अगाडि बढेका प्रधानमन्त्री कोइराला यतिखेर अन्तरिम सरकारका प्रधानमन्त्री छन् । अन्तरिम सरकार गठनपछि उनी छैटौं पटक प्रधानमन्त्री नियुक्त भएका हुन् । विश्वलाई नै आश्चर्यचकित पार्ने आन्दोलनको नेतृत्व गर्ने तथा हिंसात्मक राजनीति गरिरहेको समूहलाई मूल राजनीतिमा ल्याउने काम गरेपछि उनी विश्व समुदायमै आदरणीय नेताका रूपमा स्थापित भएका छन् ।



**प्रचण्ड**
**अध्यक्ष, नेकपा (माओवादी)**

दीर्घकालीन 'जनयुद्ध'को नारा लिएर हिंसात्मक राजनीति गरिरहेको नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड आफ्नो दललाई सफलतापूर्वक नेतृत्व गरेका कारण मात्र चर्चामा आएका होइनन् । समयअनुसार कम्युनिस्ट नीतिलाई परिवर्तन गर्न सक्ने क्षमताका कारण पनि उनी चर्चामा छन् । दुई पटकसम्म रणनीतिक उद्देश्यका साथ वार्तामा बसेको नेकपा (माओवादी) ले तेस्रो पटकको वार्तालाई कार्यनैतिक उद्देश्यमा परिणत गर्नु उनको सुझबुझयुक्त नीति थियो । आफ्नो २५ वर्षे भूमिगत राजनीतिमा एकपटक पनि पक्राउ नपरेका प्रचण्ड यसैवर्ष सार्वजनिक भएका कारण पनि आममानिसका लागि ठूलो चासोका पात्र थिए । पहिलो पटक बालुवाटारमा सार्वजनिक हुनेबित्तिकै सेनाका बारेमा विवादास्पद टिप्पणी गरेर आफ्नो वजन घटाएका प्रचण्डले त्यसयता धेरै पटक आफ्नो व्यक्तित्वको तुलनामा हलुका टिप्पणी पनि गरेका छन् । अन्तरिम संसद् तथा सरकारमा तेस्रो ठूलो दलका रूपमा स्थापित नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको व्यक्तित्व यस वर्ष शीर्ष स्थानमा रह्यो ।

**आप्पा शेर्पा**
**पर्वतारोही**

सोह्र पटक विश्वको सर्वोच्च शिखर सगरमाथामा पाइला टेकेर तीन पटकसम्म गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गराएका आप्पा शेर्पा सत्रौं पटक सगरमाथा आरोहण गर्ने घोषणा गरेपछि चर्चामा आएका छन् । नेपालमा बसेर आफ्ना छोराछोरीको भविष्य बनाउन नसक्ने ठहर गर्दै गत वर्ष अमेरिका पुगेका आप्पाले अमेरिकामा पर्वतारोहणसम्बन्धी विद्यालयमा शिक्षकका रूपमा जागिर पाएका छन् । अहिले आफूले सिकाएका विद्यार्थीकै नेतृत्व गरी सगरमाथा चढ्ने लक्ष्यका साथ नेपाल आइपुगेका अप्पाले चौथो पटक गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गराउन आफू इच्छुक भएको बताए ।

**जेम्स एफ मोरियार्टी**
**नेपालका लागि अमेरिकी राजदूत**

नेपालका राजनैतिक दलका नेतालाई मात्र होइन, नागरिक समाजका अगुवाहरूलाई पनि अमेरिकी अर्ती-बुद्धि दिने काममा अगाडि रहेका जेम्स एफ मोरियार्टी गत वर्षभरि छापामा आइरहे । नेकपा (माओवादी) का सबैखाले अतिवादलाई खुलेर आलोचना गर्ने मोरियार्टीले शान्ति व्यवस्थापनका प्रत्येक खुट्किलोमा सक्दो सहयोग पनि गरे ।

**डा. सन्दुक रुइत, स्वास्थ्यकर्मी**

आँखा उपचारका लागि विश्वभरि नाम कमाउन सफल डा. सन्दुक रुइतले यसपटक एसियाको नोवेल पुरस्कार मानिने म्यागासासे पुरस्कार प्राप्त गरे । यसै वर्ष उनलाई भारत, बंगलादेश तथा अस्ट्रेलियाले स्वास्थ्यसेवामा ठूलो योगदान गरेको भन्दै सम्मान गरियो । जापानको राष्ट्रिय टेलिभिजन एनएचकेले उनलाई एसियाका स्वस्थ पुरुषको संज्ञा दिँदै एकघण्टे वृत्तचित्र प्रसारण गऱ्यो । तिलगंगा आँखा अस्पतालमा कार्यरत डा. रुइतले यस वर्ष अन्तर्राष्ट्रिय क्षेत्रमा लगातार नाम, दाम एवं सम्मान प्राप्त गरे ।

**चण्डीराज ढकाल**
**उद्योगी**

नेकपा (माओवादी) का कार्यकर्ताहरूको ज्यादतीको विरोध गर्दै यसपटक उद्योग वाणिज्य महासंघ सार्वजनिक विरोधमा उत्रियो । हजारौं व्यवसायी एवं पेसाकर्मीले उद्योग वाणिज्य महासंघको छातामुनि उभिएर उद्योग वाणिज्य महासंघको विरोधमा ऐक्यबद्धता प्रकट गरे । राजधानीमा एकपछि अर्को गर्दै बढेको नेकपा (माओवादी) को ज्यादतीको यति ठूलो विरोधको नेतृत्व चण्डीराज ढकालले गरेका थिए ।

**छायाँदेवी पराजुली**

नेपालमा लोकतन्त्र नआई आफ्नो प्राण नत्याग्ने दृढ इच्छा लिएकी छायाँदेवीले आफ्नो वचन पूरा गरेरै छाडिन् । जनआन्दोलन-२ मा सक्रिय छायाँदेवी लोकतन्त्र प्राप्तिपछि नेपालमा शान्ति सुव्यवस्थाको कामना गर्दै परलोक भइन् ।



**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनअधिकार फोरम**

अन्तरिम संविधान लागू हुनुअघिसम्म खासै पहिचान नबनाएका मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव तीन महिनामा देशमा मात्र होइन, विदेशमा पनि चर्चित भए । कुनै बेला नेकपा (माओवादी)सँग सहकार्य गरेका यादव यतिखेर नेकपा (माओवादी) का कट्टर विरोधीका रूपमा चिनिन्छन् । उनकै नेतृत्वमा गत माघदेखि पूर्वी तथा मध्यतराईमा ठूलो आन्दोलन भयो । जातीय स्वायत्तता, संघीय शासन व्यवस्था एवं जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने नाराका साथ प्रारम्भ भएको तराई आन्दोलनका कारण ३१ जना व्यक्तिले ज्यान गुमाए । पछिल्लो समयमा मधेसी जनअधिकार फोरमको कार्यक्रममा माओवादीले हस्तक्षेप गरेपछि भएको भिडन्तमा ४ सर्वसाधारणसहित २९ जना माओवादी कार्यकर्ताको हत्या भएको मानवअधिकारवादीहरूले पुष्टि गरेका छन् । यसको दोष पनि फोरमका अध्यक्ष यादवमाथि लागेको छ ।

वैशाख ७, २०६४

साप्ताहिक झन्को

April 20, 2007



# झिलिमिली-रमझम नयाँ वर्ष

**साप्ताहिक समाचार**

काठमाडौं- राति करिब ११ बजेको हुँदो हो, मोबाइल बज्यो। उताबाट एक जना साथी ठूलो स्वरमा कराउँदै थिए- 'आज कता-कता डान्स पार्टी छ ?' थाहा पाएजति सबै स्थान बताएपछि उताबाट भनियो-'आज त रातभरि सुतिन्न, सबैतिर डुल्ने प्लान बनेको छ। ल त ह्याप्पी न्यू इयर।' हाम्रा पुर्खाले २००० वर्षभन्दा ६३ वर्षअघिदेखि मनाउँदै आएको विक्रम संवत् अर्को एउटा नयाँ वर्षमा प्रवेश गरेको छ। यो संवत्सँग आत्मीय सम्बन्ध भएकाले पनि होला, गत शुक्रबार पुरानो वर्षलाई बिदा गरेर नयाँ वर्षको स्वागत गर्न राजधानीका बासिन्दाहरूमा निकै उल्लास छाएको थियो। राजधानीका अधिकांश होटल तथा रेस्टुराँ भरिएका थिए।



काउन्टरमा बसेका साहुजी तथा क्यासियरहरूलाई पैसा गन्दै फुर्सद थिएन भने सेफ तथा कुकहरूलाई परिकार बनाउँदै फुर्सद थिएन। खाने, पिउने, नाच्ने, गाउने मुड बनाएका राजधानीका मानिसहरू राति साथीभाइ तथा परिवारका साथ क्लब, डिस्को, बार, रेस्टुराँ आदि स्थानमा गएर रमाइलो गर्दै नयाँ वर्षको शुभकामना आदान-प्रदान गर्नमा व्यस्त थिए। कतै नगई घरमै इष्टमित्र भेला भएर नयाँ वर्षको बहानामा रमाइलो गर्नेहरू पनि निकै थिए। अरू बेलामा मद्यपान नगर्ने, राति घरमा चाँडै पुग्नेहरू पनि आफ्नो दैनिक नियम भंग गरिरहेका थिए।

वर्षको पहिलो दिन अर्थात् वैशाख १ गते रमाइलो गरे पूरै वर्ष रमाइलोसँग बित्छ भन्ने भावनाले पनि उक्त दिन नयाँ वर्ष मनाउन वनभोज जानेहरू पनि निकै थिए। गएको वर्ष आन्दोलन, कर्फ्यु आदिका कारण नयाँ वर्ष मनाउन नपाएको तृष्णा सबैमा थियो। त्यसैले पनि यसपटक राजधानीको नयाँ वर्ष उल्लासमय बन्यो। यद्यपि यसपटक राजधानीमा आयोजना भएका अधिकांश कार्यक्रममा भारतीय कलाकारहरूको उपस्थिति बढी देखियो।

### आस्मासँग नयाँ बर्ष

हयात होटलको रक्सबारमा डिजे राजु र डिजे तेन्जिङले सयौं पटक भारतीय पप समूह 'आस्मा'को चर्चित गीत 'चन्दुके चाचाने'लाई डिजे मिक्स गर्दै बजाएका छन्। वर्ष ०६३ को अन्तिम साँझ अलि विशेष नै भयो। उक्त होटलमा त्यो गीत गाउने समूह स्वयं उपस्थित थियो। उनीहरू 'नेपाली न्यू इयर' मनाउन काठमाडौं आएका थिए। पहिले रक्स मै हुने बताइए पनि केही दिनअघिदेखि साँझ पानी पर्न थालेकाले होटलको बलरुममा उक्त कार्यक्रम गरियो। केही नेपाली ब्यान्डको प्रस्तुतिपछि 'आस्मा'ले झन्डै दुई घण्टा कार्यक्रममा उपस्थित धेरैलाई नचाए। कार्यक्रमको आयोजना द काठमाडौं पोस्ट तथा सिग्नेचर ह्विस्कीले गरेका थिए।

### झलक दिखलाजा

अर्कातिर होटल याक एन्ड यतिमा दस बजेतिर बलिउडकी नायिका उदिता गोस्वामी देखा परिन्। उनले नयाँ वर्ष मनाउन भेला भएका दर्शकहरूलाई आफ्नो कामुक नृत्य देखाएर लट्ठ पारिन्। विशेष गरी उदिताले अभिनय गरेको चलचित्र 'अक्सर'को चर्चित गीत 'झलक दिखलाजा'मा उनी स्वयंले नाच्दा ननाच्ने कोही भएनन्। कार्यक्रममा गायक मिग्मा शेर्पा तथा गायिकाहरू शीतल, सुवानी, प्रीति कौर आदिले पनि दर्शकहरूलाई राम्रैसँग 'वार्म अप' गराएका थिए।

### छिमेकी डिजेसँग

कान्तिपथको क्लब १९०५, डिजे बिम्यान फुर्तिलो देखिएका थिए। हिन्दी गीतमा डिजे मिक्स गर्न खप्पिस मानिएका उनको साथमा थिए– छिमेकी मुलुक भारतको राजधानीबाट आएका डिजे अनिश। अनिशसँग उनले हालै दिल्लीमा डिजेइङ गरेर आएका थिए। रातको आठ बजेपछि दुई जना डिजेले आ-आफ्नो डिस्को जक्की कला देखाउन थाले। दर्शकहरू नाच्ने बहानाको खोजीमा थिए। क्लबको खुला स्थान एकैछिनमा डिस्कोमा परिणत भयो। बिम्यान भन्दै थिए- 'छिमेकीसँग डिजेइङ गर्न रमाइलो नै भयो।'

### स्पोर्ट्स बार कि लिक्विड लन्ज

कमलादीको स्पोर्ट्स बारको वातावरण पनि डिस्कोकै जस्तै थियो। उता बेलाबखत पार्टी भैरहने लाजिम्पाटको लिक्विड लन्ज पनि कुनै डिस्कोभन्दा कम थिएन। विवाहित वा अविवाहित सबै खाले जोडी ककटेल मादकतामा झुम्दै थिए। स्पोर्ट्स बारमा उनीहरूलाई संगीतको तालमा नचाउने जिम्मा लिएका थिए, डिजे एनभीएनले। त्यस्तै लिक्विड लन्जमा भने मिस नेपाल शीताश्मा चन्द, फर्स्ट रनरअप बन्दना शर्मा तथा सेकेन्ड रनरअप श्वेता शाहको उपस्थितिले सुगन्ध थपेको थियो। उक्त पार्टीमा मुम्बईबाट आएका डिजे रेप्सी तथा नेपा म्युजिकका डिजे भाइभले उपस्थित सबैलाई रातभर नचाए।

### वर्षको पहिलो दिन

कान्तिपुर टेलिभिजनले नगरकोटबाट नयाँ वर्षको पहिलो सूर्योदयको प्रत्यक्ष प्रसारण गरिने बताइए पनि नगरकोटको आकाशमा बादल लागेर सूर्योदय नै देखिएन। यद्यपि प्रत्यक्ष प्रसारणमा गायक रामकृष्ण ढकालले गीत गाए- 'बिहान उठ्नेबित्तिकै हिमाल हेर्न पाइयोस्..'। अघिल्लो दिन दिउँसो महाराजगन्जको शंखपार्कमा नेप्साइडेजका साथ लाइभ कन्सर्टमा देखिएको रक समूह १९७४ एडीले वर्षको पहिलो दिन दिउँसो जावलाखेल मैदानमा आयोजित अर्को एक कन्सर्टमा पनि आफ्ना चर्चित रक गीत सुनायो। उक्त कन्सर्टमा उनीहरूको साथमा थिए रबिन एन्ड द न्यु रिभुलेसन अनि ओम बज्र।

### सारंगीको धुनमा डिजे

केजी समूहले दिउँसो एक बजेपछि रक्स बारमा नयाँ वर्षको पहिलो दिन मनाउने व्यवस्था गरेको थियो। डिजे राजु उपस्थित युवायुवतीहरूलाई विभिन्न हिपहप र रिमिक्स बजाएर नचाउँदै थिए। साँझ साढे छ बजेपछि पार्टी सकियो। यद्यपि केही पार्टी चराहरू हयातको परिसरमा प्रतीक्षारत थिए। आठ बजेपछि डिजे राजु फेरि डिजे रुममा देखिए। रक्सको मञ्चमा सारंगीवादक श्यामसुन्दर नेपाली सारंगीका साथ तम्तयार थिए। डिजेको इसारा पाएपछि उनका औंलाहरू सारंगीमा चल्न थाले। 'च्याङ्बा होइ च्याङ्बा' आदि गीतका धुन उनी बजाउँथे भने त्यसलाई लाइभ मिक्स गर्दै डिजे राजुले साथ दिन्थे। उपस्थित सबैलाई त्यो सांगीतिक वातावरण रमाइलो लाग्यो, सबै नाच्न थाले र यो क्रम मध्यरातसम्म चल्यो।

### सडकमा डिजे

ठमेलमा यसपटक वर्षको पहिलो दिन मनाउने उद्देश्यले नेपा म्युजिकको संयोजनमा आधा दर्जन डिजे १ गते दिउँसो सडकमै डिजेइङ गर्न थाले। डिजेहरू बीम्यान, क्रान्ति, पायल, एनभीएन, भाइव आदिले नयाँ वर्षमा नौलो उमंग लिएर आएकाहरूलाई नचाए। अबिरले आयोजना गरेको उक्त सडक पार्टीमा जेम्स प्रधान, योगेश्वर अमात्य, प्रीति कौर आदिले गीत सुनाएका थिए।



**युएईमा पनि शुभकामना साँझ**

युएईबाट खेमनाथ पौडेलले पठाएको समाचारअनुसार नववर्ष प्रवेशको अवसरमा गत चैत ३० गते शुक्रबार बेलुकी युएईको बरदुवईस्थित अस्टोरिया होटलमा नेपाली समाज केन्द्रीय समिति युएईले शुभकामना साँझ सम्पन्न गर्‍यो। 'शुभकामना नयाँ वर्षको' गीतबाट सुरु भएको उक्त कार्यक्रममा देवी थोकरको चियाबारीमा गीतको हट डान्सले सबैलाई आकर्षित गरेको थियो। युएईमा प्रख्यात गायक ज्ञान लामाको गीतले सबैलाई नचाएको थियो। युएईमा जुनसुकै कार्यक्रममा पनि आफ्नो उपस्थिति जनाई लोक, पप, हिपहप आदि सबै प्रकारका गीत प्रस्तुत गर्ने युएईमै स्थापना भएको पहिलो नेपाली ब्यान्ड अबुधावी ब्याण्डका कलाकारहरू आशिष राई, सरोज भट्टराई, सुमन श्रेष्ठ र साथीहरूले विभिन्न गीतबाट दर्शकहरूलाई मनोरञ्जन दिएका थिए।

नेवा पुचःका कलाकारहरूले नेवारी भाषाका साथमा अन्य गीतहरू प्रस्तुत गरेको उक्त कार्यक्रममा स्थानीय कलाकारहरू मीना वाइबा, सरस्वती थोकर, सागर रेग्मी, शान्ति शाह, योगेन गुरुङ, रमेश खड्का, माया लामा, दीपक गुरुङ आदि कलाकारका गीत तथा नृत्यहरूले पर्याप्त मनोरञ्जन दिएका थिए भने नेपालबाट आएका रवि खनालले विभिन्न गीत प्रस्तुत गरेका थिए।

विभिन्न जातीय संघसंस्थाले आ-आफनै वेशभूषा तथा भाषामा आधारित प्रतियोगितात्मक प्रस्तुति दिएको उक्त कार्यक्रममा, गुरुङ समाज, तामाङ समाज, मगर समाज, किराँत राई यायोख्खा, नेपाली खिृष्टियन सोसाइटी एवं प्रवासी लिम्बू समुदायको प्रस्तुति दिएका थिए, जसमा गुरुङ समाज प्रथम तथा मगर समाज द्वितीय घोषित भए।

उक्त कार्यक्रममा आकर्षणको केन्द्र नेपालबाट आमन्त्रित हास्यकलाकार सन्तोष पन्त रहे। पन्तको समसामयिक विषयमा आधारित हास्यप्रस्तुतिले दर्शकहरूलाई हँसाएको थियो भने अर्को प्रस्तुति काठमाडौंमा रत्नपार्क रुटमा चल्ने बसको यात्रुको अवस्थाका दुरुस्तै प्रस्तुतिमा ताली तथा हाँसोले हल नै गुञ्जायमान भएको थियो।



# २०६३ मा सानो पर्दा : उल्लेखनीय केही छैन



हास्यश्रृंखला निर्माण गर्ने होडबाजी, भारतीय पारिवारिक टेलिश्रृंखलाको नक्कल गर्ने प्रवृत्ति, म्युजिक भिडियोहरू बजाइने गीत/संगीतको कार्यक्रम, एक जना कुनै व्यक्तित्वलाई अतिथि बनाएर प्रश्नोत्तर गरिने 'टक सो', संगीत



प्रतिस्पर्धाका कार्यक्रम, चलचित्रका गतिविधिलाई समेटिएका कार्यक्रम अर्थात् अधिकांश यस्तै कार्यक्रम निर्माण एवं प्रसारण गरेर नेपाली टेलिभिजन जगत्को अर्को एक वर्ष बित्यो। दर्शकहरूले स्वदेशी टेलिभिजन च्यानलहरूमा यो नभए त्यो भनेर चाहेको च्यानल हेर्न पाउने सुविधा त पाए, तर सबैमा प्रसारण भएका अधिकांश कार्यक्रमका प्रकृति लगभग एउटै रहे।

नेपाल टेलिभिजनमा हास्यश्रृंखला 'तीतो सत्य'को लोकप्रियता घटेन। नेपाल टेलिभिजनको व्यापार महाशाखाबाट प्राप्त जानकारीअनुसार बहुराष्ट्रिय सर्वेक्षण संस्था एसी-नेल्सन ओआरजी मार्गले उक्त टेलिभिजनका लागि नेपालका सम्पूर्ण टेलिभिजन च्यानलहरूका कार्यक्रमहरूमा बढी दर्शकले हेरेका कार्यक्रमहरूको सर्वेक्षण गरेकोमा हास्यश्रृंखला 'तीतो सत्य' सबैभन्दा अगाडि छ।

कान्तिपुर टेलिभिजनमा पनि हास्यश्रृंखलाले नै अन्य कार्यक्रमहरूलाई उछिनेको छ। पछिल्लो समय प्रत्यक्ष प्रसारणमा सञ्चालन हुने कार्यक्रम 'कल कान्तिपुर' तथा गाउँले शैलीमा सञ्चालन हुने रमाइलो कार्यक्रम 'द पवनकली शो'ले भन्दा नवराज आचार्यको निर्देशनमा निर्माण भै प्रसारण हुने हास्यश्रृंखला 'घरभेटी बा'ले धेरै दर्शक कमाएको छ।

इमेज च्यानल विगतमा झैं यो वर्ष पनि सांगीतिक कार्यक्रमहरूमै अगाडि देखियो। उक्त च्यानलको प्रत्यक्ष प्रसारण 'म्युजिक अफ योर च्वाइस'ले युवा दर्शकहरू कमायो भने नेवारी भाषाको हास्यश्रृंखला 'खोट्टाबजी'मा नेपाली सबटाइटल राखिन थालेपछि त्यसले नेवारी भाषा नबुझ्ने दर्शकहरूलाई पनि आफ्नो बनायो।



भारतबाट प्रसारण भैरहेको नेपाली च्यानल नेपाल वानको सांगीतिक प्रतिस्पर्धा 'मायाको डोरी'का अतिरिक्त अन्य कार्यक्रमहरू सामान्य रहे। उक्त कार्यक्रम गायक सुगम पोखरेलले सञ्चालन गर्ने भएकाले पनि त्यसमा दर्शकहरूको रुचि देखियो। केबल च्यानलहरूबीचको मनमुटावका कारण काठमाडौंका कैयन् दर्शकले हेर्न नपाएको च्यानल नेपालमा प्रसारण भैरहेको टक सो 'प्रश्न' उक्त च्यानल हेर्न पाउने दर्शकहरूका लागि गतिलो खुराक बन्यो।

अन्य च्यानलहरूमा नेपाल टेलिभिजन मेट्रोबाट नेपाल टेलिभिजन-२ भनिएको नेपाल टेलिभिजनको 'भाइ च्यानल' अहिलेसम्म पनि परीक्षण प्रसारणकै स्वरूपमा रहेजस्तो भयो। यद्यपि उक्त च्यानलबाट केही रमाइला कार्यक्रम प्रसारण भैरहेका छन्। नेपाल टेलिभिजनका कार्यक्रम महाशाखा प्रमुख गम्भीरकान्त मैनालीका अनुसार उक्त च्यानललाई मनोरञ्जन च्यानलका रूपमा विकसित गरिँदैछ।

## ट्रेन्डका कुरा

कान्तिपुर टेलिभिजनका कार्यक्रम निर्माण प्रमुख भूषण दाहाल 'टेलिभिजनमा ०६३ मा आएको ट्रेन्ड'का सम्बन्धमा भन्छन्- 'आन्तरिक स्रोत-साधन प्रयोग गरेर निर्माण गरिएका टेलिचलचित्र तथा कार्यक्रमहरूले चर्चा पाए।' दाहालले कान्तिपुर टेलिभिजन आफैंले निर्माण गरेको हास्य टेलिश्रृंखला 'घरभेटी बा'



जस्ता कार्यक्रमले पाएको सफलतालाई उदाहरण दिँदै त्यसो भनेका थिए।

नेपाल टेलिभिजनका कार्यक्रम महाशाखा प्रमुख गम्भीरकान्त मैनालीले भने- 'रियालिटी सो बढी आएको देखिन्छ।' इमेज च्यानलका प्रमुख कार्यकारी निर्माता सहेन्द्र श्रेष्ठका अनुसार यो वर्ष टेलिभिजनको प्राविधिक स्तर बढेको छ। त्यसले गर्दा पनि स्तरीय कार्यक्रमको निर्माण बढ्यो। नेपाल वान टेलिभिजनका वरिष्ठ निर्माता असीम शाहका अनुसार सांगीतिक कार्यक्रमहरूमा विविधता पाइयो।

उपरोक्त सबै टेलिभिजनकर्मीको विचारलाई केलाउँदा इमेजका सहेन्द्र श्रेष्ठको विचार धेरै हदसम्म मिल्छ। कान्तिपुर टेलिभिजनको प्रसारणको स्तरीयतालाई अत्यधिक दर्शकले रुचाएका छन्। स्वयं टेलिभिजनकर्मीहरू पनि उक्त च्यानलले निर्माणदेखि प्रसारणसम्म देखाएको प्राविधिक स्तरीयताको प्रशंसा गर्छन्। 'जुन क्यामेराले खिचे पनि हुन्छ वा छायाङ्कनमा जे खिचे पनि सम्पादनमा मिलाउँला' भन्ने केही टेलिभिजनकर्मीको लापरवाहीपूर्ण भनाइ र गराइ यो वर्ष कम भएको छ। 'छायाङ्कन त थ्री नाइन्टी वा बेटा जस्ता स्तरीइ क्यामेराले नै गर्नुपर्छ,' -अहिले धेरै टेलिभिजनकर्मीको मुखबाट सुनिन्छ। कान्तिपुरका भूषण दाहालले भनेजस्तो ट्रेन्ड पनि बढेको छ। उक्त च्यानलका निर्माणहरू मात्र होइन, अन्य च्यानलहरूले पनि आन्तरिक स्रोत र साधनबाट निर्माण भएका टेलिचलचित्र तथा कार्यक्रमहरू लोकप्रिय भएका छन्।

## कार्यक्रम र इन आउट

नेपाली चलचित्रले बहुसंख्यक दर्शक कमाउन नसके पनि कान्तिपुर टेलिभिजनको चलचित्रसम्बन्धि कार्यक्रम 'रजतपट'ले चर्चा कमायो। चलचित्र नहेर्ने दर्शकहरूले पनि नेपाली चलचित्रको अवस्था बुझे। यद्यपि जे पायो त्यही प्रसारण गरिएको भन्दै केही चलचित्रकर्मीले कार्यक्रमको विरोध गरे। नेपाल टेलिभिजन-२ मा प्रसारण भैरहेको फेसन कार्यक्रम 'फेसन बज'ले प्रसारणको सय भाग पूरा गर्‍यो भने कान्तिपुर टेलिभिजनबाट छोटो समयमा चर्चा कमाएका प्रियंका कार्की र निशा अधिकारीले उक्त च्यानल छाडे। 'घुमघाम'की आस्था थापा तथा 'द पवनकली सो'की लुनिभा तुलाधर र तारा कँडेल पनि व्यक्तिगत कारणले उक्त च्यानलबाट अलग भए।

च्यानल नेपालले सम्पूर्ण विविध मनोरञ्जन कार्यक्रम निर्माणका लागि ठेक्का दिने चलन सुरु गर्‍यो। सुरुमा उक्त ठेक्का भिजन मिडियाले पायो भने पछि ग्यालेक्सीले। यद्यपि त्यो व्यावहारिक हुन भने सकेन। हाल उक्त च्यानलमा म्युजिक भिडियो बढी बजाइन्छ। नेपाल वानमा युवामाझ चर्चा पाइरहेको कार्यक्रम 'रक विद स्टार'की सञ्चालिका सृष्टि थापाले पनि विदेशमा उच्च अध्ययन गर्नका लागि च्यानल छाडिन्। इमेज च्यानलका कार्यक्रमहरूबाट सञ्चालिका महिमा भट्टराईले यो वर्ष प्रशस्त प्रशंसक बटुलिन्।

टक सोहरूमध्ये कान्तिपुरमा इन्द्र लोहनीको 'बहस' र भूषण दाहालको 'फायर साइड'ले जति दर्शक बटुल्न सके त्यति चर्चा विजयकुमार पाण्डेको घुम्दैफिर्दै फेरी नेपाल टेलिभिजनमा फर्किएको कार्यक्रम 'दिशानिर्देश'ले पाएको छैन। च्यानल नेपालमा गोकर्ण खतिवडाले सञ्चालन गर्ने टक सो 'प्रश्न' पनि दर्शकको रोजाइमा परेको छ।

## टेलिभिजन व्यक्तित्व



**राजु याकचा**

**कार्यक्रम : घरभेटी बा (कान्तिपुर टेलिभिजन)**

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'घरभेटी बा'का मुख्य पात्र घरभेटी बा चुन्नीप्रसादको भूमिकामा देखिएका अभिनेता राजु याकचा यो वर्ष सर्वाधिक चर्चामा रहे। उक्त श्रृंखलामा स्त्री लम्पट वृद्धको चरित्रलाई याकचाले जीवन्त पारेका छन्। कान्तिपुर टेलिभिजनमा मेकअप आर्टिस्टको जागिर खाइरहेका याकचा मूलतः पोखराका बासिन्दा हुन्।

**दीपकराज गिरी**

**कार्यक्रम : तीतो सत्य (नेपाल टेलिभिजन)**

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'तीतो सत्य'लाई बहुराष्ट्रिय सर्वेक्षण संस्था एसिनेल्सन ओआरजी मार्गले सर्वाधिक दर्शकद्वारा हेरिने कार्यक्रमको सूचीमा पहिलो नम्बरमा राखेको छ। यो कार्यक्रमको



लोकप्रियतामा कुनै कमी आएको छैन। एक सय पचास भाग पूरा गरिसकेको कार्यक्रम तीतो सत्यमा समसामयिक हास्यव्यङ्ग्य प्रस्तुत गरिन्छ।

## टेलिश्रृंखलाको अवस्था

टेलिश्रृंखलाहरूको प्रसारणमा नेपाल टेलिभिजन सबैभन्दा अगाडि रह्यो। त्यसमा पनि सामाजिक वा पारिवारिक टेलिश्रृंखलाहरूभन्दा हास्यश्रृंखलाहरूको लोकप्रियता बढिरह्यो। दीपकराज गिरीको 'तीतो सत्य'पछि हरेक शुक्रबार प्रसारण हुँदै आएको श्रृंखला 'मेरी बास्सै'ले धेरै दर्शक बनाएको छ। उक्त श्रृंखलाका दुई पात्र धुर्मुस अर्थात् सीताराम कट्टेल तथा मार्नेबुढा अर्थात् केदार घिमिरेको अभिनयको नक्कल घर-घरमा हुन थाल्यो। मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य धेरै समयपछि टेलिभिजनको पर्दामा देखिए। नेपाल टेलिभिजनमा मह सञ्चार शीर्षकमा टेलिचलचित्रहरू देखाएपछि वर्षको उत्तरार्द्धतिर उनीहरू कान्तिपुर टेलिभिजनमा मह टाइम शीर्षकमा त्यस्तै प्रकारको कार्यक्रम लिएर प्रस्तुत भएका छन्।

जितु नेपाल र शिवहरी पौडेलको 'जीरे खुर्सानी' सामान्य रह्यो। यद्यपि हास्यकलाकारहरू टेलिश्रृंखलाको प्रकृतिमा समयअनुरूप सुधार गर्दै जानुपर्नेमा देश-विदेशका कार्यक्रमहरूमा व्यस्त रहे। कान्तिपुर



टेलिभिजनको 'घरभेटी बा' का शीर्ष कलाकार राजु याकचालाई दर्शकहरूले बढी मन पराइरहेका छन्। उक्त च्यानलको अर्को हास्यश्रृंखला 'गोर्खे लौरी'मा भने सुधार गर्नुपर्ने कुरा निकै देखिन्छ। सामाजिक श्रृंखलाहरूमध्ये नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको 'परिचय' सर्वाधिक दर्शकले रुचाएको पाइयो। 'दुई थोपा आँसु', 'सिलसिला', 'करुणा' आदिको प्रस्तुति धेरै हदसम्म भारतीय श्रृंखलाहरूसँग मिल्न गए पनि तिनको स्तरीयता भने कायम छ। कान्तिपुरमा 'नारी'ले दर्शक बढाएको छ। नेपाल वानमा आउने नेपालकै एक मात्र दैनिक श्रृंखला 'कसलाई आफ्नो भनूँ'को चर्चा पनि सामान्य छ।

समग्रमा नेपाली टेलिभिजन च्यानलहरूमा नौलो केही भएन। सूचना, समाचार, मनोरञ्जन, खेलकुद, राजनीति आदि विषयलाई एउटै च्यानलबाट देखाउने हाम्रा च्यानलहरूको 'खिचडी प्रवृत्ति' यो वर्ष उस्तै रह्यो। कुनै एक विषयका लागि छुट्टै च्यानलको अवधारणा यदाकदा सुनिए पनि कार्यान्वयन भने भएको छैन। यद्यपि एभिन्युज, सगरमाथाजस्ता केही च्यानल आगामी वर्ष नेपाली आकाशमा आउने योजनामा छन्। एभिन्युजलाई सम्पूर्ण रूपमा समाचारमूलक च्यानल बनाउने कसरत भैरहेको बताइन्छ। सगरमाथा च्यानल भने कुन रूपमा आउने हो, ०६४ मा मात्र थाहा हुनेछ।

# डान्स र कन्सर्टले तताएको वर्ष

धरान- संगीतको भाषा हुँदैन। जो-कोहीलाई पनि मोहित पार्न सक्ने क्षमता संगीतमा हुन्छ। स्थानीयदेखि विश्वचर्चित संगीतलाई डिजेले मिक्सिङ गरेको तालमा डान्स गर्नु कम रोमाञ्चक हुँदैन। त्यसैले डिजेको आगमनसँगै कहिल्यै घरबाहिर ननिस्कने धरानेहरू वि.सं.२०६३ सालमा नियमित डान्स पार्टी धाइरहे। विगतको तुलनामा अब्बल व्यवस्थापनले पनि गत वर्षधरान डान्समय बनेको हो। संगीत क्रेजीहरूले यही वर्ष करिब डेढ दर्जन लाइभ कन्सर्टमा आ-आफ्ना प्रिय गायक-गायिकाहरूको प्रस्तुति आफ्नै आँखाले हेर्न भ्याएका थिए।

कमजोर व्यवस्थापन र डिजेको आवश्यकताले खल्लो महसुस गरिँदै आएको डान्स पार्टीले वितेको वर्ष धरानमा संस्कारकै रूप लिएको थियो। डान्स पार्टी आयोजनाका निम्ति महिनौं अघि यहाँको ब्रिटिस गोर्खा कम्युनिटी हल बुक भैसकेको हुन्थ्यो। ०६३ साल अघिसम्म साथीहरूलाई मनोरञ्जन दिलाउन मात्र गेट-टुगेदरका रूपमा सामान्य डान्स पार्टी आयोजित गरिन्थे। यस्ता पार्टीमा सीमित व्यक्ति मात्र सहभागी हुन्थे भने डिजेको अभाव टड्कारो देखिन्थ्यो, तर गत वर्षदेखि डिजेको अभाव पूर्ति भएको छ भने कमजोर व्यवस्थापन सुध्रिएको छ।

च्याङ्बा होई च्याङ्बा गीत रिमिक्स गरेर चर्चामा आएका डिजे राजुको मिक्सिङमा धरानेहरूले पहिलोपल्ट भ्यालेन्टाइन-डेमा नाच्ने अवसर खेर फालेनन्। भारी वर्षात्मा आयोजित डिजे राजुको पार्टीले स्वीमिङ पुलमा सञ्चालन गरिने रेनी डान्सको झझल्को



दिएको थियो।

नेपालको पहिलो महिला डिजे पायल र बीम्यानले लगातार तेस्रो वर्ष पनि खुला आकाशमुनि यहाँका डान्स क्रेजीहरूलाई 'सूर्य लाइट रिदम नाइट'मा नचाए। राजधानीमै बसेर वर्षौंदेखि डिजेइङ गर्दै आएका धराने डिजेद्वय रवि फोर र सुबोधले पनि यहाँ आ-आफ्ना हातको कमाल देखाउँदै वातावरण डान्समय बनाएका थिए। अहमदावादका व्यस्त भारतीय डिजे रुजनले पनि धरानेहरूलाई वर्षको सुरुमै ट्रान्स म्युजिकमा नचाएका थिए।

एकै वर्षमा यहाँ एक सयभन्दा बढी डान्स पार्टी सम्पन्न हुनु सामान्य होइन। दसैं र तिहारको समयमा त दैनिक नै पार्टीको आयोजना भएको थियो। दुई वर्षयता डिजेइङ गरिरहेका स्थानीय युवक मिराकले मात्रै गत वर्ष ३० पल्टभन्दा बढी पार्टीचरालाई नचाए। 'डिस्को-थेक आवश्यक भैसकेको छ,' - यहाँ आउने जो-कोही डिजेले भन्दै आएका छन्।

धरानलाई केन्द्र बनाएर आयोजना गरिने कन्सर्ट र डान्स पार्टीहरूमा इटहरी, विराटनगर, इनरुवा, दमक तथा बिर्तामोडका पार्टीचराहरूको पनि बाक्लो सहभागिता रहँदै आएको छ। देशमा लोकतन्त्रको आगमनसँगै यहाँ डान्स पार्टी र कन्सर्टको ओइरो लागेको थियो। सबैभन्दा बढी डान्स क्रेजीहरूको उपस्थिति पार्टी-९७७ ले आयोजना गरेको ओपन स्ट्रिट डान्समा थियो। उक्त पार्टीमा दुई हजारभन्दा बढीले कम्मर मर्काएका थिए।

मध्यरातसम्म चल्ने यस्ता पार्टीले यहाँ रात्रीजीवनको अभाव खड्किन दिएका छैनन्। यहाँका पार्टीचराहरू अंग्रजी हाउस, हिपहप हिन्दी रिमिक्स र चलचित्रका गीत तथा नेपाली रिमिक्स, हिपहप र सविन राईका रक-पपमा डान्स गर्न चाहन्छन्। मोफसलका सबैभन्दा व्यस्त डिजे मिराक भन्छन्- '५० सेन्टको हिपहप, ड्याडी याङ्कीको रेग्गे डन, बब सिन्क्लेयरको हाउस म्युजिक, सकिरा तथा ब्ल्याक आइड पिजको अंग्रेजी पप मिक्सिङको माग छ। क्रेज द पार्टी टुनाइट तथा डिजे सुकेतुको हिन्दी मिक्स तेरे बिन र तुही मेरी सब है प्रत्येक पार्टीमा बज्ने गरेको छ। नेप्साइडजको छुँदैन तिम्रो मायाले, डिजे राजुको च्याङ्बा...., दिव्य सुब्बाको पश्चत्ताप र सविन राईको स्वर यहाँका पार्टीहरूमा गुन्जने गरेको छ।

**लाइभ कन्सर्टको ओइरो**

वर्षभरि सम्पन्न डेढ दर्जन लाइभ कन्सर्टले धराने संगीतप्रेमीहरूलाई तताएको थियो। ब्लुज संगीतमा माहिर रविन एन्ड द न्यु रिभोल्युसनका भोकलिस्ट रविन तामाङ यहाँका टिनएजर्स र युवा पुस्ताका सबैभन्दा लोकप्रिय संगीतकर्मी हुन्। त्यसैले रविन एकै वर्षमा कम्तीमा तीनपल्ट धरान आउने गरेका छन्। आधुनिक गीतका विभिन्न प्रतियोगिता र कार्यक्रमले पनि वर्षभरि यहाँ चर्चा बटुल्यो।

रविनसँगै स्थानीय गायक सविन राई तथा दिव्य सुब्बाको कन्सर्ट आयोजना हुँदा यहाँका प्लस टु र कलेजका विद्यार्थीहरू क्लास बंक गर्छन्। धरानमा बाल्यकाल बिताएका दिव्य, डम्बर नेपाली र मिङ्मा शेर्पाले गत वर्षदेखि नै धराने संगीतप्रेमीहरूलाई आफ्नो स्वरमा लट्ठ बनाउन थालेका हुन्। गत वर्ष मौसमी गुरुङ, प्रीति कौर, कमलमान सिंह, जेम्स प्रधानले पनि धरानमा आ-आफ्ना स्वरको जादु देखाएका थिए। संगीतक्रेजीहरूको बाक्लो उपस्थितिले पब्लिक हाईस्कुलको खुला मैदानमा लाइभ कन्सर्ट आयोजना गर्नेहरूको सूची लम्बिँदै गएको छ।

सविन राईको पहिलो एकल कन्सर्ट पनि यही सम्पन्न भयो। सविनसँगै गत वर्ष यहाँका स्थानीय ब्यान्ड लेजरस सोलले निकै चर्चा बटुल्यो। आठ वर्षपछि धरानमा यसै वर्ष पूर्वाञ्चल स्तरीय सांगीतिक प्रतियोगिता 'शकवेभ ब्याटल बिट्वीन द ब्यान्ड्स' सम्पन्न भयो। उक्त प्रतियोगिता जितेको लेजरस सोलले नगरभित्रका कन्सर्टहरूमा चर्चा बटुल्यो। दार्जीलिङका नेपालीहरूको प्रतिनिधि रक-पप ब्यान्ड मन्त्रको एकल कन्सर्टले पनि धरानेहरूलाई मनोरञ्जन दियो। कन्सर्टमा देखिने बाक्लो उपस्थितिले यहाँ चुस्त र स्तरीय इभेन्ट म्यानेजमेन्ट ग्रुपको आवश्यकता बोध गराएको छ।

**राजु घिसिङ**

# हेटौंडामा लिटिल लेडी



हेटौंडा– रंगिबिरंगी पहिरनमा सजिएका स-साना नानीहरू आफ्ना विभिन्न कला प्रस्तुत गर्न र आफूलाई अरूभन्दा भिन्दै देखाउन तल्लीन देखिन्थे। कोही गीत गाउने, कोही नाच्ने, कोही कविता भन्नेजस्ता विभिन्न विधामा प्रशिक्षण लिइरहेका थिए। यस्तो मनोरञ्जनात्मक दृश्य हेटौंडामा पहिलो पटक बसामाडी जेसिजले आयोजना गरेको ट्यालेन्ट सोको हो। लिटिल लेडी ट्यालेन्ट सो-२००७ शीर्षकको ट्यालेन्ट सो ९ देखि ११ वर्ष उमेर समूहका छात्रामा भएको प्रतिभालाई उजागर गर्ने उद्देश्यले आयोजित गरिएको आयोजकहरूले जनाएका छन्। ट्यालेन्ट प्रतियोगितामा मकवानपुर जिल्लाका १७ विद्यालयमा अध्ययनरत ३६ जना छात्रा सहभागी थिए। सहभागी ३६ जना छात्रामध्ये चैत २२ गते अन्तर्वार्ताबाट २० जना प्रतियोगी छात्रा छनौट गरी चैत २४ गतेदेखि चैत ३० गतेसम्म प्रथम चरणको प्रशिक्षण दिइएको थियो।

प्रथम चरणको प्रशिक्षणका क्रममा प्रतियोगी छात्राहरूलाई चैत २७ गते मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीस्थित बालमन्दिर र कुलेखानी जलविद्युत् आयोजनाको सुरुङलगायत त्यस क्षेत्रका विभिन्न पर्यटकीय स्थलको अवलोकन गराइएको थियो। दोस्रो चरणको कार्यक्रमअन्तर्गत वैशाख १ गते कोरियोग्राफर प्रभा अमात्यले नृत्य, पहिरन एवं र्‍याम्पसम्बन्धी प्रशिक्षण दिएकी थिइन्।

आज शुक्रबार हेटौंडाको ओम चलचित्र मन्दिरमा अन्तिम प्रतिस्पर्धा गराई बेस्ट ड्रेस, बेस्ट डिसिप्लिन, बेस्ट पङ्च्युयालिटी, बेस्ट ट्यालेन्ट, बेस्ट फ्रेन्डसिप, बेस्ट फोटोजेनिक, फस्ट रनरअप, सेकेन्ड रनरअप र लिटिल लेडी ट्यालेन्ट गरी जम्मा ९ विधामा सर्वोकृष्ट प्रतियोगी छनौट गरिने कार्यक्रमका संयोजक राजकुमार न्यौपानेले बताए। हेटौंडामा आयोजित लिटिल लेडी ट्यालेन्ट प्रतियोगितामा छनौट भएकी लिटिल लेडी ट्यालेन्टलाई काठमाडौं जेसिजले आयोजना गर्ने ट्यालेन्ट सोमा प्रतिस्पर्धा गराइने कुरा बसामाडी जेसिजका कोषाध्यक्ष उपेन्द्र श्रेष्ठले बताए।

**रूपेश दुलाल**

# प्रतिबन्ध भयो अहंकार

काठमाडौं- नायक सुशील छेत्रीले अभिनय गरेको पहिलो चलचित्र ‘आगो’ तत्कालीन चलचित्र जाँच-पास समितिले माओवादी जनयुद्धका विषयमा बनेको चलचित्र भनेर सार्वजनिक प्रदर्शनका लागि अनुमति दिएन । त्यसपछि उक्त चलचित्रले प्रशस्तै चर्चा पायो । अहिले फेरि त्यही स्थिति दोहोरिएको छ । गत साता वर्तमान केन्द्रीय चलचित्र जाँच-पास समितिले चलचित्र ‘अहंकार’लाई पनि सार्वजनिक प्रदर्शनका लागि अनुमति दिन मानेन । संयोग नै मान्नुपर्छ, यो चलचित्रमा पनि सुशील क्षेत्री नै नायक छन् । मधेस र पहाडबीचको अन्तर्द्वन्द्वमा आधारित उक्त चलचित्र सेन्सरमा अड्किएपछि गत सोमबार केही सञ्चारकर्मीलाई देखाइएको थियो । चलचित्रमा मधेसी समुदाय र पहाडे समुदायबीच साम्प्रदायिक युद्ध देखाइएको छ । चलचित्रको अन्त्यमा भयंकर दंगा हुन्छ र त्यसमा धेरै हताहत हुन्छन् । त्यसपछि नेपाल आमाको स्वरूपमा एउटी वृद्धा पर्दामा देखिन्छिन् र उनले ‘जात, धर्म, सम्प्रदायका आधारमा कोही पनि अलग छैनन्, सबै मेरै सन्तान हुन् । आपसमा लडेर आफैंलाई हानि हुन्छ’ भन्ने सन्देश दिन्छिन् । चलचित्रका निर्देशक दिनेश कार्कीका अनुसार चलचित्रमार्फत उनी कुनै साम्प्रदायिक दंगा भड्काउन चाहँदैनन् । बरु यसबाट कसैको कुरामा नलाग्ने भाइचाराको सन्देश प्रवाह गरिएको छ । चलचित्रका निर्माता सञ्जीवकुमार प्रधानका अनुसार चलचित्र यथार्थवादी भएकाले सरकारले यसमा प्रतिबन्ध लगाउनुभन्दा पनि सरकारकै पहलमा बरु देशभरि यो चलचित्र देखाउनुपर्ने हो । समितिले सुशील छेत्रीका अतिरिक्त ऋचा घिमिरे, ध्रुव कोइराला, प्रेरणा शर्मा आदिको मुख्य भूमिका रहेको उक्त चलचित्रका अधिकांश दृश्य हटाउन भनेको छ । समितिले भनेअनुरूप दृश्य हटाउने हो भने चलचित्रमा गीत र दुई चार दृश्य मात्र बाँकी रहन्छन् ।

## आन्तरिक सजावट प्रदर्शनी

विराटनर- पूर्वाञ्चलमै पहिलो पटक मंगलबार विराटनगरमा एकदिने आन्तरिक सजावटका सामग्रीहरूको प्रदर्शनी सम्पन्न भएको छ। अ भोग इन्टेरियर्स विराटनगरले आन्तरिक सजावटका अतिरिक्त वास्तुकलाका सामग्रीसमेत राखेर प्रदर्शनी सम्पन्न गरेको थियो।

आधा दर्जन व्यावसायिक संस्थाहरूको सहभागितामा घरभित्र गरिने सजावटका सामग्रीहरूको प्रदर्शनी पहिलो भएकाले विराटनगरवासीले पनि विशेष चासो देखाएका थिए । उक्त अवसरमा वास्तुकला, हस्तकला तथा तयारी सजावटका सामग्रीहरू प्रदर्शन गरिएको थियो । अ भोग इन्टरियर्समा अध्ययनरत विद्यार्थीले तयार गरेका सामग्रीहरूले प्राथमिकता पाएको प्रदर्शनीमा परालबाट बनेको सुकुलदेखि सोफासेटसम्म राखिएको थियो ।

इटेरियर्सका प्रबन्ध निर्देशक कृति श्रेष्ठका अनुसार, घरभित्रको सजावट गर्न यालिएका वस्तु पनि प्रयोगमा ल्याउन सकिन्छ भन्ने सन्देश दिन यो प्रदर्शनीको आयोजना गरिएको हो। उनले कल्पना गरेको विराटनगरमा बनाउन सकिने संग्रहालय भवनको चित्रमा दर्शकले निकै चासो दिएका थिए । विराट राजाको दरबारमा भेटिएका अवशेषदेखि लिएर विराटनगर चिनाउने ऐतिहासिक तथा पौराणिक वस्तुहरू संग्रहालयमा राख्न सकिन्छ भनेर संग्रहालयको डिजाइन गरेको श्रेष्ठले बताइन् ।

घरको भान्साकोठादेखि बेडरुम, बाथरुमजस्ता ठाउँमा कस्तो सजावट



उपयुक्त हुन्छ भन्ने चित्र प्रदर्शनीमा थिए । उक्त क्रममा प्राकृतिक थिम, नेपाली थिम, नेवारी थिम, थकाली थिम प्रदर्शन गरिएको थियो । आन्तरिक सजावटसम्बन्धी छात्रा सुजु प्याकुरेलले यस्तो प्रदर्शनीले सर्वसाधारणलाई घर सजाउने कला सिकाउने कुरा बताइन् ।

**-कमल रिमाल**

## सिक्किममा दुई प्रकाश

सिक्किमको दक्षिणी क्षेत्र राबुङस्थित ‘राबुङ सांस्कृतिक महोत्सव’ मा कार्यक्रम सम्पन्न गरेर नेपाली कलाकारहरूको एउटा टोली स्वदेश फर्किएको छ । राबुङ पर्यटन विकास समितिको आयोजनामा भएको सात दिने उक्त महोत्सवका क्रममा गायकद्वय प्रकाश ओझा तथा प्रकाश पौडेलले स्थानीय दर्शक-श्रोताको मन जित्न सफल भएका थिए । जङ्गलको बीचमा अवस्थित पोखरीको केन्द्रभागमा स्टेज बनाएर पोखरी वरिपरि बसेका दर्शकलाई नचाएका गायकद्वयको उक्त कन्सर्ट बेलुका ७ बजेदेखि १० बजेसम्म चलेको थियो । करिब १० हजार दर्शकको उपस्थिति रहेको उक्त कन्सर्टमा गायक पौडेलले भर्खरै बजारमा आएको गीतिसंग्रह ‘साइको’ को ‘हबिबी पप्पी देऊ...’ गीत गाउँदा केही दर्शक उनलाई पप्पी दिन आएका थिए । दर्शकको आग्रहमा उनले उक्त गीत दुई पटक गाउनुपरेको थियो । कन्सर्टमा पौडेलले ‘नाइँ मलाई त्यही केटी चाहिन्छ, डाक्टर सा’ब, ओ’पाट, ट्याक्सी आदि चर्चित गीत गाएका थिए । कन्सर्टको अर्को आकर्षण गायक प्रकाश ओझा थिए । ओझाले ‘ए बाउ भात खान आऊ’ गीत दर्शकको आग्रहमा दुई पटक गाउनुपरेको थियो । दोस्रो पटक उनको सम्पूर्ण गीत ट्र्याकलाई पछ्याउँदै दर्शकहरूले नै गाएका थिए । ओझाले बाख्राको खोर, सोल्टिनी नानी, ओखरबोटे काका, जिमखाना आदि गीत गाएका थिए । महोत्सवकै क्रममा लोकदोहोरी गायक विमलराज छेत्रीको नेतृत्वमा गएको समूहले पनि स्थानियवासीको मन जितेको थियो ।

## साइबर गर्ल

## अध्ययनसँगै मोडलिङ



काठमाडौंमा जन्मिएकी रमणी जोशीले ‘ब्लाइन्ड डेट’मा कसैसँग जानुपर्‍यो भने त्यो व्यक्ति जोन अब्राहम मात्र हुन सक्छन् । शारीरिक रूपमा मोडल हुन सम्पूर्ण रूपमा योग्य रमणीले र्‍याम्प मोडलिङ, म्युजिक भिडियो तथा विभिन्न विज्ञापनमा आफ्नो क्षमता देखाइसकेकी छिन् । सन् २००३ देखि निरन्तर रूपमा मोडलिङमा सक्रिय रमणीले यस अवधिमा मोडलिङका सबै विधामा काम गरिसकेकी छिन् । मोडलिङको संसारमा लत बसिसकेकाले यो क्षेत्रमा अझ बढी काम गरेर आफ्नो पहिचान बढाउने इच्छा रहेको उनी बताउँछिन् । रमणीले गायकहरू दीपक खरेल, नरेन लामा, मिङ्मा शेर्पा, रूपक डोटेल तथा राजु गुरूङका म्युजिक भिडियो तथा केही विज्ञापनमा अभिनय गरिसकेकी छिन् ।

त्यस्तै उनले ‘मिस सुपरलेटिभी’ को शीर्ष उपाधि तथा मोडल हन्ट मिस नेपाल ब्रिटिस सोसाइटीको फस्ट रनर-अप उपाधि जितेकी छिन् । रमणीले साप्ताहिकसँग भनिन्- ‘अध्ययनसँगै मोडलिङलाई पनि अघि बढाइरहेकी छु ।’ ५ फिट ९ इन्च अग्ली रमणी गहुँगोरो वर्णकी छिन् । उनको शारीरिक बनावट ३२×२६×३४ छ । आकर्षक व्यक्तित्वकी धनी रमणीको नजरमा राम्रो हेयर स्टायल भएका युवकहरू पर्ने गरेका छन् । क्याजुअल ड्रेसमा सहज महसुस गर्ने रमणी भन्छिन्- ‘भविष्यमा सफल तथा आदरणीय महिलाको पहिचान कायम राख्न चाहन्छु ।’

## आयरल्यान्डमा नेपाली फेसन सो



डब्लिन– 'जसो गर जे गर, जतासुकै लैजाऊ मलाई, यो मन त मेरो नेपाली हो...' आयरल्यान्डको राजधानी डब्लिनस्थित पार्नेल स्क्वारको टिचर्स हलमा यो गीत गुन्जन थालेपछि नयाँ वर्ष २०६४ मनाउन भेला भएका आयरल्यान्डवासी नेपालीहरूले नृत्यको अपेक्षा गरेका थिए, तर गीतको धुनसँगै नृत्यका लागि तयार पारिएको रंगमञ्चमा सात वर्षीया प्रिया काफ्लेले गुन्युचोलो लगाएर आकर्षक क्याटवाक गर्न थालेपछि उपस्थित करिब दुई सय नेपाली मात्र होइन, एक दर्जन आइरिस दर्शकसमेत दंग परे।

प्रियासँगै ९ वर्षीया कृषा भट्टराईले पटुकीसहितको गुन्युचोली, ११ वर्षीया सञ्जु गौतमले प्रदर्शन गरेको गुरुङ पहिरन, ११ वर्षीया गरिमा कँडेलको हाकु पटासी, १४ वर्षीया संगीता गौतमको लेहेंगा चोलीले नेपालको फेसनलाई प्रतिनिधित्व गरेको थियो। पुरुष बालमोडलतर्फ कुन्दन भट्टराईले सबैको मन जिते। दौरा, सुरुवाल तथा ढाकाटोपी लगाएर क्याटवाक गर्न अघि बढेका कुन्दनलाई अधिकांश दर्शकले आफ्नो स्थानबाट उठेर अभिवादन गरेका थिए। १० वर्षीय शिव सुवेदीले भने ढाकाटोपी प्रदर्शन गरे। सीमा सुवेदीले ढाकाको चौबन्दी चोली, फरिया तथा पटुका प्रदर्शन गरेकी थिइन्।

परम्परागत नेपाली पहिरनको प्रदर्शनपछि बालमोडलहरूले क्याजुअल वेयर सिक्वेन्समा पश्चिमा पहिरनहरू पदर्शन गरे। नेपाल आयरल्यान्ड सोसाइटीका सभापति जीवन तिमिल्सिनाको स्वागत भाषणबाट सुरु भएको 'नयाँ वर्ष भेला २०६४' कृषा तथा गरिमाको 'कति औली अग्ली भएँ...' गीतको आकर्षक नृत्यबाट अघि बढेको थियो। नेपालमै व्यावसायिक नृत्य कलाकार रहिसकेका जीवनले त्यसपछि 'खैके पान बनारस वाला...' गीतमा नृत्य गर्दा 'डन' का शाहरूख खानको सम्झना गराए।

अर्कातिर संचिता बस्नेतको 'कजरा रे, कजरा रे...' नृत्यले युवादर्शकलाई समेत नृत्य गर्न बाध्य बनायो। गुरुङ पहिरनमा सजिएकी सञ्जिता गौतमको 'कति रामो...' गीतको नृत्य पनि आकषक रहयो भने कृषा र गरिमाको हिन्दी गीतको नृत्य पनि दर्शक लोभ्याउने शैलीको रहयो। यसबाहेक प्रिया काफ्ले तथा सञ्चिता गौतमको 'गैरी खेतको शिरै हान्यो, तथा सञ्चिताको 'सारंगीको धुनले.' नृत्य पनि उत्तिकै आकर्षक रहयो।

नयाँ वर्ष भेलाको अर्को आकर्षण लाइभ कन्सर्ट रह्यो। रविन मानन्धरको संयोजनमा सम्पन्न कन्सर्टमा गिटार, हार्मोनियम, मादल, बाँसुरी आदि वाद्ययन्त्र बजाएर नेपाली संगीतकर्मीहरूले विभिन्न पप तथा लोकगीत गाएका थिए। कार्यक्रममा दीपक नेपालले क्यारिकेचरमार्फत विभिन्न व्यक्तित्वको नक्कल गरेर दर्शकहरूलाई हँसाएका थिए। उक्त कार्यक्रममा नेपाली फुड फेस्टिवलसमेत सञ्चालन गरिएको थियो। कार्यक्रमको अन्तिम आकर्षण डान्स पार्टीमा सहभागि हुनुअघि नेपालीहरूले बिंगो खेलबाट मनोरन्जन लिएका थिए। त्यसपछि आयोजित डान्सपार्टीमा सहभागीहरूले नेपाली लोकगीतमा नृत्य गरे।

– कृष्ण भट्टराई

## नयाँ वर्षमा विराटनगर



विराटनगर- नयाँ वर्षको खुसीयालीमा विराटनगरवासीले विभिन्न गतिविधि गरेर रमाइलो गरे। विराटनगरका विभिन्न ठाउँमा रमाइला कार्यक्रमहरू भए। कतै गीत, गजलको कार्यक्रम थियो भने केही ठाउँमा कन्सर्ट राखिएको थियो। हरियाली पार्कमा भने डान्स पार्टी आयोजित गरिएको थियो।

वैशाख १ गते त्यसै पनि भरिभराउ हुने पार्कमा डान्स पार्टीले गर्दा थप भीड थियो। उता हाटखोलाको पोकेमन पार्कमा आयोजित गजल कार्यक्रम पनि त्यत्तिकै रोचक थियो। नयाँ वर्ष प्रवेशको रात भने पोकेमन पार्कमा भव्य पार्टी सम्पन्न भयो।

यता मुन होटलको रौनक छुट्टै थियो। होटलले प्रवेश शुल्क पाँच सय रुपैयाँ राखेर गजल सञ्चालन गरे पनि हल सहभागीहरूले भरिभराउ थियो। कृष्णा होटलले राखेको गजल कार्यक्रम भने प्रहरीले ९ बजे नै बन्द गराइदिएपछि ग्राहकहरू अर्को होटलको खोजीमा लागेका थिए। ड्राइगन होटलमा भने ग्रिन लिफ ब्यान्डको सांगीतिक प्रस्तुतिसँगै डान्स पार्टी आयोजित गरिएको थियो। मिल्स एरियास्थित फार्क क्लबले स्थानीय ब्यान्डलाई डाकेर लाइभ कन्सर्ट दिएको थियो। खेलाडीहरूले सञ्चालन गरेको फार्क क्लबले यस्ता खुसीयालीहरूमा मनोरञ्जनात्मक कार्यक्रम गर्ने गरेको प्रमोद लामाले बताए।

– कमल रिमाल

## स्वीजरल्यान्ड पनि

स्वीजरल्यान्डमा बसोबास गर्ने नेपालीहरूले विभिन्न कार्यक्रम गर्दै नयाँ वर्ष २०६४ भव्यताका साथ मनाएका छन्। राम चौधरी तथा दीर्घ थापा (मामा) को आयोजनामा आयोजित सम्पन्न नयाँ वर्षको शुभकामना आदान-प्रदानसहित विभिन्न सांस्कृतिक कर्यक्रम प्रस्तुत गरिएको थियो।

स्थानीय कलाकारहरूलाई प्रोत्साहन गर्न सफल उक्त कार्यक्रममा कलाकार प्रकाश तिवारी र गौरी गुभाजुद्वारा एकल नृत्य प्रस्तुत गरिएको थियो भने संगीतकार विजय शाही को संगीत संयोजनमा लाइभ म्युजिक कन्सर्ट पनि भएको थियो। उक्त कन्सर्टमा गायक गौरी बर्तौला, बाध्यवादकहरू ईश्वर बर्तौला (ड्रम सेटमा) तथा प्रेमराज गिरी (बास गितारमा) निकै जमेका थिए।

–प्रकाश तिवारी, स्वीजरल्यान्ड

## रौता महोत्सवमा दस हजार सर्वसाधारण

गाईघाट- पूर्वाञ्चलमा प्रसिद्ध उदयपुर जिल्लास्थित रौता पोखरीमा नयाँ वर्ष २०६४ सालको आगमन सँगै तीनदिने रौता महोत्सव सम्पन्न भएको छ। हिमचुली युवा समूहद्वारा आयोजित उक्त महोत्सव प्रत्येक वर्ष नयाँ वर्षको अवसर पारेर अयोजित गरिन्छ। महोत्सवमा उदयपुर, खोटाङ, ओखलढुङ्गा, सिन्धुली, भोजपुर, सिराहा, सप्तरी, सुनसरी, मोरङ आदि जिल्लाबाट हजारौं सर्वसाधारण आपसमा शुभकामना आदान-प्रदान गर्न उपस्थित हुन्छन्।

यसपालि देशमा शान्ति सुरक्षासँगै हत्या, हिंसा र अपहरण जस्ता क्रियाकलाप कम भएकाले महोत्सवमा १० हजारभन्दा बढी सर्वसाधारणको उपस्थिति थियो। रौता पोखरी सदरमुकाम गाईघाटबाट झन्डै ७ घण्टा पैदल यात्रापछि पुगिन्छ। महोत्सवमा विभिन्न झाँकी, गीत एवं नृत्य पनि प्रस्तुत गरिएको थियो भने भलिबल र फुटबलका प्रतिस्पर्धा पनि आयोजित गरिएको थियो, जसमा उदयपुर, खोटाङ, सिन्धुली, सिराहा सप्तरी आदि जिल्लाका खेलाडीहरूले भाग लिएका थिए।

महोत्सवमा नेपालको राष्ट्रिय फूल लालीगुराँस, ऐंसेलु, सल्लाको फूल, पात, घँगारुको लौरा, भोर्लाको पात, स्थानीय स्रोत र साधनबाट उत्पादीत टीका, दालमोठ, भुजिया, अगरबत्ती (धूप), टोपी झोला, गलफन आदि वस्तु प्रदर्शन गरिनुका साथै तिनीहरूको उपयोग र महत्त्वका सम्बन्धमा जानकारी गराइएको थियो।

-विमल खतिवडा

## पोखरामा रातभर कन्सर्ट

पोखरा- नयाँ वर्षको अघिल्लो दिन हिमाल एक्टिभाले पोखरामा बृहत् रूपमा समर मेघा ग्रान्ड तथा लाइभ कन्सर्ट सम्पन्न गर्‍यो। नववर्षको



स्वागत गर्ने उक्त कार्यक्रम बिहान ६ बजेसम्म चलेको थियो। स्वीमिङ पुलको ठीक अगाडि अग्लो भागमा बसेका डिजे सुर्वणले गीतहरू बजाए। बिस्तारै-बिस्तारै खुला चौरमा युवायुवतीहरू संगीतको नशामा झुम्न थालेपछि साँझ सात बजे एकाएक स्टेजमा पेलिसडेन्स ब्यान्ड प्रकट भयो।

पेलिसडेन्सले नारायण गोपालको मुटुमाथिलाई रिमिक्स गरेर गायो। यसका साथै उक्त ब्यान्डले अंग्रेजी गीत गाएर तन्नेरीहरूलाई केही उचाल्यो। लगत्तै बेडरक तथा डायमेज गिल्टर्सले रक अनि अंग्रेजी गीतले युवाजमातलाई उक्सायो। फ्रिक्स युनियन ब्यान्डले पनि कन्सर्टको वातावरण ततायो।

रातको ठीक आठ बजे स्टेजमा खैरो कोट र जिन्स पाइन्टमा ठाँटिएका सुगम पोखरेल हेल्लो पोखरा भन्दै झुल्किए। दर्शक उत्तेजित भए। उनले आफ्नो लोकप्रिय गीत फेरि त्यो दिन सम्झन चाहन्नँसहित आधा दर्जन गीत गाए। सुगमको प्रस्तुतिपछि दर्शकलाई नचाउन आइपुग्यो पोखराकै चर्चित रक ब्यान्ड द एज। रातको तीन बजेसम्म कन्सर्ट एकाहोरो जमिरहयो। त्यसपछि उज्यालो हुने बेलासम्म निद-चैन बिर्सेर तन्नेरीहरू डिजेको गीतमा झुमिरहे।

यस्तै नयाँ वर्षको स्वागत गर्न लेकसाइडस्थित क्लब प्याराडिसोमा आयोजित कार्यक्रममा डिस्को पारखीहरूको भीडले खुट्टा टेक्ने ठाउँसमेत थिएन। फूलबारी रिसोर्टमा पनि भव्य डान्सपार्टी भयो, जुन रातभर चल्यो। धैरेको आकर्षणको रूपमा रहेको फेवा महोत्सवको अवसरमा आयोजित कन्सर्ट तथा विविध सांस्कृतिक कार्यक्रमले पोखराको रातलाई अझ रंगीन बनायो। उक्त अवसरमा नायिका ऋचा घिमिरेको कामुक नृत्यले सबैलाई जुरुक-जुरुक बनाएको थियो। तीते-जिरेको हास्य प्रस्तुतिले पनि दर्शकहरूलाई प्रशस्तै हँसायो। रातको करिब साढे दुई बजेसम्म चलेको कार्यक्रमले फेवाको चिसो वातावरणमा मादकता छरेको थियो।

- शिव शर्मा

## नयाँवर्ष साँझ

नयाँ वर्ष २०६४ को आगमनलाइ स्वागत गर्दै होटल याक एन्ड यतीस्थित क्यासिनो रोयलमा कन्सर्ट सम्पन्न भयो। इभेन्ट म्यानेजमेन्ट कम्पनी 'टिम-वान' को आयोजनामा सम्पन्न उक्त कन्सर्ट बेलुका ८ बजेदेखि बिहान ४ बजेसम्म चलेको थियो। आयोजक टिम वानका



प्रकाश प्रधानका अनुसार उक्त कन्सर्टमा गायिका नलिना चित्रकार, रजनी कायस्थले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए। त्यसैगरी गायक सुदीप गिरी, जविक तथा ऱ्यापर समूह म्याडजोनले पनि उपस्थित दर्शकसमक्ष आफ्ना सांगीतिक प्रस्तुति दिएका थिए। कन्सर्टसँगै सम्पन्न डान्सपार्टीमा कलाकारहरूले दर्शकसँगै नाचेर नयाँ वर्षको शुभकामना आदान-प्रदान गरे। ११ बजेसम्म चल्ने भनिएको उक्त कन्सर्ट लम्बिएर बिहान ४ बजेसम्म पुगेको थियो।

PRIVATE TEST/SLC
२०६४ को लागि भर्ना खुल्यो
Bright Future Institute

40% Discount on Computer Courses
Basic computer
Diploma in computer
Graphic Designing
Web Page Designing
Accounting Package
Hardware & Networking
English Language
24 Hours Internet & Email Facility
Getway ☎ 4241870
Bagbazar, KTM.

प्राइभेट Test/S.L.C.
विगत वर्षहरूको अपार सफलता पछि २०६४ को लागि पनि Private Test/S.L.C.मा प्रभावकारी भर्ना खुलेको छ।
सबै विषय: विज्ञान र हिसाब माध्यम: अंग्रेजी र नेपाली
साथै Computer, Language/ Tuition Classes सञ्चालन गरिएका छन्।
EVEREST Educational Centre
Jamal, Kathmandu
Ph.: 4224838

प्राइभेट Test/S.L.C.
Kathmandu Multiple Institute
☎ 4232203

ग्यारेन्टी उपचार
No Side effect. 100% Guaranteed
4672065, 2084130

50% off
S.L.C. Students
Computer Courses, Languages
Kathmandu Multiple Institute
☎ 4232203

नयाँ वर्षको उपलक्ष्यमा महिला तथा पुरुषहरूको लागि SLC दिएका सबैका लागि सुवर्ण अवसर।
NGO
Basic, Ad. vance Diploma
नेपाल व्यूटिसियन ट्रेनिङ इन्स्टिच्युट
2100563, 9841399133

Career Coaching Centre संग परिचित प्रत्येक शिक्षक, अभिभावक तथा विद्यार्थीहरूमा नववर्ष २०६४को हार्दिक मंगलमय शुभकामना !!!
CCC मा अध्ययन गरेर St. Xavier's तथा ST. Mary's को कक्षा ९ मा नाम निकालेका 79% विद्यार्थीहरूलाई हार्दिक बधाई।
CAREER COACHING CENTRE
Tel: 5554362



# वर्षैभरि रिमिक्सको लहर

वर्ष २०६२ मा डिजे राजुले गरेको रिमिक्स 'च्याङ्बा होइ च्याङ्बा'ले सर्वत्र चर्चा पायो। फलस्वरूप वर्ष २०६३ मा त्यसको प्रभाव निकै पर्‍यो। रिमिक्स गर्ने कलाकार, एरेञ्जर तथा डिजे पुराना गीत र त्यसका आधिकारिक हकवालाको खोजी गर्न थाले। हकवालाहरूले पनि दाम आउने भएपछि रिमिक्सको अधिकार दिन मञ्जुरी दिए। हकवाला खोज्नुपर्ने बाध्यता पनि थियो।

गत वर्ष अधिकार नलिई डिजे सन्तोषले केही गीत रिमिक्स गरिदिँदा कानुनी झमेला बेहोर्नुपरेको कसैले बिर्सिएका थिएनन्। त्यति हुँदाहुँदै पनि शम्भुजित बाँसकोटाको 'वनमा फुल्यो फूल' गीतलाई दुई जनाले रिमिक्स गरे। उक्त कुरामा सामान्य विवाद भए पनि पछि त्यो साम्य भयो। डिजे सन्तोषको रिमिक्स गीत 'चियाबारीमा हो चियाबारीमा' जताततै घन्कियो। असोज महिनामा सार्वजनिक भएको उक्त गीत तथा एल्बम 'एडिक्सन'ले डिजे सन्तोष मात्र होइन, म्युजिक भिडियोमा नाच्ने मोडल प्रेरणा शर्मालाई समेत चर्चा तथा काम दिलायो। यसपटक पनि डिजे सन्तोषले एल्बमको अर्को रिमिक्स गीत 'सालको पात टपरी गाँसेर' अनुमति नलिई रिमिक्स गरेको भनेर गीतकी वास्तविक गायिका उमा गुरुङले आपत्ति जनाइन्। जे भए पनि वर्ष ०६३ लाई 'रिमिक्स गीतको वर्ष' भन्न सकिन्छ।

यो वर्ष प्रकाशित प्रायः एल्बममा एउटा मात्रै भए पनि रिमिक्स गीत समावेश गरिएको पाइयो। एक जना गायकका अनुसार संगीत उत्पादकहरू एल्बम चलाउनका लागि भए पनि कलाकारलाई रिमिक्स गीत राख्न लगाउँछन्। त्यसो त चर्चा पाउन गायकहरू रिमिक्स गाउन तयार पनि देखिए।

**बढ्दैछ सांगीतिक कार्यक्रम**

लोकतन्त्रको आन्दोलनपछि जनताले केही हदसम्म शान्तिको अनुभव गरिरहेका छन्। त्यसैले पनि संगीतकर्मीहरू उत्साहित छन्। यी कारणले वर्ष ०६३ मा कार्यक्रमहरूको संख्या अघिल्लो वर्षको तुलनामा बढेको छ। यो क्रम आगामी वर्ष अझ बढ्ने संकेत पनि देखिएको छ। आन्दोलनको लगत्तै इमेज एवार्ड वितरण भयो। यही वर्ष नेपालयको आयोजनामा नेपथ्य समूहले शान्ति संगीत यात्रा आयोजित गर्दै देशका विभिन्न स्थानमा कार्यक्रम प्रस्तुत गर्‍यो। गायिका आनी छोइङ डोल्माले पनि यसै वर्ष एकल कार्यक्रम गरिन्। गायक रामकृष्ण ढकाल पनि के कम, छोरी जन्मिएको जोसमा उनले पनि 'ढकाल सुमधुर साँझ' मार्फत आफ्ना चर्चित गीतहरू सुनाए। यसै वर्ष गायक यम बराल पनि छोराको बाबु भए भने उनले पनि एकल कार्यक्रम सम्पन्न गरे।

पलेँटी श्रृंखला तथा शुभारम्भ म्युजिक जर्नीमार्फत हरेक महिना पुराना तथा नयाँ संगीतकर्मीहरूको जमघट भैरह्यो। जन्मथलो पोखरामा गायक कर्णदासले पनि एकल कार्यक्रमको आयोजना गरे। गायक सविन राईले पनि आफ्नो जन्मथलो धरानमा एकल कार्यक्रम गरे। कान्तिपुर एफएम नवौं वर्षमा पुगेको अवसरमा सम्पन्न कार्यक्रम पनि रोचक रह्यो भने हिट्स एफएम म्युजिक एवार्डमा भने यसपटक स्वयं कलाकारहरूको रुचि कम भएको पाइयो। शिखर म्युजिक कन्सर्ट, यात्राको सम्पूर्ण तयारी भए पनि मधेस आन्दोलनका कारण हुन सकेन।

टुबोर्ग लोकदोहोरी प्रतियोगिताले काठमाडौंको भृकुटीमण्डपमा दर्शकहरूको घुइँचो बढायो। गायक मधु छेत्रीले संगीतकर्ममा लागेको तीस वर्षपछि एकल कार्यक्रम सम्पन्न गरे। यसका अतिरिक्त कलाकारहरूको विदेश जाने र कार्यक्रम गर्ने लहर वर्षैभरि चलिरह्यो। स्वदेशमा पनि सानातिना कार्यक्रमहरू भैरहे। अमेरिकाको 'ओजोमाट्ली', भारतको 'बम्बे भाइकिंग' पाकिस्तानको 'स्ट्रिङ्स' आदिले राजधानीमा कार्यक्रम गरे भने इन्डियन आइडल अभिजित सावन्त विराटनगरमा कार्यक्रम गर्ने सिलसिलामा दोस्रोपल्ट नेपाल आइपुगे।

**नौलो ट्रेन्ड/प्रयोग**

गायक निर्णय डा. एनएसकेले यो वर्ष नौलो प्रकारको सिडी बजारमा ल्याए। 'बाउन्स डा सिंगल' शीर्षकको उक्त सिडीमा एउटै गीतको विभिन्न रूप छ। 'बाउन्स' बोलको उक्त एउटै गीतको ओर्जिनल भर्सन, रिमिक्स, ढोलमिक्स भर्सनका साथै म्युजिक भिडियो पनि राखिएको छ। यसलाई संगीतमा नयाँ प्रयोग मान्न सकिन्छ। गायक अनिल सिंहले यो वर्ष आफ्नो आगामी एल्बमका लागि वेबसाइटमार्फत् श्रोता तथा प्रशंसकहरूसँग शीर्षक मागे। र्‍याप र लोकदोहोरीको माग बढेकोमा गायक प्रकाश पौडेलले दुवै शैलीलाई मिसाएर र्‍याप दोहोरी गीत तयार पारे। एल्बमको शीर्षकको अभाव भैरहेकोमा अनिलले झन्डै ४ सय वटा शीर्षक पाए। यसै वर्ष नेपाली संगीत क्षेत्रका गतिविधिलाई समेट्ने उद्देश्यले वेबपत्रिका 'फुर्सद डटकम' आरम्भ भयो, साथै संगीतलगायत सम्पूर्ण कलाजगत्लाई समेट्ने उद्देश्यले ई-नशा डटकम पनि आरम्भ भयो। यस अर्थमा नेपाली संगीत क्षेत्र साइबर युगमा प्रवेश गर्‍यो।

**-सुव्रत आचार्य**





## राजु परियार र डिजे सन्तोष

यसै वर्ष विवाह-बन्धनमा बाँधिएका सन्तोष सुवेदी अर्थात् डिजे सन्तोषको एल्बम 'एडिक्सन टु' धेरैले मन पराए। उक्त एल्बममा समावेश 'चियाबारीमा', 'सालको पात' लगायतका रिमिक्स गीतहरू लोकप्रिय भए। केही संगीत विक्रेताहरूद्वारा प्राप्त जानकारीअनुसार उक्त एल्बम यो वर्ष सर्वाधिक बिक्री भएको छ। त्यसो त आधुनिक, पप र रिमिक्स एल्बमको विधामा उनी यो वर्षको संगीत व्यक्तित्व बन्न सके। यद्यपि उनको उक्त एल्बमभन्दा लोकदोहोरी एल्बमहरू अझ बढी बिक्री हुने गरेका छन्। लोकगायक राजु परियार वर्षभरि सर्वाधिक व्यस्त भए। उनले गाएका गीतका एल्बम पनि यो वर्ष धेरै बिक्री भए। एक समाचारअनुसार हाल उनी दिनको औसत चारवटा गीत रेकर्डिङ गर्न व्यस्त रहन्छन्। एउटा गीतको ५ देखि १० हजार पाए भने पनि उनले दिनमा कम्तीमा २० हजार कमाउँछन्।



## वर्षका उत्कृष्ट १०

**आधुनिक/पप/रिमिक्स**

| | |
|---|---|
| १. चियाबारीमा | डिजे सन्तोष |
| २. आँखाभरि आँसु | जबिक |
| ३. पर्खाइमा | राजु लामा (मंगोलियन हार्ट) |
| ४. मनकी रानी | सुगम पोखरेल/म्याडजोन |
| ५. मूल हौ भने | हेमन्त शर्मा |
| ६. मन छाडे मैच्याङ | मिलन सुर्खेती |
| ७. बाखरी | डिजे एलएक्स |
| ८. दिलको कुरा | रामकृष्ण ढकाल |
| ९. कलकत्ते काइँयो | रोज मोक्तान/अविनाश घिसिङ |
| १०. पहिलो माया | आसिफ/द युनिटी |

**लोकदोहोरी**

| | |
|---|---|
| १. ड्राइभर दाइ मनपर्‍यो | रेशम सापकोटा/विष्णु माझी/लक्ष्मी न्यौपाने |
| २. के भनौ र खोइ | कस्तुप पन्त/राजु परियार/विष्णु माझी |
| ३. बटौलीमा बस | ज्ञानु गैरे/राजु परियार/विष्णु माझी |
| ४. भैंसी पालेर | अर्जुन गैरे/राजु परियार/विष्णु माझी |
| ५. पोइल जान पाम | कोमल ओली |
| ६. जनताको शासन | बद्री पंगेनी/अञ्जना गुरुङ |
| ७. औंठी कुशैको | विमलराज क्षेत्री/विष्णु माझी |
| ८. एउटा चिठी लेख्न | राजन ठकुरी/सिर्जना विरही/विष्णु माझी |
| ९. रुमाल रुझाउँछु | बुद्धिराम शर्मा/राजु परियार/बिमाकुमारी दुरा |
| १०. तिरिरी मुरली बज्यो | राजु परियार/माण्डवी त्रिपाठी |

**चलचित्र गीत/संगीतकार**

| | |
|---|---|
| १. मैले त्यही भएर मन परा'को | हिम्मत (महेश खड्का) |
| २. मै मोरीलाई लिन | तकदीर (महेश खड्का) |
| ३. चोरेर ओठको लाली | हंगामा (सुरेश अधिकारी) |
| ४. चिसो पानीले | दुनियाँ (शम्भुजित बासकोटा) |
| ५. तिम्रो अधरमा बस्ने | दादागिरी (चेतन सापकोटा) |
| ६. मंसिरमा जाडो | चोर-सिपाही (सञ्जय श्रेष्ठ) |
| ७. मुग्लिङ बजार | क्रोध (सुरेश अधिकारी) |
| ८. ओए ओए | अजम्बरी नाता (चेतन सापकोटा) |
| ९. बाटो नछेक | ए पण्डित बाजे (सुरेश अधिकारी) |
| १०. सिन्की अचार | लवकुश (लक्ष्मण शेष) |

## विवाद/घटना

-मंगोलियन हार्ट समूहका गायक राजु लामालाई उनको समूहका सदस्यहरू उनी मात्र एक्लै विदेशमा कार्यक्रम गर्न जाने र उनीहरूलाई नलाने गरेको गुनासो गर्दै आएका थिए। गत तिहारपछि निमा रुम्बा, मिग्मा शेर्पा आदिसँग राजु कार्यक्रम गर्न अमेरिका जाने भए। यसपटक भने उनले समूहका साथीहरूलाई आफूसँगै लिएर गए। झन्डै डेढ महिनापछि निमा र मिग्मा फर्किए पनि राजु फर्किएनन्। राजुलाई आयोजक तथा अमेरिकी सरकारले नेपाल फर्कन दिएको छैन।

-गायक उदित नारायण झाकी जेठी श्रीमती रञ्जना झाले हकदावी गर्दै भारतीय महिला आयोगमा मुद्दा दर्ता गराएपछि उक्त विवाद निकै चर्कियो। उदित अन्ततः रञ्जनालाई स्वीकार गर्न बाध्य भए।

-अविवाहित लोकगायिका कोमल ओलीले लोकशैलीको गीत 'पोइल जान पाम' गाएपछि चर्चा पाइन्। उक्त गीतलाई कतिपयले छाडा गीतको संज्ञा दिएपछि गीतले अझ बढी चर्चा पायो। एक जना लोकगायकले त्यसको जवाफ दिँदै अर्को गीत गाए- 'पोइल जान पाम भन्नेलाई मैले लान पाम'। त्यसपछि ओलीको गीत थप चर्चित भयो।



-गायक दिव्य सुब्बाले गत वर्ष 'पश्चात्ताप' गीत गाएर युवाहरूमाझ चर्चा पाएका थिए। यो वर्ष उनले आफ्नो पोल आफैं खोले। उनले आफ्नो गीत एक फिलिपेनो भाषाको गीतको संगीत र शैलीमा आधारित भएको बताए।

-गायक कुमार बस्नेतले आफ्नो निवासस्थानछेउ रहेको सार्वजनिक जग्गा जबर्जस्ती आफ्नो बनाएका रहेछन्। सार्वजनिक बगैंचा निर्माण गर्ने बेलामा उक्त कुरा पत्ता लागेपछि मुद्दा चर्कियो। अन्ततः अदालतले उनले जग्गा मिचेको ठहर गर्‍यो।

-गायक सविन राई एउटा कार्यक्रमको सिलसिलामा दुबई पुगेका थिए। गायक हुनुअगावै कामदार भएर उनी त्यहाँ पुगिसकेका थिए। उनले काम गरेको ठाउँमा केही हिसाब बक्यौता रहेछ। गायकका रूपमा दुबई पुगेका सविनलाई फर्किने बेलामा काम गरेको ठाउँका मानिसले पक्रेर लगेछन्, यद्यपि कुरा मिलाएर उनी त्यहाँबाट उम्किए।

-यौन दुराचारको आरोपमा पुर्पक्षका लागि थुनामा राखिएका गायक प्रकाश ओझा धरौटीमा रिहा गरिएपछि संगीत तथा चलचित्र क्षेत्रमा पुनः सक्रिय भए। उनले एउटा एल्बम निकाले। अहिले उनी चलचित्र 'दाइको ससुराली'मा अभिनय पनि गरिरहेका छन्।

-पुराना गायक तथा रेडियोकर्मी पाण्डव सुनुवारको निधन भयो। उनका विज्ञापन तथा म्युजिक भिडियो निर्देशक छोरा सिमोस सुनुवारले कतिपय कलाकारको म्युजिक भिडियो समयमै निर्माण नगरिदिँदा आलोचना पनि खेप्नुपर्‍यो।

-भृकुटीमण्डपमा लोकदोहोरी प्रतियोगिता सञ्चालन भैरहँदा लोकगायक बद्री पंगेनीले एक जना महिला कलाकारलाई विधवा बहिनी बनाएर नाटक गरेको चाल नपाउँदा दर्शकको भावनासँग खेलेको भन्दै दर्शकहरूले हातपात गर्न खोजेपछि प्रहरीले संरक्षण लिएर उनलाई जोगायो।

-लोकतान्त्रिक आन्दोलनपछि सरकारद्वारा पुरानो राष्ट्रिय गान खारेज गर्दै नयाँ राष्ट्रिय गान खोज्न एक समिति गठन गर्‍यो। समितिले कवि प्रदीपकुमार राई 'व्याकुल माइँला'ले रचेको राष्ट्रिय गीतलाई राष्ट्रिय गानका रूपमा प्रस्ताव गर्‍यो। यद्यपि उक्त प्रस्तावको कतिपयले विरोध गरे। हालसम्म पनि राष्ट्रिय गानको टुंगो लागिसकेको छैन।



# मानवअधिकारको स्थितिमा सुधार

पृष्ठ ५ बाट जारी

जिम्मेवार भएको भनिएको थियो। पीडितहरूलाई न्यायको पहुँच प्राप्त गर्नमा कलङ्कित हुने तथा प्रतिशोधको डर, बलात्कारका घटनाहरू दर्ता गर्न ३५ दिने कानुनी हदम्याद एवं यस्ता घटनाहरूको उजुरी गर्दा पनि न्यायको थोरै प्रमाण प्रमुख व्यवधान थिए।

उच्चायुक्तको कार्यालयले मानवअधिकारको पूर्ण सम्मानका साथ नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल दुवैको भिड नियन्त्रण गर्ने क्षमताको अनुगमन गर्ने कार्यलाई जारी राखेको छ। जवाफदेहीतादेखि भेदभाव, शिक्षा र स्वास्थ्यसम्बन्धी मुद्दाका सम्बन्धमा धेरै विरोधहरू विशेषतः राजधानीमा आयोजित गरिएका छन्। उच्चायुक्तको कार्यालयले प्रहरीले लट्ठी प्रहार गर्दा प्रदर्शनकारीहरूको टाउकोका साथै अन्य चोटपटक लागेका थप उदाहरणहरू अभिलिखित गरेको छ।

टाडोअन्तर्गत द्वन्द्वसँग सम्बन्धित पक्राउहरू र सासुऐअन्तर्गतका राजनैतिक पक्राउहरू युद्धविरामयता रोकिएका छन्। सार्वजनिक सुरक्षा ऐनअन्तर्गतको एउटै मात्र अपवाद भनेको वैशाख पूर्व गृह, परराष्ट्र र सञ्चारमन्त्रीहरू तथा दुई अन्य भूतपूर्व अधिकारीहरूको थुना थियो। नयाँ मापदण्डहरू स्थापना गर्नुपर्ने बेलामा पहिलेको सरकारको जस्तै तिनै स्वेच्छाचारी उपायहरूको प्रयोग गरेकोमा उच्चायुक्तको कार्यालयले नयाँ सरकारको आलोचना गर्‍यो। अन्ततः सबैलाई अदालतको आदेशमा रिहा गरियो र त्यसयता सार्वजनिक सुरक्षा ऐन लागू गरिएको छैन।

शान्ति सम्झौतामा भएका प्रावधानहरूका अतिरिक्ति, नेकपा (माओवादी)ले अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारका मान्यताप्रतिको आम सम्मान र प्रतिबद्धता व्यक्त गर्दै जारी वक्तव्य एवं कुटपिट, अपहरण, हत्या र जबर्जस्ती चन्दाका लागि जिम्मेवारहरूविरुद्ध कारबाही गर्न २०६३ भदौ १७ गते जारी निर्देशनहरूलगायत मानवअधिकारको सम्मान गर्ने अन्य प्रतिबद्धताहरू व्यक्त गर्‍यो। नेकपा (माओवादी)द्वारा भएका द्वन्द्वसँग सम्बन्धित उल्लङ्घनहरू युद्धविरामपछि अन्त्य भए, तर त्यसपछिका महिनाहरूमा विशेषतः 'कानुन कार्यान्वयन' र 'जनअदालत'का गतिविधि, एवं बालभर्तीसम्बन्धी दुर्व्यवहारका सम्बन्धमा गम्भीर सरोकारहरू थिए।

अप्रिलपछि, नेकपा (माओवादी)ले आफ्ना समानान्तर संरचनाहरू- प्रमुखतः 'जनअदालत' जिल्ला सदरमुकाम तथा गाउँसम्म फैलायो, जहाँ उनीहरू पहिला उपस्थित थिएनन्। नेकपा (माओवादी)का अध्यक्षको असार १९ गतेको 'विशेष निर्देशन'पछि अधिकांश 'जनअदालत'ले जिल्ला सदरमुकामहरूमा उजुरी सुन्न छाडे, तर ग्रामीण क्षेत्र तथा जिल्ला सदरमुकामको आसपासमा आ□नो कार्यलाई जारी राखे। नेकपा (माओवादी) द्वारा वैशाखदेखि कात्तिकसम्म करिब ३० बालबालिकालगायत झन्डै ३ सय ५० वटा अपहरण गरियो। विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएयता, मध्यक्षेत्र (जहाँ पुस २१ गते सम्म ३६ वटा अपहरण भएको कुराको पुष्टि भयो) बाहेक अपहरणमा तीव्र ह्रास आयो। उच्चायुक्तको कार्यालयद्वारा अनुगमित मुद्दाका अधिकांश अपहृतलाई रिहा गरियो।

दुर्व्यवहार तथा यातनाका घटनाहरू प्रतिवेदित भए र उच्चायुक्तको कार्यालयले आरोपहरूसँग मिल्दाजुल्दा चोटपटकहरू भएको प्रत्यक्ष देख्यो। केही दुर्व्यवहार नेकपा (माओवादी)को ट्रेड युनियन, अखिल नेपाल राष्ट्रिय ट्रेड युनियन महासंघ (क्रान्तिकारी) तथा युथ कम्युनिस्ट लिगजस्ता नेकपा (माओवादी) का भातृ सङ्गठनहरूद्वारा गरिएको थियो।

युद्धविरामका बाबजुद, नेकपा (माओवादी)द्वारा भएको बालबालिकाको भर्ती र प्रयोग निरन्तर प्रमुख सरोकारको विषय भएको छ कात्तिकमा मात्र अन्तर्राष्ट्रिय सिद्धान्तहरूको उल्लङ्घन गर्दै भर्ती गरिएका ५६ वटा घटना अभिलिखित गरिए। केहीलाई जनमुक्ति सेना (पीएलए) र मिलिसिया गतिविधिमा सक्रिय रूपमा भाग लिन भर्ती गरिएको भनियो। सबै स्थितिमा, नेकपा (माओवादी)ले भर्ती स्वेच्छिक भएको जिद्दी गर्‍यो। नेकपा (माओवादी)को नेतृत्वले भदौ ८ गते उच्चायुक्तको कार्यालय र युनिसेफसँगको बैठकमा नेकपा (माओवादी)मा 'असल कारणका लागि' हजारौं बालबालिका भएको स्वीकार गर्‍यो तर प्रमाणका बाबजुद उनीहरूको उपस्थितिलाई माओवादीले अस्वीकार गर्दै आएको छ।

२०६३ मा शिक्षक तथा स्कुले बालबालिकाहरूको ठूलो स्तरमा सामूहिक अपहणहरू भएका छन्। तैपनि, आम राजनैतिक भेलाहरूमा भाग लिन नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा वा यसको विद्यार्थी सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन-क्रान्तिकारी (अनेरास्ववियु-क्रान्तिकारी) द्वारा छोटो अवधिका लागि सामूहिक रूपमा अझै पक्राउ गरिँदै थिए। काठमाडौंमा हजारौं विद्यार्थीलाई स्कुलबाट अनेरास्ववियु-क्रान्तिकारीद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी गराउन लगियो।

जनआन्दोलन-२ पछि उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी)बाट अलग्गिएर गएको समूहका रूपमा सन् २००४ मा कार्य सञ्चालन गर्न सुरु गरेको अवैधानिक सशस्त्र समूह जनतान्त्रिक तराई मुक्ति मोर्चा (जेटीएमएम)द्वारा भएका हत्या र अपहरणका बढ्दो रिपोर्टहरू प्राप्त गर्‍यो। जेटीएमएम दुईवटा गुटमा टुक्रियो : जयकृष्ण गोइतद्वारा नेतृत्व गरिएको मातृ समूह र ज्वाला सिंहको नेतृत्वको अर्को समूह।

जेटीएमएमबाट करिब ३० जना पहाडीको अपहरणलगायत दुर्व्यवहारहरू जारी रहे। तीमध्ये अधिकांश फिरौती रकम तिरेपछि रिहाइ गरिए पनि कतिपय अझै बन्दी अवस्थामा छन्। केही अपहरण जेटीएमएमद्वारा आह्वान गरिएका यातायात तथा व्यापारिक हड्ताल (बन्द)का क्रममा भएका थिए। २०६३ पुस १ देखि पुस १५ गतेसम्मको बन्द पहिलो बन्द थियो जसले पहाडे मूलकाहरूलाई मात्र लक्षित गर्‍यो।

जेटीएमएम र नेकपा (माओवादी) विशेषतः सन् २००६ को जून र सेप्टेम्बरको बीचमा खुला द्वन्द्वमा लागे। नेकपा (माओवादी)का कम्तीमा पाँच सदस्यलाई जेटीएमएमद्वारा गोली हानियो भने जेटीएमएमका तीन सदस्यलाई नेकपा (माओवादी)द्वारा गोली हानियो। दुवै समूहले एक-अर्काको जासुसी गरेको आरोप लगाउँदै सदस्यहरूको अपहरण गरे। केही अपवादलाई छाडेर, प्रहरीले जेटीएमएम वा नेकपा (माओवादी) संलग्न हिंसात्मक कार्यहरूको छानबिन वा त्यसमा सकारात्मक हस्तक्षेप गरेका छैनन्।

उच्चायुक्तको कार्यालयले २०५९ पुसमा काठमाडौंस्थित महाराजगन्जको भैरवनाथ गणद्वारा पक्राउ गरिएका कम्तीमा ४९ जना व्यक्तिको स्वेच्छाचारी पक्राउ, यातना र बेपत्ताका सम्बन्धमा अभिलेख गर्दै पेस गरेको प्रतिवेदनको सरकारबाट गत पुससम्म कुनै पनि विस्तृत लिखित जवाफ प्राप्त गरेको थिएन। नेपाली सेनाले ती घटनाहरूका बारेमा आफूले छानबिन गरिरहेको जनायो र केही व्यक्तिका बारेमा जानकारी दियो। उच्चायुक्तको कार्यालयले दुई थुनुवालाई रिहा गरिएको र अर्को एक जनाको शव परिवारलाई बुझाइएको कुराको पुष्टि गर्‍यो, तर, अर्को घटनामा, यसले पीडित व्यक्तिको बम विस्फोटनमा मृत्यु भएको भन्ने नेपाली सेनाको दाबीलाई खण्डन गर्ने प्रमाणहरू फेला पर्‍यो। नेपाली सेनाले ४९ वटा घटनाको छानबिन गर्न स्थापित आफ्नो कार्यदलको प्रतिवेदन उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराएन।

गृह मन्त्रालयद्वारा एक-सदस्यीय बेपत्ता समिति स्थापना गरियो। सुरक्षाफौजद्वारा दिइएको जानकारी अनुसार सयभन्दा बढी बेपत्ता व्यक्तिको भाग्य वा स्थिति 'रिहाइ गरिएको' वा 'गोली हानाहानमा मारिएको' भनी पत्ता लगाइएको भन्दै साउन ९ गते प्रतिनिधिसभाको समितिसमक्ष आफ्ना प्रारम्भिक निष्कर्षहरू प्रस्तुत भए। थप ६ सय १ जनाको अझै हिसाबकिताब छैन।

हालसम्म भएका मानवअधिकार उल्लङ्घनहरूका लागि जवाफदेहिताको खोजी गर्नमा न्यायपालिकाको भूमिका सीमित छ, यद्यपि यसमा केही विकास पनि भएको छ। २०६३ पुस ४ गते, सर्वोच्च अदालतले अन्ततः महिनौंदेखि, कुनै त वर्षौंदेखि, थाती रहेका २७ वटा बेपत्ताका सम्बन्धमा बन्दीप्रत्यक्षी-करणका मुद्दामध्ये २२ वटाको सुनुवाई गर्‍यो। २०६३ भदौ १२ गते, पहिलो पटक, सुरक्षाफौजद्वारा पक्राउ गरिएपछि बेपत्ता भएका चार व्यक्तिको छानबिन गर्न एक कार्यदल सिर्जना गरियोस् भनी सर्वोच्च अदालतले आदेश दियो।

द्वन्द्वका क्रममा प्रतिवेदित १ सय २० भन्दा बढी अपहरण (जसमा व्यक्तिको भाग्य वा स्थिति अस्पष्ट छ) का सम्बन्धमा उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी)सँग आफ्ना सरोकारहरू बारबार उठाएको छ। यीमध्ये राजनैतिक दलका दर्जनौं सदस्य, शिक्षक, सुरक्षाफौजका सदस्य तथा आरोपित सुराकीहरू भएको मानिएको छ।

युद्धविरामयता बलजफ्ती गरिने आन्तरिक विस्थापन प्रायः अन्त्य भएको छ र धेरै आन्तरिक रूपले विस्थापित (आईडीपी) व्यक्ति अहिले घर फर्किरहेका छन्। दुवै पक्षले आइडीपीहरूको सुरक्षित र दिगो फिर्ती तथा जफत गरिएको जग्गा र सम्पत्ति फर्काउने प्रतिबद्धता व्यक्त गरेका छन्। केही जिल्लामा गैसस र स्थानीय अधिकारीहरूले अधिकांश आइडीपीहरू फर्किसकेको र अन्य ठाउँमा फर्कने क्रम भर्खर सुरु भैरहेको अनुमान गरेका छन्। जागिर, स्कुल र अन्य सामाजिक सेवामा अझ राम्रो पहुँचको आशा गर्दै ग्रामीण क्षेत्रका धेरै आइडीपी आफू हाल बसोबास गरेका शहरी समुदायमा एकीकृत हुने सम्भावना छ।

मधेसी समूहहरूले तराईमा पहाडेहरूको स्वतन्त्र आवागमन हुन नदिन श्रृङ्खलाबद्ध हड्तालको आयोजना गरे। मधेसीहरूको राजनैतिक दल नेपाल सद्भावना पार्टी (नेसपा)द्वारा आह्वान गरिएको हड्तालपछि मधेसी र पहाडीहरू-बीचको गम्भीर साम्प्रदायिक हिंसा मध्यपश्चिम क्षेत्रको नगर नेपालगन्जबाट सुरु भयो। त्यहाँ एक जना मारिए र विशेषतः मधेसीहरूको सम्पत्तिको व्यापक लुटपाट तथा विनाश भयो। कानुन व्यवस्था कायम राख्न तथा मधेसीको सम्पत्तिको पर्याप्त रूपले रक्षा गर्न प्रहरी विफल भयो। केन्द्रीय सरकारले यी घटनाको गाम्भीर्यलाई स्वीकार गर्‍यो, तर यी घटनाहरूले तराई क्षेत्रमा थप साम्प्रदायिक हिंसा हुनसक्ने, कानुन व्यवस्था कायम राख्न तथा अन्तर-सामुदायिक संवाद विकास गर्न कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको व्यावसायिक क्षमता बलियो बनाउने आवश्यकतालाई उजागर गर्‍यो।

गर्ल्स होस्टल
पाथिभरा गर्ल्स होस्टल

प्राईभेट TEST-SLC-2064
कोरियन, हिब्रु र अंग्रेजी भाषा
SMALL HEAVEN ACADEMY
ब्रिलियन्ट ओपन एकेडेमी
2171172, 016214510, 9841207258

FREE AUDITION
50% DISCOUNT

S.L.C दिएर बसेका विद्यार्थीहरूलाई
% छुटका साथ प्याकेज कोर्ष
सांस्कृतिक कला प्रशिक्षण केन्द्र
5528021

## सन्देश



कक्षा १२ का सम्पूर्ण साथीहरूमा नववर्षको शुभकामना साथै देशमा शन्तिको दियो बालिरहोस् भन्ने प्रार्थना गर्दछु ।

**दलबहादुर थापा**

साथीहरू शोभा, सरिता, अञ्जिला, सिर्जना, गोमा, सरस्वती, दीपा, आस्था, रश्मि, सुजन, सन्तोष, कान्छी, कल्पनालाई नववर्षको हार्दिक शुभकामना ।

**शिव श्रेष्ठ**

साथीहरू शान्ता, रञ्जना, शर्मिला, बबिता, देवकी, तुलसी, लक्ष्मण, विशाल, विवेक, देवेन्द्र, रवीन्द्र, किरण, कर्म, दीपेश, पवन तथा भाइहरू दीपक तथा रामेश्वरलाई नववर्षको हार्दिक शुभकामना ।

**ध्रुव**

स्नेही भान्जीहरू सीता, संजिता, नववर्षले जीवनमा नवीनतम बहारहरू वर्षाएर अगामी दिनमा जीवनलाई स्वर्णिम बनाओस्– शुभकामना । शुभेच्छुकहरू प्रत्येक पाइलामा समर्पित छन्, नववर्षको हार्दिक शुभकामना ।

**मामा राजकुमार**

आत्मीय मित्रहरू देव, पूर्ण, देवेन्द्र, रमेश, दीपक, धर्म, शरण, श्याम, काजी, मोहन, राम, प्रेम, राजकुमार, गणेश, राकेश, डम्बर, दशरथ, अनिल, माया, रश्मि, ज्ञान, एन्ड विजय, समुन, बहिनी सानु, ज्वाइँ केवी तथा पद्ममा नववर्षको विशेष शुभकामना ।

**धर्मभक्त**

मीना, नववर्षको हार्दिक शुभकामना । २०६३ सालमा पूरा नभएका सोचहरू २०६४ सालमा पूरा हुन्, अवसरले तिम्रो दैलो चुमून् ।

**कखग**

नववर्षको हार्दिक शुभकमना, तिम्रा हरेक पाइला सफलताले चुमोस् । हुन त म तिम्रो पसलबाट धेरै टाढा छैन, तर पनि तिमी सामु आएर भन्ने आँट नआएकाले पत्रमार्फत् तिमीसँग मित्रताको हात बढाउन चाहन्छु ।

**निश्चल**

कान्छो बुबा रामदत्त तथा माहिला बुवा रामप्रसादलाई सधैं राम्रो होस्, प्रगति होस्– हार्दिक शुभकामना ।

**विश्वनाथ न्यौपाने**

प्रमिला, कमला, कृष्णा, सवितामा नववर्षको हार्दिक शुभकामना ।

**मविन्द्र नाल्बो**

पासाङ ल्हामु शेर्पा मेमोरियल कलेजमा अध्ययनरत साथीहरूलाई नववर्षको हार्दिक शुभकामना । साथै उही एस.लाई मीठो सम्झना ।

**निमा**

सरस्वतीलगायत मलाई चिन्ने सम्पूर्ण इष्टमित्र, युनिक परिवार एवं दोलखालीहरूमा नववर्षको हार्दिक शुभकामना ।

**पुष्कर**

दीपा, हामी दुईको सम्बन्धसँगै एसएलसी परीक्षा सफल होस् । तिम्रो परिवारमा सुख, समृद्धि छाओस्– हार्दिक शुभकामना ।

**शंकर**

मामामाइजू, भाइ भूपाल, बुद्ध, सुमन, बहिनी आशा, काकाहरू भूपेन्द्र, कृष्ण, गोपाल काका, खुसु माइजू, यमुना, दीपक, मनोज, सीता, सुनीता, धनकुमार, उपेन्द्र, विनय, विनायक, विद्या, महेश, डिमा, लाक्पालगायत सम्पूर्ण परिचित मित्रहरूमा धेरै-धेरै सम्झनाका साथै नववर्ष प्रवेशको अवसरमा सुस्वास्थ एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**धनरूपा राई**

साथीहरू काले, देब्रे, जोगी, भोटे, खाते, बम, डल्ले, नकुल, अशोक, अञ्जना, प्रजिना, मुना, सुनकेशरी, रेविका, रेनु, रीता, इशा, सुधा, गंगा, दिया, विशेष गरी काजोलमा नववर्षको हार्दिक शुभकामना ।

**घायल प्रेमी**

साथीहरू पञ्च, नारद, सानकुमार, चन्द्र, रोशन, पूर्ण, प्रीति, मनिधन, मन, कुमार, आङ्ग सोनाम, लाक्पा, डिमा, टिफुर्वा, विश्व, मोती प्रदीप, भाइहरू दीपक, सचित, दिदी विमला, कमला, रमिला, बहिनी प्रेमकला, विद्याकला अनि भनिरत्नमा सु-स्वास्थ्य एवं दीर्घायुको शुभकामना ।

PRAYASH9-MANN□YAHOO.COM

मित्रहरू तुलसा, गोमा, विश्व, नवीन, तेन्जिङ, अञ्जना, रेजिना, रविना, सोभिका, सन्तोष, दीपक, मोति, लाक्पा, बहिनी विमला अनि प्रनितालाई मेल गर्न आग्रह गर्दै नववर्षको हार्दिक शुभकामना ।

DEEPLOVE4PRADIP□YAHOO.COM

नम्रता, प्रेम दुई आत्माको पवित्र संगम हो र खुसी जीवनको अनमोल अनुभूति एवं उपहार । त्यही अमूल्य खुसी पाउने मीठो अपेक्षासहित, तिम्रो जीवन फलोस्, फुलोस्, उत्तरोत्तर प्रगति होस्, तिम्रो कोमल पाइलाले सफलता चुमोस्, नववर्षको हार्दिक शुभकामना ।

**संजीव**

मित्रहरू कल्पना, उत्तम, रेश्म, छविरमण, सुब्बा, दुर्गा, पुष्कर, युवराज, रेजा, भरत, सुमित्रा, रोशनी, राजकुमार, सुभद्रा, नारायणी, कृष्ण, अस्मिता, प्रजिना, अनुज, भरत, भवानी, सपना तथा जनकमा नववर्षको हार्दिक शुभकामना ।

**मित्र**

रजला, विगतको मीठो सम्झना, तीतो वर्तमान छि: पापी समय, जे होस्, हरबिहान सूर्यको लालिमाले तिम्रो पदचाप चुमोस्, शुभकामना छ तिमीलाई ।

YOUR□LOVERPRABESH□YAHOO.COM

पत्रमित्र साथीहरू सम्झना, सिर्जना, गोमा, विष्णु, बिपना, सुनीति, पूनम, अंशु, उर्मिला, सिर्जना, नेहा, तारा, शर्मिला, रसिला तथा समीक्षामा नववर्षको हार्दिक शुभकामना ।

**दिनेश**

मेरी हृदयकी धड्कन



सम्झना, राजेश, सुन्तली, रजनी, जयरामका साथै घर-परिवारमा नववर्षको हार्दिक शुभकामना ।

**ज्ञानेन्द्र विष्ट**

साथीहरू मानव, समीक्षा, सुनीता, एलिना, जेतिशा, अनि गरिमालाई नववर्षको हार्दिक शुभकामना ।

**एन.बी.**

साथीहरू नरेन्द्र, मनोज, सन्तोष, विकास, नीरज, विशाल, मदन, कल्पना, शिवदेव, योगेश, शर्मिला, सुवास, युवराज, भरत, प्रवीण, सीताराम, निश्चल, दयाराम, विनोद, समीता, सुमन, गोकर्ण, दिलिप, पारु तथा प्रेमकलामा नववर्षको हार्दिक शुभकामना ।

**रविना, नराल**

साम्दिकीको जीवनमा हरेक पाइला-पाइलामा सफलता मिलोस् भन्ने कामनासहित सहपाठीहरू सविना, कमला, सुमित्रा, राजनलगायत समस्त चिरपरिचित मित्रहरूमा नववर्षको शुभकामना ।

**पेमनुरी**

दिदी तस्लिमा र मदिना, नववर्ष प्रवेशको पावन अवसरमा तपाईंहरूलाई (परिवारसमेत) सुस्वास्थ, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना ।

**बहिनी सलिमा**

मिलन, सन्तोष, दुर्गा, सानोभाइ, सुरेन्द्र, मेनकुमार, सपना, धर्म, प्रविन्दा, विद्या, शारदा, गंगा लगायतका सम्पूर्ण साथीहरूमा नववर्षको मंगलमय शुभकामना ।

**योगेन्द्र**

रीता, छोटो जीवनको लामो सम्झना, अधुरो जीवनको मधुरो माया । तिमीले जति बिर्सन खोजे पनि म मेरो मन- मस्तिष्क मुटुबाट बिर्सन सक्दिनँ । प्रिय, यदि मानिसको पुनर्जन्म हुन्छ भने म तिमीलाई अर्को जन्ममा पाऊँ भन्ने प्रार्थना गर्दछु । नववर्ष प्रवेशको पावन अवसरमा हार्दिक शुभकामना ।

**रमेश**

एसएलसी दिने सम्पूर्ण विद्यार्थी साथीहरू, स्पेसली मिडल प्वाइन्ट इ. बो. स्कुलका साथीहरूलाई परीक्षामा सफलता, उत्तरोत्तर प्रगतिको कामना साथै नववर्षको हार्दिक शुभकामना ।

**प्रमिला**

पत्रमित्र साथीहरू भाइ सन्त, राम, दिल, विकेश, अनिल, अस्मिताका साथै मित्र किरणमा उत्तरोत्तर प्रगतिको कामना ।

**दीपेन्द्र**

ईश्वरी, शान्ता, गीता, निर्मला, सीता, मीना, रमिला, चमेली, सुषमा, प्रमिला, स्वस्थानी, नानीमैया, अप्सरा, तारा, राधिका, हृदय, विमला, भगवती, उर्मिला, मीरा, नारायण, जयमाला, चिरञ्जीवी, खगेन्द्र, नारायण, खिलनाथ, डिल्ली, सपना, गंगा, सरिता, चन्द्रकला, आकृतिका साथै बुबाआमा तथा दाजुभाइ, दिदीबहिनी सबैमा नववर्षको हार्दिक शुभकामना ।

**वैधनाथ कोइराला**

साथीहरू सुष्मा, सीता, शिव, रमेश, ईश्वर, मुना, श्याम, दिदी जमुना, गंगा, मनु, कुमार, पविना, सविना, संगीता, सबै मामा, साथी रामकृष्ण बाबुराम, विपेन्द्र, श्रीबाबु, हिमाल, सुदर्शनलाई नववर्षको हार्दिक शुभकामना ।

**पूर्णिमा मोक्तान**

शोभा, सरिता, सिर्जना, भगवती, कान्छी जनक, रीता, सन्तोष, समिता, निर्मला, कल्पना, सविता तथा सुशीललाई एसएलसी परीक्षामा सफलताको शुभकामना ।

**शिव श्रेष्ठ**

सरिता, तिम्रो साथविनाको जिन्दगी सायद अब कल्पनासमेत गर्न सक्दिनँ, खै त्यसैले होला, हरक्षण, हरपल तिम्रै यादले सताउँछ अनि तिम्रै सम्झनामा टोलाइरहन्छु त्यसैले धेरै माया, साथमा नववर्षको हार्दिक शुभकामना ।

**अनुप**

बेकरीकी गोरी बहिनी, नववर्ष प्रवेशको अवसरमा सुस्वास्थ एवं दीर्घायुको कामना । तपाईंको हरेक पल, हरेक क्षण, सुखद रहोस् हरेक पाइला सफलताले चुमोस् नववर्षको हार्दिक शुभकामना ।

**वसन्त**

इमान्दार, सहयोगी, मिलनसार र सहृदयी साथी सुवास १९ औं वसन्त पार गरी २० औं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक शुभकामना ।

**सुवेदी**

सबैलाई नववर्षको शुभकामना, विशेष गरी प्रेम स्याङ्बोलाई ।

**अस्मि.**

रमेश, विकास, मोहन अनि एम., नववर्षले तपाईंहरूको जीवनमा नयाँ हर्ष तथा उमंग ल्याओस्, हार्दिक शुभकामना ।

**दुर्गा जर्घा**

सुनिता, कविता, रमिता, राजेश, नवीन, अबोध, रमेश, हरि, राम, शरण, सालु तथा अनितालाई नववर्षको शुभकामना ।

**मिथलेस**

मलाई माया गर्ने तथा देश विदेशमा बस्ने नेपाली दाजुभाइहरू, मेरा सम्पूर्ण शुभचिन्तक साथीहरू, विशेष गरी सन्तोष, तेजु, भाइ, सुष्मा, आन्टी, पार्वती, सुनिता, अनिता, तुलसालाई सुख-शान्ति एवं समृद्धिको मंगलमय शुभकामना ।

**प्रेमकान्छा मगर**

सविता, नववर्ष प्रवेशको सुअवसरमा मंगलमय शुभकामना । म तिमीसँग एउटा कुरा भन्न आग्रह गर्छु जुन तिमीले भन्छु भनी मलाई अल्मल्याउने गरेकी छौ । यदि मलाई एउटा साथीका रूपमा हेरेकी छौ भने साथीले गरेको गल्ती नै भए पनि औंल्याउनु तिम्रो कर्तव्य हो । मलाई यो पनि थाहा छ जुन कुराको भ्यालु तिमीलाई शून्य नै होला तर मेरा लागि बढी छ । आजसम्म त्यो कुराले मलाई खुल्दुली बनाइरहेको छ ।

**जे.पी.**

आदरणीय दाजुमा दुई हात जोडी नमस्कार साथमा नववर्षको शुभकामना । अनि यु.ए. बस्ने दाजुमा पनि लाखौंलाख सम्झना ।

**शुक्र तामाङ**

साथीहरू समिर, रक्सन, शरीस, सागर, प्रावि, दिनेश, रमेश, सन्दीप, मनिषा, शनि, मोहन, बाल कीसी, सञ्जय तथा शैलेनलाई नववर्षको हार्दिक शुभकामना ।

**अनिल महर्जन**

नववर्ष प्रवेशको शुअवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा शान्ति, समृद्धि तथा प्रगतिको हार्दिक शुभकामना ।

**केशव खनाल**

मेरा सम्पूर्ण साथीलाई हार्दिक शुभकामना साथै अञ्जान, सम्झना, समीक्षा, शान्ति, सविना, आशिया, सन्ध्या तथा सलिनालाई छिटोभन्दा छिटो पत्र कोर्न आग्रह छ ।

**मुक्ति अधिकारी**

रश्मी, नववर्षको आगमनसँगै तिम्रो जिन्दगीमा प्रगतिका ढोकाहरू खुल्दै जाउन्, हाँसीखुसीले तिमीलाई एकपल पनि नछाडोस्, यही छ मेरो शुभकामना । फेरि म तिमीसँग सरी भन्न चाहन्छु एवं नववर्षसँगै मित्रताको हात बढाउँछु ।

**एम.आर.सी.**

साथीहरू सञ्जु, सञ्जिता, सानु, शान्ति, सोम, सुशीला, कमला, राम, निर्मला, राधिका, गोमा लगायत लामोसाँघुमा +२ अध्ययन गर्ने साथीहरू रविन, रामचन्द्र, दुवै रमेश, मिलन, भीम, हरिदाइ आदि सबैमा नववर्षको हार्दिक शुभकामना ।

**विरही**

सु.बि.कु.रो.आ.वि. र दुवै शोभा, कुन्ति, प्रजित, शैलेश, निरज, अस्मिता, प्राप्ति दिदी, प्रतिमा, अस्मिता, तृप्ति, मेरी मनि, बहिनी संगीता, मेरा दादाहरू र भाउजू कल्पना, मामा, माइजु, अंकल-आन्टीमा नववर्षको धेरै-धेरै शुभकामना । हजुरहरूले चालेका हरेक पाइला सफलताले चुमोस् भन्दै उत्तरोत्तर प्रगतिको मंगलमय कामना व्यक्त गर्दछु ।

**सुजाता बस्नेत**

नववर्ष प्रवेशको सु-अवसरमा बुबाआमा, हजुरआमा, दाइ-भाउजु, दिदी, भतिज सुदीप तथा ठूलाबुबा-आमाहरू, दाइ-भाउजुहरू, भतिज-भतिजीहरू, दिदी-भिनाजुहरू, भाञ्जा-भाञ्जीहरू, बहिनीहरू शुशीला, सुष्मा, साथीहरू विदुर, बद्री, युवराज, सुमन, रोशन, सन्तोष, सोम, लक्ष्मण, राम, रमेश, गणेश दाइ लगायत भक्तपुर बहुमुखी क्याम्पसमा अध्ययनरत साथीहरूमा हार्दिक शुभकामना ।

**श्यामप्रसाद ढकाल**

प्रतीक्षा, तिम्रो जीवनमा दुःखले कहिल्यै पनि ठाउँ नपाओस्, सुखी भएर बाँच ।

**सुवास**

लक्ष्मी, प्रगति, सुख, शान्ति, एवं सुस्वास्थको कामना गर्दै नववर्षसँगै दाम्पत्य जीवन अझ बढी सुखमय होस्, मंगलमय शुभकामना ।

**रमेश चन्द्र**

लापिलाङ्ग समाजिक विकास कल्याण सेवा समितिलाई माया गर्ने सम्पूर्ण दोलखाबासीलाई उत्तरोत्तर प्रगतिको शुभकामना ।

**चेतबहादुर थापा**

सीता, संगीता, मीरा, सरिता, राम सर, बुबा-मम्मी, भाइहरू महेश, शेखर, केशव, बहिनी मनिषा तथा अंकल-अन्टीलाई नववर्षको हार्दिक शुभकामना ।

**सागर**

पथरी युथ क्लबका साथीहरू सुरेश, टेकनाथ, रमेश, खगेन्द्र लगायत विदेशमा रहेका क्लबका तमाम सदस्यलाई नववर्षको मंगलमय शुभकामना ।

**मवीन्द्र नाल्बो**

समीर, तपाईंप्रति असीमित माया भए पनि माया देखाउने कुनै साधन बनेको छैन अहिलेसम्म ।



## सन्देश



नववर्ष आगमनको पावन अवसरमा घर-परिवार, पल्लोघरका अंकलहरू, आन्टीहरू, भाइबहिनीहरू, मामा-माइजुहरू, सन्तोष दाइ, भाउजु, विक्रम, सम्बत, निशा, संगीता, सानिमा सानोबुबा, शरण अंकल, रूपा आन्टी, कुसुम, कुञ्जन, रवि, सुवास तथा मलाई चिन्नुहुने साथीहरू, रीता, गीता, दीपा एवं सानी भतिजी सौरिमालाई मंगलमय शुभकामना ।

**सुमन ढकाल**

शुकमायालाई नववर्षको हार्दिक शुभकामना ।

**गणेश राई**

नववर्ष प्रवेशको सु-अवसरमा तिम्रो जीवनमा खुसी एवं उमङ्ग ल्यायोस् भन्ने हृदयदेखिको शुभकामना । साथै सुस्वास्थ्य, दीर्घायु एवं सफलताको मंगलमय शुभकामना ।

**एन.बी.**

त्यसैले बस् म यतिमात्र भन्न चाहन्छु– माया त केवल मनमा हुन्छ न त मायालाई पोख्न मिल्छ न त शब्दमा सीमित गरेर नै व्यक्त गर्न सकिन्छ । नववर्ष सुखपूर्वक बितोस्, मेरा तर्फबाट हार्दिक शुभकामना ।

**अभागी**




**प्रश्न : म १७ वर्षीया युवती हु । मैले आजसम्म कसैसँग यौनसम्पर्क राखेको छैन, तर मसँग बस्ने मेरो साथीको कुरा सुन्दा मलाई यस विषयमा जान्न मन लागेको छ, अर्थात् यौनसम्पर्कका क्रममा ध्यान दिनुपर्ने कुरा के-के हुन् ? स्तन किन यौन अंग हो ? यसलाई के गर्दा यौन सुख मिल्छ र यौनसम्पर्कमा पहिरनको स्थान के हुन्छ ?**

–एस.पी.

**उत्तर : यौनसम्पर्कका बेलामा के-के कुरामा ध्यान दिनुपर्छ ?**

यो उमेरमा यौन र यौनसम्पर्कप्रति चासो नहुनु असामान्य मानिन सक्छ । यदि तपाईं यौनसम्पर्क राख्नका लागि शारीरिक तथा मानसिक रूपमा तयार हुनुहुन्न भने यौनसम्पर्क राख्ने कुरै भएन । यौनसम्पर्कका क्रममा ध्यान दिनुपर्ने कुरा सोध्नुभएकाले तपाईंको आशय के हो ? राम्रोसँग बुझ्न सकिएन । फेरि यौनसम्पर्कको कुन पक्षलाई संकेत गरेर सोध्नुभएको हो ? त्यो पनि थाहा पाउन सकिएन । तपाईंले साथीसँग के कुरा गर्नुभयो वा साथीको के कुरा भन्नुभयो ? अनुमान लगाउन सकिने स्थिति पनि भएन । यद्यपि यसका केही महत्त्वपूर्ण पक्षका बारेमा कुरा गर्ने जमर्को गर्नेछौं ।

सायद यौनसम्पर्कबाट प्राप्त हुने आनन्द मानिसले प्राप्त गर्ने सबैभन्दा उत्तम आनन्द हो । यौनसम्पर्क सन्तान उत्पत्तिका लागि आवश्यक भएकाले यो आनन्द प्रकृतिले हामीलाई दिएको हुनुपर्छ, तर यौनसम्पर्क राख्दा अनेक कुरामा ध्यान दिनुपर्छ ।

**आनन्दका लागि**

आनन्द प्राप्तिको कुरा गर्ने हो चरम आनन्दमा पुग्न अनेक कुरामा ध्यान दिनुपर्छ । महिलाको यौन संवेदनशील अङ्गको घर्षण चरमसुखका लागि आवश्यक कुरा हो । यौनसम्पर्क आरामदायी अनि तनावरहित वातावरणमा हुनु आवश्यक छ । सुमधुर सम्बन्ध हुनु यसको अर्को महत्त्वपूर्ण पक्ष हो ।

**रोगबाट बच्न**

चरम रमाइलो वा आनन्द प्राप्त हुने भए पनि यो खतरामुक्त भने छैन । यौनसम्पर्क राख्दा एच.आई.भी. लगायत अनेक यौनरोग लाग्न सक्छन् । धेरैजसो मानिसलाई यौनसम्पर्क राखेकै कारणले एच.आई.भी.सरेको छ । कतिपय यौनरोगको गम्भीर असरका कारण बाँझोपनको सिकार हुनुपरेको छ भने अर्कातिर आमा र शिशुको स्वास्थ्यमा गम्भीर असर पनि परेको छ । यस्ता संक्रमणबाट बच्न कन्डमको नियमित प्रयोग आवश्यक हुन्छ ।

**गर्भबाट बच्न**






यौनसम्पर्क आनन्द एवं सन्तान प्राप्ति दुवैका लागि महत्त्वपूर्ण कुरा हो, तर अहिलेको परिवेशमा सन्तान कहिले जन्माउने भन्ने कुरामा निकै विचार पुर्‍याउनुपर्छ । सन्तान रहरले जन्माइनुपर्छ । त्यसैले यौनसम्पर्क राख्दा गर्भनिरोधका लागि प्रभावकारी उपाय अपनाउनुपर्छ ।

अझ विवाहभन्दा बाहिरको यौनसम्पर्क हो भने त गर्भ रहन नदिन निकै विचार पुर्‍याउनुपर्ने हुन्छ । विवाह सम्बन्धभन्दा बाहिरबाट गर्भ रहे सो गर्भ सामान्यतया अनिच्छित गर्भ हुने भएकाले असुरक्षित गर्भपतन गराउनुपर्ने स्थिति एकातिर पर्न सक्छ भने अर्कातिर समाजले थाहा पाउँदा परिवार तथा सामाजिक वहिष्कारसमेत हुनसक्छ । त्यसैले यौनसम्पर्क राख्दा गर्भ नरहोस् भनेर विशेष विचार पुर्‍याउनुपर्छ ।

**गोप्यताको कुरा**

विशेष गरेर विवाह बाहिर यौनसम्पर्क राख्न समाजले मान्यता नदिने भएकाले यस्तो सम्पर्क राखेको कुरा कुनै तेस्रो व्यक्तिले थाहा पाउनुको आफ्नै गम्भीर असर हुन सक्छ । आफ्नो, परिवारको अनि समुदायको नै इज्जतमा असर पर्छ । अनावश्यक लान्छना लाग्छन् । हाम्रो समाजमा विवाहभन्दा बाहिरको यौनसम्बन्धको इज्जतदेखि आर्थिक तथा वृत्तिविकासमा समेत गम्भीर नकारात्मक असर पर्ने भएकाले यसलाई गोप्य नै राखिन्छ । गोप्यता राख्न गाह्रो हुने कारणले कतिपयले यस्तो सम्बन्ध नै नराख्ने निर्णय गर्छन् ।

**सम्बन्धका कुरा**


यौनसम्पर्क राख्नु एउटा गम्भीर कार्य हो । यसमा दुई व्यक्तिबीचको घनिष्ठता देखिन्छ । प्रेममय र आत्मीय सम्बन्धविना यौनसम्बन्ध राख्दा नकारात्मक असर झेल्नुपर्ने स्थिति आउन सक्छ ।

**स्तन किन यौन अंग ?**

हाम्रो शरीरको सबै भाग समान रूपमा यौन संवेदनशील हुँदैनन् । महिला भगांकुर, योनि तथा भगक्षेत्र मात्र होइन, स्तन पनि यौन संवेदनशील हुन्छ । स्तनको मर्दनबाट यौन सुखानुभूति हुन्छ । मुन्टो तथा त्यस वरिवरिको भाग विशेष संवेदनशील हुन्छ र यौन उत्तेजना हुँदा मुन्टो केही कडा र उठेको समेत हुन्छ । केही फरक परे पनि पुरुषको स्तनको मुन्टो पनि यौन संवेदनशील नहुने होइन । यौन क्रियाकलापका दौरान स्तनको मर्दन वा चलाइ, सुमसुम्याइ वा चुम्बनले स्थान पाएको हुन्छ । त्यसैले स्तन यौन अङ्ग नहुने कुरै भएन ।


**यौनसम्पर्कमा पहिरनको स्थान**

समाजअनुसार फरक-फरक पर्ने भए पनि यौन उत्तेजनाको स्रोतको सहयोगीका रूपमा पहिरनले जहिले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यो कसरी फुकालिन्छ भन्ने कुराले पाक्क्रीडामा समेत महत्त्वपूर्ण भूमिका खेल्छ । अहिले भित्री लुगाको व्यापक माग भएको र यसलाई यौन आकर्षक बनाउने होड चलेको तथा त्यसको ठूलो विश्वबजार भएको कुराले नै त्यसको महत्त्वलाई प्रस्ट देखाइरहेको छ । कुनै खास पहिरनको कुरा गर्नुभएको भए स्पष्टसँग पत्र लेख्नुभए हुन्छ ।










## यसरी मनाइयो इलामतिर नयाँ वर्ष

इलाम- वैशाख १, २०६४ बिहानैको कुरा हो यो। इलामको कुटीडाँडामा पाथीभरा महोत्सवको आयोजना गरिएको थियो। त्यहाँबाट माथिको हरियो जंगलभित्र पहाडको टुप्पोमा पाथीभरा देवीको मन्दिर छ। जुन धार्मिक एवं पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिन्छ। त्यसको प्राङ्गणमा पनि अर्को कार्यक्रम थियो। इलामको इसारा साहित्यिक परिवारले आयोजना गरेको शुभकामना साहित्यिक तथा वनभोज कार्यक्रममा पचासौं स्रष्टाको सहभागिता थियो।

पाथीभरा महोत्सवको अर्को आकर्षण विभिन्न आदिवासी जनजातिको सांस्कृतिक महत्त्व झल्काउने झाँकी तथा नृत्य थियो। तल कुटीडाँडा, हाँस पोखरी आसपास थापिएको पिङलगायत विभिन्न खेल, मनोरञ्जनका साधनहरूमा रमाउनेहरू पनि कम थिएनन्। आयोजक समितिका संयोजक एनबी राईका अनुसार महोत्सवमा ५० हजारको हाराहारीमा दर्शक एवं भक्तजन उपस्थित थिए।

महोत्सव अवलोकन गर्न सीमापारि मिरिक, दार्जीलिङ र यता विशेष गरी मेची अंचललगायत देशका विभिन्न भागबाट मानिसहरू आएका थिए। माथि माईपोखरीको शीतल जलाशयको अवलोकन तथा दर्शन गर्ने मानिसहरू पनि कम भएनन्। यता इलाम सदरमुकाम बसैरै नयाँ वर्ष मनाउनेहरू पनि कम थिएनन्। सदरमुकामदेखि पश्चिम पुवाखोलाको किनारमा अवस्थित सेतीदेवी मन्दिरमा पूजाआजा गरी शुभकामना साटासाट गरेपछि चियाबारीभरि तस्बिर खिच्ने युवायुवतीहरूको उत्साह नै अर्कै देखिन्थ्यो। इलाम पश्चिमको सुन्दर चिया बगान पानीटार, गुफाथुम्की जस्ता ग्रामीण भेगमा पनि स्थानीय मानिसहरू भेला भएर रमाइलो गरे।

**–सोमनाथ मुखिया सुनुवार**

## चिया बगानमा धुर्मुस, सुन्तु र माग्नेबूढा

इलाम- नयाँ वर्षलाई अविस्मरणीय बनाउन कन्यामको चिया बगान पुग्नेहरूले मनोरञ्नात्मक सांगीतिक कार्यक्रमका साथमा चर्चित हास्यकलाकारहरूको प्रत्यक्ष प्रस्तुतिको स्वाद चाख्ने मौका पाए। छोटो अवधिमै निकै चर्चा बटुलेका सीताराम कट्टेल 'धुर्मुस', कुञ्जना घिमिरे 'सुन्तु', केदार घिमिरे 'माग्ने बूढा' र सुरज चापागाईं 'बान्द्रे' को प्रस्तुति हेर्न जम्मा भएको ठूलो जमातले उनीहरूको हास्यप्रस्तुतिबाट पर्याप्त आनन्द लुट्यो।

कन्यामको श्रीकृष्णाश्रम उच्च मा.वि.को प्रांगणमा आयोजित 'बृहत् सांगीतिक कार्यक्रममा' मेरी बास्सै युनिटसहित स्थानीय कलाकारहरूको प्रस्तुतिले पर्याप्त मनोरञ्जन प्रदान गरेको थियो। त्यसैगरी पाल्पाली कलाकारहरूले प्रस्तुत गरेको दोहोरी गीत पनि कम मनोरञ्जानात्मक थिएन। कार्यक्रममा इलामे कलाकार डेनी निरौला, नेपाली तारा टप टेनमा पुग्न सफल झुमा निरौला आदिले आ-आफ्नो गीत प्रस्तुत गरेका थिए।

यसैगरी वैशाख ३ गते इलामकै कुटीडाँडामा आयोजित अर्को एक सांगीतिक कार्यक्रममा दर्शकको ठूलो भीड थियो। इलामकै कलाकारहरू भूपेन राई, पूजन प्रधान आदिले कार्यक्रममा सांगीतिक प्रस्तुति दिए। इलामको कोल्बुङस्थित बहिनी पाथीभराको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोजित पाथिभरा धार्मिक महोत्सवका अवसरमा उक्त कार्यक्रम प्रस्तुत गरिएको थियो। कार्यक्रममा दार्जीलिङबाट आएको पराक्रम ब्यान्डको प्रस्तुति पनि मनोरञ्जनात्मक थियो।

**–शिव मुखिया**

# फेरि फेसन कम्ब्याटको

**पृष्ठ १ बाट जारी**

कम्ब्याट पहिरनका सौखिन हुन्। केही पहिले यो पहिरन लगाउँदा त्रसित हुनुपर्थ्यो, उनी भन्छन्- अहिले समयको परिवर्तनसँगै यो पहिरन जुनसुकै बेला पनि लगाउन पाइएको छ, बन्देज छैन। उनी सजिलो र भिन्न लुक्सका लागि यस्तो पहिरन लगाउने गरेको बताउँछन्।

माओवादीका उच्च



कमाण्डरहरूले विशेषगरी क्वालिटीकै कम्ब्याक्ट परिहन लगाउँछन् भने जनसेनाले लगाउने पहिरन भने सामान्य खालको हुन्छ। जाडो र गर्मी दुवै मौसममा लगाउन मिल्ने भएकाले पनि यो सबैका लागि छनौटको पहिरन बन्दै गएको विक्रेताहरू बताउँछन्। कुनै बेला लुकाएर बिक्री गर्नुपर्ने बाध्यता रहेको कम्ब्याट परिहन अहिले खुला बिक्री हुन थालेपछि यसको माग पनि बढिरहेको छ। खासगरी यो कपडा बेलायतबाट नेपाल भित्रिन्छ। कतिपय त लाहुरेहरूले नै बोकेर पनि आउँछन्। युवायुवतीको चाहना बमोजिम रेडिमेडदेखि सिलाएर व्यापारीहरूले यसको बिक्री वितरण गर्दै आएका छन्। आइइसी फेसन सेन्टर पोखराका प्रबन्ध निर्देशक नवीन पाख्रिन सेन्टरमा विशेषगरी युवतीहरूलाई लक्षित गरी यही पहिरनको स्कर्ट तयार पार्ने गरिएको बताउँछन्। युवतीहरूको चाहना यस्तो पहिरनमा छ तर बजारमा कम देखिन्छ।

कुनै समय यस्तो पनि थियो कम्ब्याट पहिरन लगाएर कोही बाटोमा हिंडेको देखियो भने सबै जना ऊ, लाहुरे भनेर औंल्याउँथे तर अहिले लाहुरेसँगै जुनसुकै क्षेत्र, उमेर तथा स्तरका व्यक्तिहरूले यो पहिरन लगाएको देख्दा भन्न करै लाग्छ- कम्ब्याटको पनि फेसन चर्किएछ। हिजोआज सहरको रंगीन रातमा जम्ने फेसन सोमा समेत यो पहिरनको भिन्दै सिक्वेन्स हुन्छ। लब्ली पोखरा डकटमले कम्ब्याट स्कर्ट र जुत्तामा मोडल सुधा खालिङको फोटो सेसन समेत गराइसकेको छ। मोडलहरू माझ पनि यो पहिरनको आकर्षण कम छैन। कोरियोग्राफर तथा मोडल रवीन्द्र बज्राचार्य पनि कम्ब्याट पहिरनका सौखिन हुन्। उनी समय-समयमा यही कपडाको पाइन्ट तथा ज्याकेट लगाउँछन्। रवीन्द्र भन्छन्- 'कम्ब्याट पहिरनले स्टाइलिस्ट लुक्सका साथै नयाँपनको आभास दिन्छ।'

### बद्रीको कम्ब्याट मोह



जनआन्दोलन-२ का क्रममा लोकगायक बद्री पंगेनी अग्रणी भूमिकामा देखिएका थिए। सडक आन्दोलनका क्रममा निक्लिएका जनता सामुन्ने लोकतान्त्रिक लोक-दोहोरी गाएर उत्साहित गर्न पंगेनीको भूमिका त्यत्तिकै महत्त्वपूर्ण थियो। असिनपसिन भएर पंगेनी जनताको ठूलो समूहमा जनचेतना फैलाउने गीत गाइरहेका हुन्थे। जनआन्दोलन सफल भएको केही महिनापछि तिनै बद्री 'कम्ब्याट ड्रेस'मा देखा परे। गएको जाडो मौसमका कतिपय कार्यक्रममा उनी 'कम्ब्याट ड्रेस' नै लगाएर गाइरहेका भेटिए। कसैलाई भेट्न जाँदा होस् वा सञ्चारमाध्यमहरूमा अन्तर्वार्ता दिँदा होस्, उनलाई प्रायः 'कम्ब्याट ड्रेस'मै देखियो। 'कम्ब्याट ड्रेस' प्रति यतिविधि मोह किन ? सैनिक वा माओवादी बन्ने रहर पूरा नभएकोमा हो कि ? 'होइन, पटक्कै होइन,' -उनले अस्वीकार गरे। कुरा खुलस्त पार्दै उनले भने- 'त्यस्तो प्रश्न मलाई अरूले पनि सोधेका थिए। म यो पहिरनमा कस्तो देखिन्छु भन्दा पनि यस्तै पहिरन लगाउनेहरूकै भिडन्तले देशले दश वर्ष अशान्त वातावरण झेल्नुपऱ्यो। हजारौं सहिद भए। क्रान्ति र शान्तिका नाममा यस्तो पहिरन लगाएकाहरूबाट देशवासीहरू त्रस्त भएको देखियो। देशमा शान्ति पुनःर्स्थापनापछि मैले सोचें– यो पहिरन लगाउँदा कुनै अलग प्रकारको जोस वा आँट आउँछ कि ? तर जब 'कम्ब्याट ड्रेस' किनेर लगाउन थालें, मलाई महसुस भयो पहिरनमा कुनै त्यस्तो शक्ति रहेनछ। त्यो पहिरनभित्र त म अर्थात् एउटा नेपाली नै बाँचेको रहेछु। अन्य पहिरन लगाउँदा मलाई जस्तो अनुभव हुन्थ्यो, यसमा पनि त्यही कुरा भयो। यही कुरा अनुभव गर्न मैले 'कम्ब्याट ड्रेस' लगाउन थालेको हुँ।'


Private Test/
SLC - 2064
100 % Result
TVA, Lagankhel
2121717, 9841202591

आवश्यकता
निश्चित नतिजाको ग्यारेन्टी
Silver Heart Pvt. Ltd.
Tinkune, Kathmandu
Tel: 2042827, 2304396

इजरायल / कोरिया
हिब्रु (Hebrew) भाषा, कोरियन भाषा, तथा अंग्रेजी भाषा तालिम।
House Keeping, Nursing तथा Orientation तालिम।
Cook/Waiter तालिम।
सम्पर्क : पाइथागोरस एकेडेमी

प्राइभेट TEST/SLC २०६४ मा नयाँ भर्ना खुल्यो
कक्षा ८ पास, कक्षा ९ / Test / SLC फेल भएर स्कूल जान नसकेका विद्यार्थीहरूको लागि सिमित सिटमा धमाधम नयाँ भर्ना लिईदै छ।
विगतमा उत्कृष्ट Result दिन सफल एकमात्र संस्था
SAMARPAN ACADEMY
Lagankhel, Lalitpur, Ph. No. 5547574
Entrance Preparation Classes for
STAFF NURSE
H.A., D-Pharma CMA,
ANM, Lab Tech/Assit.
Features
◆ Class Test, Model Test
◆ Books & Materials Free
◆ Scholarship Scheme
◆ अनुभवी डा. तथा नर्सहरूद्वारा अध्यापन गराइने।






# नयाँ धरातलको खोजीमा अल्झिएको रंगमञ्च

● विदुर खतिवडा

नेपाली रंगमञ्चका लागि वर्ष २०६३ औसत वर्ष रह्यो। नाट्यशालाको क्षेत्रमा नयाँ प्रयोग गर्न खोजिए पनि नाटक विकास र प्रदर्शनको क्षेत्रमा नयाँ अवधारणा भित्रन सकेन। सशस्त्र द्वन्द्वले निकै नराम्रोसँग चिमोटेको वर्तमान यथार्थको विषयलाई आधार बनाएर केही नाटक प्रस्तुत त भए, तर ती प्रस्तुति प्रभावकारी देखिएनन्। राजनैतिक रूपमा सफल 'अप्रिल क्रान्ति' देखि संविधानसभा उन्मुख भैरहेको वर्तमान अवस्थासम्म नाट्यकर्मीहरूको सक्रिय सहभागिता सुखनाभूति गराउने पक्ष रह्यो।

वर्षको प्रारम्भिक दिनमा जनआन्दोलन-२ सम्पन्न हुँदै थियो। वर्ष २०६३ प्रारम्भ हुनुभन्दा ठीक एक दिनअघि आन्दोलनको समर्थनमा निस्किएका केही नाट्यकर्मीलाई तत्कालीन शाही सरकारले निर्मम यातना दिँदै कस्टडीमा पुर्‍यायो। त्यसअघि पनि बहस (कचहरी) नाटक, सडक नाटकको माध्यमबाट आन्दोलनलाई ऊर्जा थप्न स्रष्टाहरूले सक्रियता देखाए, जुन आन्दोलन सफल भएपछि पनि निरन्तर चलिरहेको छ तर यस विषयमा सर्वनाम र आरोहण बाहेक अन्य समूह सुषुप्त रहे, यद्यपि आन्दोलनकै क्रममा धरानको सृष्टि नाट्यसमूह, अनाम एकेडेमी, जनकपुरको मिथिला नाट्य कला परिषद्ले पनि नाट्य क्षेत्रबाट ऊर्जा थप्ने काम गरे।

नेपाली नाट्यक्षेत्रलाई सीमित दर्शकको चौघेराबाट उठाउन यो वर्ष केही ठूला कार्यक्रम पनि गरिए, तर थियटरतर्फ आँखा नपुर्‍याउने दर्शकका निम्ति भने रंगमञ्च क्षेत्रका यी ठूला कार्यक्रमले कुनै प्रभाव छोड्न सकेनन्। नेपाली परिवेशलाई कथा बनाएर मञ्चमा उतार्नुको साटो अन्तर्राष्ट्रिय सर्जकको कृतिलाई नेपाली परिवेश सुहाउँदो भन्दै रूपान्तर गरेर मञ्चन गर्ने अवधारणाले यो वर्ष पनि निरन्तरता पायो। समकालीन नाटक लेखनमा डा. अभि सुवेदी साहित्यकारहरूबीच अपवादजस्तै देखिए। नाट्यकर्मी तथा पत्रकार घिमिरे युवराजका अनुसार यहाँ नाटक लेख्न सक्ने प्रतिभाहरू छन्, तर नाट्यक्षेत्रमा उनीहरूको उपस्थिति नहुनुले नेपाली नाटकको विकासक्रममा लेखकको कमी महसुस भएको छ। युवापंक्तिको एउटा हिस्सा रंगमञ्चप्रति आकर्षित हुनु यो वर्षको अर्को सकारात्मक पक्ष हो। नेपाली नाट्य क्षेत्रमा यो वर्ष लेखन, निर्देशन तथा अभिनयको क्षेत्रमा केही नयाँ प्रतिभाको आगमन भयो।

नेपाली रंगमञ्चको इतिहास निकै लामो छ, चलचित्र संसारको प्रवेश भएपछि पनि धेरै वर्षसम्म यसको प्रभाव बलियो थियो, तर पछिल्ला दुई दशक नाट्यक्षेत्रमा थोरै दर्शक मात्र छन्। नेपाली रंगमञ्चले गुमाएको आफ्ना दर्शकलाई फेरि थियटरमा भित्र्याउनु सबैभन्दा ठूलो चुनौती हो। नाट्यकर्ममा आफूलाई ढालेका युवापुस्ताले यो चुनौतीको सामना गर्दै नयाँ विषय र शैलीमा नाटक प्रस्तुत गर्नुपर्ने अवस्था छ। त्यसैगरी रंगमञ्च, कथा तयार गर्नेदेखि मञ्चन गर्ने क्रमसम्म यो ज्यादै खर्च हुने क्षेत्र हो। टिकट खरिद गरेर हेर्न आउने दर्शकको संख्या कम र नाटक मञ्चनमा खर्च बढी हुने भएकाले पनि रंगमञ्चका निम्ति सधैं दाताको सहयोग चाहिन्छ। ठूला कार्यक्रमको हकमा दाताको सहयोगकै कारण नेपाली रंगमञ्चले निरन्तरता दिन सकिरहेको छ भन्दा फरक नपर्ला, तर दाताको अभावमा पनि रंगमञ्चको सक्रियता कायमै राख्न सकिन्छ भनेर देखाउने जिम्मेवारी अहिलेको युवापुस्ताको काँधमा छ।

नेपाली रंगमञ्चमा आरोहण-गुरुकुलको भूमिका महत्त्वपूर्ण मानिन्छ। नाटकमा क्यारियर खोज्ने युवाहरूलाई प्रशिक्षण दिलाउनेदेखि लिएर वर्षभरि निरन्तर नाट्यशाला सञ्चालन गर्ने गुरुकुलले नेपाली नाटकलाई थोरै भए पनि जीवन्त तुल्याएको छ। यो वर्ष आरोहणले डा. अभि सुवेदीको लेखन तथा सुनील पोखरेलको निर्देशनमा नयाँ नाटक 'जीवनदेखि जीवनसम्म' प्रस्तुत गर्‍यो। यो नाटकमा निरङ्कुश कदम चाल्ने राजाप्रति व्यङ्ग्य प्रहार गरिएको छ। त्यसैगरी नर्वेजियन नाटककार हेनरिक इब्सेनको 'महान् शिल्पी' नाटकलाई नेपालीकरण गरेर मञ्चन गरियो। आरोहणले आधुनिक नाटकका पिता इब्सेनको सयौं वार्षिकोत्सवका अवसरमा कात्तिक १५ गतेदेखि इब्सेन अन्तर्राष्ट्रिय नाटक महोत्सव आयोजित गर्‍यो। दस दिनसम्म चलेको उक्त महोत्सवमा नर्वे, भारत, बंगलादेश, पाकिस्तान र नेपालका विभिन्न नाट्यसमूहले नाटक प्रस्तुत गरेका थिए। आरोहण २५ वर्ष पुगेको अवसरमा माघ ९ गतेदेखि २३ गतेसम्म आरोहण राष्ट्रिय नाटक महोत्सव आयोजना गरियो। उक्त महोत्सवमा ७ वटा नाटक प्रदर्शन भएका थिए। त्यसबाहेक बहस (कचहरी) नाटकमा पनि आरोहण समूह व्यस्त भयो।

नाट्यक्षेत्रमा अर्को संस्था सर्वनामको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण रह्यो। आन्दोलनपछिका दिनमा लोकतन्त्र र जनआन्दोलनको विषयमा सर्वनामले विभिन्न स्थानमा नाटक प्रस्तुत गर्‍यो। सर्वनाम नाट्यसमूहले साउन १ गतेदेखि मुलुकभरका विभिन्न ४१ स्थानमा सडक नाटक 'असमाप्त यात्रा' मञ्चन गर्‍यो। यो वर्ष सर्वनामका निर्देशक रंगकर्मी अशेष मल्लले बीपी कोइरालाको एक रात, आफ्नै लेखनको क्रम-अनुक्रम नाटक निर्देशन गरे। सर्वनामको २६ औं वार्षिकोत्सवका अवसरमा मञ्चित नाटक 'एक रात' आन्दोलनका क्रममा मृत्युदण्डको सजाय पाएका युवाको कथामा आधारित थियो भने क्रम-अनुक्रम लोकतन्त्रलाई संस्थागत गर्ने विषयवस्तुमा केन्द्रित थियो।

यसै वर्ष सर्वनामले 'हामी वसन्त खोजीरहेका छौं' सडक नाटक विभिन्न स्थानमा मञ्चन गर्‍यो। नाट्यक्षेत्रमा स्टुडियो सेभेनलाई पनि बिर्सन मिल्दैन। स्टुडियो सेभेनका लागि सविना लेहमेनले निर्देशन गरेको नाटक ड्रागन बज होटलको नागा थियटरमा जेठको दोस्रो साता मञ्चन भयो। २५ वर्षदेखि निरन्तर नाट्यक्षेत्रमा काम गरिरहेका स्टुडियो सेभेनले अंग्रेजी भाषाका विभिन्न कृतिलाई आधार बनाएर नाटक प्रस्तुत गर्दै आएको छ।

१२ वर्षसम्म भारतीय नाट्यक्षेत्रको अनुभव सँगालेका अनुप बरालले यसै वर्ष एक्टर्स स्टुडियो नामक अभिनयशाला सञ्चालनमा ल्याए। उपन्यासलेखन, चित्रकला, अभिनयकलालगायतका विभिन्न पाठ्यक्रम राखिएको उक्त स्टुडियोमा पहिलो सत्रमा २० जना नयाँ कलाकार तयार भए। यो नाट्यशालाकै शिष्या शिवानीसिंह थारूले तालिम सकिएपछि 'भर्च्युअल रियालिटी' नाटक लेखिन्। कम्प्युटर र मोबाइललगायतका भर्च्युअल (कृत्रिम) संसारमा अलमलिएको युवा पुस्ताको अवस्थालाई उक्त नाटकले प्रतिनिधित्व गरेको थियो। यो नाटक भारतका विभिन्न क्षेत्रमा समेत मञ्चन भयो। सुरुमा यो नाटकमा थारूले निर्देशन गरेको भनिए पनि भारत भ्रमणताका निर्देशकका रूपमा बरालको नाम आएपछि गुरुचेली बीचको सम्बन्ध चिसो भएको थियो। एक्टर्स स्टुडियोले महेशविक्रम शाहको कथामा चोखाउनी र सपनाको पनि अर्थ हुन्छ नाटक पनि मञ्चन गर्‍यो।

वि.सं. २०३३ सालदेखि आयोजना हुँदै आएको नाटक महोत्सव यस पटक पनि सम्पन्न भयो। नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजना भएको उक्त महोत्सवमा १९ नाट्यसमूहका २ सय रंगकर्मीले सहभागिता जनाए। नाटक महोत्सवमा एक मात्र महिला निर्देशक आशा मगरातीले सहभागिता जनाइन्। आशा निर्देशित 'देउताकी आमा' ले अन्य नाटकको तुलनामा राम्रो चर्चा पाए। वीरेन्द्र हमालले पनि यो वर्ष नयाँ नाटक 'खुसीको मृत्यु' निर्देशन गरे। अभिनय र मञ्च परिकल्पनाका यी नायकले आरोहणका नाटक महान् शिल्पी र जीवनदेखि जीवनसम्मको कोरस र मञ्च परिकल्पना दुवै गरेका थिए।

त्यसैगरी सानोठिमीस्थित पाठ्यक्रम विकास केन्द्रले १६ औं उपत्यकाव्यापी विद्यालयस्तरिय एकांकी नाटक प्रतियोगिता सम्पन्न गर्‍यो। त्यस्तै विश्व परिदृश्य नेपालले राष्ट्रव्यापी युवा नाटक प्रतियोगिताको आयोजना गर्‍यो। युवा महिला दलितजस्ता विषयवस्तु दिइएकोमा उक्त प्रतियोगितामा धरानको सृष्टि नाट्य समूहले उत्कृष्टता हासिल गर्‍यो।

वर्षको अन्त्यतिर वरिष्ठ नाट्यकर्मी हरिहर शर्माको निर्देशनमा नाटक 'किसमिसको बिस्कुन' मञ्चन भयो। सन् ५० को ताकाको अमेरिकी जीवनशैलीलाई आधार बनाइएको यो नाटकको कथावस्तु पुरानो भए पनि प्रस्तुतीकरण राम्रो थियो। त्यसैगरी वर्षको अन्त्यमा वरिष्ठ नाट्यकर्मी प्रचण्ड मल्ललाई डबली पुरस्कारबाट सम्मानित गरियो।

यसबाहेक कृष्ण शाह यात्रीको निर्देशनमा सर्जकहरूमाथी भैरहेको अन्यायको विषयमा नाटक 'महापात्र', विदेशमा रहेका आप्रवासी नेपालीहरूको पीडाको नाटक 'विस्थापन' र क्याबिन गर्लहरूको कथामा नाटक मञ्चन भए। यो वर्ष नाट्य क्षेत्रमा हारुन ओली, दुर्गामान मानन्धर, प्रेमप्रकाश स्वर्णकार, भूपेन्द्र यादव, प्रयाग न्यौपाने, नवराज बुढाथोकी, विन्दुसिंह छेत्री आदि निर्देशकहरूले विभिन्न विषयमा नाटक निर्देशन गरे।

## अशेष मल्ल



सर्वनाम नाट्यसमूह यो वर्ष २६ औं वर्षमा प्रवेश गर्‍यो। वि.सं. २०३८ सालमा अशेष मल्लको नेतृत्वमा स्थापना भएको सर्वनाम नाट्यसमूहले विभिन्न विषयमा नाटक प्रस्तुत गर्दै आएको छ। पञ्चायती निरङ्कुशताका विरुद्ध जनचेतना फैलाउने काममा पनि सर्वनामको भूमिका महत्त्वपूर्ण थियो। त्यसैगरी आन्दोलनका विभिन्न कार्यक्रममा पनि सर्वनामले जनताको पक्षमा रहेर नाटक प्रस्तुत गर्दै आएको छ। यो वर्ष सर्वनामले तीनवटा नयाँ नाटक मञ्चन गर्‍यो। वरिष्ठ रंगकर्मी अशेष मल्लको निर्देशनमा असमाप्त यात्रा, एक रात तथा क्रम-अनुक्रम तीनवटै नाटक दर्शकको मन जित्न सफल भए। निरन्तर रंगक्षेत्रमा रही विभिन्न पुस्तासँग काम गरेका मल्लले नेपाली रंगमञ्चको विकासमा जीवनका महत्त्वपूर्ण समय खर्चिएका छन्।

# स्मारकमा दशकपछि बढ्यो खुसीयाली

मकवानपुर- सशस्त्र द्वन्द्वको मारमा परेको हेटौंडाको सहिद स्मारकमा यसपालि एकदशकको इतिहास तोड्ने गरी भीड बढ्यो। नयाँ वर्षको खुसीयाली मनाउन यहाँ हेटौंडाका बासिन्दाहरू मात्र आएनन्। वीरगन्ज, कलैया, गौर आदि क्षेत्रबाट मधेसी समुदायका मानिसले समेत तराईमा जारी अशान्त वातावरणको स्वाद फेरे। हेटौंडा बजारबाट ७ किलोमिटर पश्चिममा रहेको सहिद स्मारकमा चितवन, बुटवल, भैरहवाका युवायुवतीहरू पनि थिए। सशस्त्र द्वन्द्वका कारण ओझेलमा पर्दै गएको सहिद स्मारक यसपटक घुम्ने र मनोरञ्जन गर्ने स्थान मात्र नभएर पिकनिकका लागि पनि उपयुक्त स्थान बनेको थियो।

'आन्दोलनमै व्यस्त भएकाले गत वर्ष नयाँ वर्ष मनाउन सकिएन', वीरगन्जबाट सहिद स्मारक हेटौंडामा नयाँ वर्ष मनाउन आएका सन्तोष यादव भन्छन्– 'यसपालि तराईमा पनि तनाव भएकाले सहिद स्मारकमा आएको।' शान्त स्थानमा रहेको र दूरीका हिसाबमा पनि टाढा नभएकाले नयाँ वर्ष मनाउनका लागि सहिद स्मारकलाई रोजेको उनले बताए। सन्तोषजस्तै नारायणघाटका कपिल श्रेष्ठ पनि नयाँ वर्षमा रमाइलो गर्न सहिद स्मारक आएका थिए। उनी भने नयाँ वर्षमा कसैले पनि नदेखोस् भनेर प्रेमिकाका साथ सहिद स्मारक आएका हुन्। तर सँगैका साथीहरू पनि स्मारकमै भेटिएपछि उनी तीनछक्क परे। श्रेष्ठ भन्छन्, 'मैले मात्रै नयाँ वर्षका लागि स्मारक रोजेको भनेको त सबैजना यहीं पो भेटिए।'

स्मारकमा नेपालका गंगालाल, दशरथचन्द, धर्मभक्त र शुक्रराजका मात्र होइन, स्वाधीनताका लागि अंग्रेजहरूसँग लडाइँ लड्दा सहिद भएकाहरूको समेत मूर्ति राखिएको छ। पिकनिकसहितको व्यवस्था गरी आएकाहरूलाई पनि सहिद स्मारक विकास समितिले पिकनिक स्थलको व्यवस्था मिलाएको छ। बालबालिकाहरूको मनोरञ्जनका लागि बालबगैंचा, मिनी चिडियाखाना, आकर्षक बगैंचा सहिद स्मारकमा छ। जंगलको बीचमा रहेकाले गर्मीमा समय बिताउन यो ठाउँ निकै उपयुक्त छ। यहाँ नेकपा एमालेका तत्कालीन नेता मदन भण्डारीको सालिक र उनको मृत्यु भएको स्थान दासढुंगाको भौगोलिक अवस्था झल्कने गरी चित्र बनाइएको छ। दार्शनिक नेता रूपचन्द्र विष्टको सम्झनामा थाहा स्तम्भलगायतका संरचनाहरूसमेत स्मारकमा राखिएपछि यसको महत्त्व थप बढेको छ। केही समयभित्रै जनआन्दोलनका सहिदहरूको स्तम्भ पनि स्मारकमा राखिने भएको छ। त्यसका लागि गृहकार्य भैरहेको सहिद स्मारक विकास समितिका कार्यालय सचिव आरसी न्यौपानेले बताए।

धर्मप्रति आस्था राखेर स्मारक घुम्न आउनेहरूका लागि पनि यो उत्तिकै महत्त्वपूर्ण छ। स्मारकबाट १० मिनेट हिँडेपछि पुण्यक्षेत्र आइपुग्छ। यहाँ विभिन्न भगवान्‌का मूर्ति एवं मन्दिर छन्। स्मारक परिसरमा रहेको भ्यूटावरबाट नजिकैको हेटौंडा सहर, हेटौंडा सिमेन्ट लगायतका उद्योगहरू एवं ग्रामीण क्षेत्रका मनोरम दृश्य हेर्न सकिन्छ।

सशस्त्र द्वन्द्वको बेला मुस्किलले एक दर्जन आन्तरिक तथा बाह्य पर्यटकहरू पनि यो स्मारकमा आउँदैनथे। अहिले शान्ति स्थापना भएपछि दैनिक २ सयभन्दा बढीले स्मारकको अवलोकन गर्ने गरेका छन्। नयाँ वर्षको अवसरमा वैशाख १ गते मात्रै नयाँ वर्ष मनाउनका लागि १५ हजारको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटका आएको कार्यालय सचिव न्यौपानेले बताए।

अहिले युवायुवतीहरू गर्मी छल्न यहाँ आउने गरेका छन्। दर्जनौं नेपाली चलचित्रको पर्दामा देखा पर्ने मौका पाइसकेको सहिद स्मारकमा द्वन्द्वपछि खुसी छाएको छ। डेढ दर्जन कर्मचारी राखेर तलबसमेत दिन नसक्ने स्थितिमा पुगेको स्मारक विकास समिति देशको शान्ति कायम रह्यो भने तुरुन्तै मुनाफामा जाने स्थितिमा छ। स्मारक अहिले नारायणी अञ्चलकै प्रमुख पर्यटकीय स्थलका रूपमा विकसित भैरहेको छ।

–शिवकुमार काशी

## डान्समय न्यू इयर इभ

धरान- डान्स भनेपछि हुरुक्कै हुने धराने पार्टी चराहरूले वि.सं. २०६३ सालको अन्तिम दिन शुक्रबार डान्स गरेरै बिताए। न्यू इयर इभमा उनीहरूलाई नचाउन निर्वाणा कन्ट्री क्लबको गल्फ मैदानमा राजधानीका डिजे सन्तोष उपस्थित थिए। डिजेको तालमा नाच्न अभ्यस्त भैसकेका धरानेहरूले उक्त पार्टीलाई मनोरञ्जनको माध्यम बनाए।

पहिलोपल्ट धरानेहरूलाई नचाउने अवसर डिजे सन्तोषले पनि खेर फालेनन्। युवतीहरू डान्स पार्टनर खोज्दै कम्मर मर्काउँदै नाचिरहेका देखिन्थे भने युवाहरू असिनपसिन हुँदै आफ्नै समूहमा नाचिरहेका देखिन्थे। अपरान्ह ५ बजे सुरु भएको पार्टीमा ५ सयभन्दा बढी सहभागी भए। रिमिक्स गीतहरू संग्रहित दुई एल्बम एडिक्सन-१ र एडिक्सन-२ बजारमा ल्याएर विवादसँगै चर्चामा आएका डिजे सन्तोषले हिन्दी रिमिक्स तथा नेपाली र अंग्रेजी पप, हिपहप संगीत मिक्सिङ गर्दै उपस्थित सबैलाई नचाएका थिए।

## इभमा मस्त विद्यार्थी

धरान- युवा पुस्तामा विक्रम संवत्‌भन्दा इस्वी संवत्‌को नयाँ वर्ष र इभ मनाउने चलन बढ्दो छ तर बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका विद्यार्थीहरूका निम्ति भने जनवरी १ तारिखको तुलनामा वैशाख १ महत्त्वपूर्ण हुँदै आएको छ। त्यसैले उनीहरू प्रतिष्ठानकै अगुवाइमा विक्रम संवत्‌को न्यू इयर इभ बर्सेनि धूमधामसँग मनाउँछन्। यसपालि पनि उनीहरूले नेपाली न्यू इयर इभ शुक्रबार दशहरा हलमा मस्तसँग मनाए। धूमधामसँग इभ मनाउँदै उनीहरूले नयाँ वर्ष २०६४ को स्वागत गरे। साढे ६ घन्टा लामो सांस्कृतिक कार्यक्रम 'पालुवा' समाप्त हुँदा ०६४ सालको बिहान भैसकेको थियो।

बीडीएस, एमबीबीएस, नर्सिङ तथा चिकित्सा विज्ञानका अन्य फ्याकल्टीका विद्यार्थीहरूले आ-आफ्ना कला प्रदर्शन गर्दै कार्यक्रममा रौनक थपेका थिए। दर्शकहरूले भरिएको हलमा उनीहरूले नेपाली, हिन्दी तथा अंग्रेजी गीत एवं नृत्य प्रस्तुत गरेका थिए। उनीहरूको प्रहसन र चुट्किलाले दर्शकहरूलाई पेट मिचीमिची हँसाएको थियो। कार्यक्रममा छात्राबासको जीवनमा आधारित वृत्तचित्र पनि उक्त प्रदर्शन गरिएको थियो।

# विश्वकप क्रिकेट २००७

### खेल नम्बर ३८
#### बंगलादेशविरुद्ध इङ्ल्यान्ड

सुपर एटको चौथौं खेल बंगलादेश तथा इङ्ल्यान्डबीच खेलियो । यो खेलमा इङ्ल्यान्डले बंगलादेशलाई ४ विकेटले पराजित गऱ्यो । बारबाडोसको ब्रिजटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै बंगलादेशले ३७ दशमलव २ ओभरमा सबै विकेट गुमाई १ सय ४३ रन बनायो । प्रतिउत्तरमा इङ्ल्यान्डले ४४ दशमलव ५ ओभरमा ६ विकेट गुमाई १ सय ४७ रन बनाएर आफ्नो लक्ष्य प्राप्त गऱ्यो । यो खेलमा इङ्ल्यान्डका साजिद मेहमुद म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ३९
#### न्युजिल्यान्डविरुद्ध श्रीलंका

सुपर एटको पन्ध्रौं खेल श्रीलंका र न्युजिल्यान्डबीच खेलियो । यो खेलमा श्रीलंकाले न्युजिल्यान्डलाई ६ विकेटले पराजित गऱ्यो । ग्रेनाडाको सेन्ट जर्जमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै न्युजिल्यान्डले ७ विकेटको क्षतिमा २ सय १९ रन बनायो । प्रतिउत्तरमा श्रीलंकाले ४५ दशमलव १ ओभरमा ४ विकेट गुमाई २ सय २२ रन बनाएर आफ्नो लक्ष्य प्राप्त गऱ्यो । यो खेलमा श्रीलंकाका चामिन्दा भास म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ४०
#### अस्ट्रेलियाविरुद्ध आयरल्यान्ड

सुपर एटको सोह्रौं खेल अस्ट्रेलिया तथा आयरल्यान्डबीच खेलियो । यो खेलमा अस्ट्रेलियाले आयरल्यान्डलाई ९ विकेटले पराजित गऱ्यो । बारबाडोसको ब्रिजटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै आयरल्यान्डले ३० ओभरमा सबै विकेट गुमाई ९१ रन बनायो । प्रतिउत्तरमा अस्ट्रेलियाले १२ दशमलव २ ओभरमा १ विकेट गुमाई ९२ रन बनाएर आफ्नो लक्ष्य प्राप्त गऱ्यो । यो खेलमा अस्ट्रेलियाका ग्लेन म्याग्राथ म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ४१
#### न्युजिल्यान्डविरुद्ध दक्षिण अफ्रिका

सुपर एटको सत्रौं खेल दक्षिण अफ्रिका तथा न्युजिल्यान्डबीच खेलियो । यो खेलमा न्युजिल्यान्डले दक्षिण अफ्रिकालाई ५ विकेटले पराजित गऱ्यो । ग्रेनाडाको सेन्ट जर्जमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै दक्षिण अफ्रिकाले ७ विकेटको क्षतिमा १ सय ९३ रन बनायो । प्रतिउत्तरमा न्युजिल्यान्डले ४८ दशमलव २ ओभरमा ५ विकेट गुमाई १ सय ९६ रन बनाएर आफ्नो लक्ष्य प्राप्त गऱ्यो । यो खेलमा न्युजिल्यान्डका क्रेग म्याकमिलन म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ४२
#### बंगलादेशविरुद्ध आयरल्यान्ड

सुपर एटको अठारौं खेल बंगलादेश तथा आयरल्यान्डबीच खेलियो । यो खेलमा आयरल्यान्डले बंगलादेशलाई ७४ रनले पराजित गऱ्यो । बारबाडोसको ब्रिजटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै आयरल्यान्डले ७ विकेट गुमाई २ सय ४३ रन बनायो । प्रतिउत्तरमा बंगलादेशले ४१ दशमलव २ ओभरमा सबै विकेट गुमाई १ सय ६९ रन मात्र बनाउन सक्यो । यो खेलमा आयरल्यान्डका विलियम पोटरफिल्ड म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ४३
#### श्रीलंकाविरुद्ध अस्ट्रेलिया

सुपर एटको उन्नाइसौं खेल श्रीलंका तथा अस्ट्रेलियाबीच खेलियो । यो खेलमा अस्ट्रेलियाले श्रीलंकालाई ७ विकेटले पराजित गऱ्यो । ग्रेनाडाको सेन्ट जर्जमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै श्रीलंकाले ४९ दशमलव ४ ओभरमा सबै विकेट गुमाई २ सय २६ रन बनायो । प्रतिउत्तरमा अस्ट्रेलियाले ४२ दशमलव ४ ओभरमा ३ विकेट गुमाई २ सय ३२ रन बनाएर आफ्नो लक्ष्य प्राप्त गऱ्यो । यो खेलमा अस्ट्रेलियाका नाथन ब्रेकन म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ४४
#### इङ्ल्यान्डविरुद्ध दक्षिण अफ्रिका

सुपर एटको बीसौं खेल इङ्ल्यान्ड तथा दक्षिण अफ्रिकाबीच खेलियो । यो खेलमा दक्षिण अफ्रिकाले इङ्ल्यान्डलाई ९ विकेटले पराजित गऱ्यो । बारबाडोसको ब्रिजटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै इङ्ल्यान्डले ४८ ओभरमा सबै विकेट गुमाई १ सय ५४ रन बनायो । प्रतिउत्तरमा दक्षिण अफ्रिकाले १९ दशमलव २ ओभरमा १ विकेट गुमाई १ सय ५७ रन बनाएर खेल जित्यो । यो खेलमा दक्षिण अफ्रिकाका एन्ड्र्यु हल म्यान अफ दि म्याच घोषित भए ।

## साप्ताहिक विश्वकप क्रिकेट क्विज

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
|---|---|---|
| ५ जनालाई १ वर्षसम्म साप्ताहिक | १० जनालाई ६ महिनासम्म साप्ताहिक | २० जनालाई ३ महिनासम्म साप्ताहिक |

१. विश्वकप क्रिकेट प्रतियोगिता सबैभन्दा धैरै पटक जित्ने मुलुक कुन हो ?

.........................................

२. नवौं विश्वकप कतिवटा मुलुकले आयोजना गर्दै छन् ?

.........................................

३. नवौं विश्वकपमा कतिवटा मुलुकले सहभागिता गर्दैछन् ?

.........................................

४. नवौं विश्वकप कुन राष्ट्रले जित्नेछ ?

.........................................

५. नवौं विश्वकपको 'म्यान अफ द टुर्नामेन्ट' को हुनेछन् ?

.........................................

नियमहरू

१. एकभन्दा बढी सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ । कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को निर्णय नै अन्तिम हुनेछ ।
२. पुरस्कार कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को काठमाडौं सुविधानगरस्थित मुख्य कार्यालय र विराटनगर, पोखरा, भरतपुर र नेपालगन्जस्थित क्षेत्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३. उत्तर २०६४ वैशाख १० गतेसम्म प्राप्त भइसक्नुपर्नेछ ।
४. उत्तर पठाउँदा साप्ताहिकको कटिङ नै पठाउनुपर्ने छ । फोटोकपिलाई मान्यता दिइनेछैन । एक जनाले असीमित उत्तर पठाउन सक्नेछन् ।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. सँग सम्बद्ध कर्मचारी तथा तिनका परिवारले प्रतियोगितामा सहभागी हुन पाउनेछैनन् ।

**उत्तर पठाउने ठेगाना**
**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., कान्तिपुर, कम्प्लेक्स**
**पो.ब. नं. ६०१९, तीनकुने, सुविधानगर, काठमाडौं**

**सहभागीको नाम :**
**ठेगाना :**
**फोन नम्बर :**

## ५ प्रश्न

*बुद्धिबहादुर प्रधान, इन्टरनेशनल क्रिकेट काउन्सिलको एसोसिएट एन्ड एफिलिएटेड प्यानलका एक मात्र नेपाली अम्पायर हुन् । विराटनगरका स्थायी बासिन्दा प्रधान पेसाले शिक्षक भए पनि सफल क्रिकेट अम्पायरका रूपमा परिचित छन् । उनले विश्वकप क्रिकेटको पूर्वसन्ध्यामा टेस्ट म्याच नखेल्ने राष्ट्र सम्मिलित सात वटा एकदीवसीय क्रिकेट म्याच खेलाइसकेका छन् ।*



**विश्वकप क्रिकेटमा अस्ट्रेलियाको ह्याट्रिक गर्ने सम्भावना कत्तिको छ ?**

अस्ट्रेलियाले ह्याट्रिक गर्दैन । ऊ यो विश्वकपको फाइनलसम्म पुग्नसक्छ, तर उपाधिचाहिँ जित्न सक्दैन । लगातारको सफलताले अस्ट्रेलियन खेलाडीहरूमा देखिएको ओभर कन्फिडेन्सकै कारण ह्याट्रिक गर्नबाट अस्ट्रेलिया चुक्नेछ ।

**कुन टिम नवौं विश्वकप च्याम्पियन बन्ने सम्भावना छ ?**

ब्याटिङ र बलिङमा सन्तुलित देखिएको दक्षिण एसियाली टिम श्रीलंकाको सम्भावना प्रबल छ । फाइनलमा अस्ट्रेलियालाई श्रीलंकाले मात्र पराजित गर्न सक्छ । अस्ट्रेलिया, श्रीलंका, दक्षिण अफ्रिका र न्युजिल्यान्डले सेमीफाइनलमा प्रतिस्पर्धा गर्नेछन् ।

**दक्षिण एसियाका क्रिकेट महारथीद्वय पाकिस्तान र भारत पहिलो चरणबाटै घर फर्किए । उनीहरूको हारको प्रमुख कारण के हो ?**

पहिलो चरणमा बंगलादेश र आयरल्यान्डले आश्चार्यजनक नतिजा निकाले । विपक्षीलाई कमजोर आँक्दै खेलाडीहरूमा देखिएको ओभर कन्फिडेन्सकै कारण क्रिकेटलाई धर्मका रूपमा लिने पाकिस्तान र भारत विश्वकपबाट चाँडै बाहिरिनुपरेको हो । प्रतिस्पर्धामा कुनै पनि विपक्षीलाई कमजोर मान्नु हुँदैन । सुपर एटमा आयरल्यान्डले बिर्सनलायक प्रदर्शन गरेको छैन । बंगलादेशले त दक्षिण अफ्रिकालाई पराजित गरेर तहल्का नै मच्चायो ।

**समग्रमा पहिलो चरण कस्तो रह्यो ?**

बंगलादेश र आयरल्यान्डले भारत र पाकिस्तानलाई बाहिर पठाए पनि अन्य टिमले अपेक्षाकृत राम्रै प्रदर्शन गरे । स्कटल्यान्ड, बर्मुडा, क्यानाडा, केन्या र हल्यान्डलाई मैले विश्वकपअघि खेलाएको थिएँ । उनीहरू नराम्रा टिम होइनन् । ठूला टिमविरुद्ध खेल्न उनीहरूलाई सधैं कठिन हुन्छ ।


**यो विश्वकपमा नयाँ खेलाडी चम्कन सकेनन् नि ?**

हो, यो विश्वकपमा नयाँ अनुहार चम्कन सकेका छैनन् । पुरानै अनुभवी खेलाडीहरू जमेका छन् । दक्षिण अफ्रिकाका एबी डेभिल्लियर्स, बंगलादेशका अफताब, न्युजिल्यान्डका टेलर केही म्याचमा प्रभावशाली देखिए पनि सबै म्याचमा जम्न सकेका छैनन् । अस्ट्रेलियाका म्याथ्यु हेडेन, श्रीलंकाका सनथ जयसूर्या र लसिथ मालिङ्गा, दक्षिण अफ्रिकाका अलराउन्डर ज्याक कालिस तथा अस्ट्रेलियाका ग्लेन म्याग्रा बढी प्रभावकारी देखिएका छन् ।

**– राजु घिसिङ**

# विश्व कीर्तिमान २००७

## सबैभन्दा धेरै रन



विश्वकप क्रिकेटको एकै खेलमा सबैभन्दा धेरै रन बनेको अस्ट्रेलिया र दक्षिण अफ्रिकाबीच २४ मार्च २००७ मा खेलिएको खेल भएको छ । नवौं विश्वकपअन्तर्गत समूह 'ए' अन्तर्गत खेलिएको उक्त खेलमा दुवै टिमले संयुक्त रूपमा ६ सय ७१ रन बनाएका थिए । अस्ट्रेलिया विजयी रहेको उक्त खेल ९८ ओभर खेलिएको थियो भने १६ विकेट झरेको थियो । उक्त खेलमा प्रतिओभर ६ दशमलव ८४ रन बनेको थियो । यसअघि विश्वकप क्रिकेटमा सबैभन्दा धेरै रन सन् १९९६ को छैटौं विश्वकपअन्तर्गत केन्या र श्रीलंकाबीच खेलिएको खेलमा बनेको थियो । त्यसबेला १ सय ओभर खेल्दै श्रीलंका र केन्याले ६ सय ५२ रन बनाएका थिए ।


## चौथो विकेटका लागि

नवौं विश्वकपअन्तर्गत चौथो विकेटका लागि सर्वाधिक साझेदारी गर्ने नयाँ कीर्तिमान कायम भएको छ । यो कीर्तिमान बनाउने क्रममा अस्ट्रेलियाका माइकल क्लार्क र ब्रायन हगले हल्यान्डविरुद्ध २ सय ४ रन बनाए । १८ मार्च २००७ मा बनेको यो कीर्तिमानले छैटौं विश्वकपअन्तर्गत ११ मार्च १९९६ मा न्युजिल्यान्डका एलके जर्मन र क्रिस ह्यारिसले बनाएको १ सय ६८ रनको साझेदारीको कीर्तिमान भंग गरेको थियो ।

## धेरै खेलमा कप्तानी

नवौं विश्वकपअन्तर्गत न्युजिल्यान्डका कप्तान स्टेफन फ्लेमिङ्गले विश्वकप क्रिकेटमा सर्वाधिक खेलमा आफ्नो टिमको नेतृत्व गर्ने नयाँ कीर्तिमान कायम गरेका छन् । फ्लेमिङ्गले नवौं विश्वकप क्रिकेटमा श्रीलंकाविरुद्ध आफ्नो टिमको नेतृत्व गरेपछि यस्तो कीर्तिमान कायम गरेका हुन् । सन् १९९९ को सातौं विश्वकप देखि न्युजिल्यान्डको नेतृत्व सम्हालेका फ्लेमिङ्गले श्रीलंकाविरुद्ध २४ तथा दक्षिण अफ्रिकाविरुद्ध २५ खेलमा आफ्नो टिमको नेतृत्व गरेका छन्, जसमध्ये उनले १६ खेलमा जित प्राप्त गरेका छन् भने ८ खेलमा हार बेहोरेका छन् । एक खेल नतिजारहित थियो । यसअघि यस्तो कीर्तिमान भारतका मोहम्मद अजहरुद्धिनको नाममा थियो । सन् १९९२ को पाँचौं विश्वकपदेखि १९९९ को सातौं विश्वकपसम्म भारतको नेतृत्व गरेका अजहरुद्धिनले २३ खेलमा कप्तानी गरेका थिए ।





## शून्यमा आउट

दक्षिण अफ्रिकाका एबी डी भिलर्सले एउटै विश्वकपमा शून्यमा आउट हुने अनौठो कीर्तिमान कायम गरेका छन् । नवौं विश्वकपअन्तर्गत भिलर्सले अहिलेसम्म खेलेका ८ खेलमध्ये ४ खेलमा शून्यमा आउट भएर त्यस्तो कीर्तिमान् कायम भएको हो । त्यसो त विश्वकप क्रिकेटमा सर्वाधिक ५ पटक शून्यमा आउट हुने कीर्तिमान न्युजिल्यान्डका नाथन एस्ले तथा पाकिस्तानका एजाज अहमदको नाममा छ ।

## सर्वाधिक छक्का



एउटै विश्वकप क्रिकेटमा सबैभन्दा धेरै छक्का प्रहार गर्ने कीर्तिमान दक्षिण अफ्रिकाका हर्सेल गिब्सको नाममा छ । नवौं विश्वकपअन्तर्गत गिब्सले अहिलेसम्म १४ छक्का प्रहार गरिसकेका छन् । विश्वकप क्रिकेटमा सर्वाधिक २९ छक्का प्रहार गर्ने कीर्तिमान भने अस्ट्रेलियाका कप्तान रिक्की पोन्टिङको नाममा छ ।

## अर्धशतकीय साझेदारी

नवौं विश्वकप क्रिकेटअन्तर्गत श्रीलंकाविरुद्ध खेल्दै अस्ट्रेलियाका एडम गिलक्रिस्ट तथा म्याथ्यु हेडेनले पहिलो विकेटका लागि २५ औं अर्धशतकीय साझेदारी गरेर नयाँ विश्व कीर्तिमान



कायम गरेका छन् । यसअघि यो कीर्तिमान अस्ट्रेलियाकै डेभिड बुन र ज्योफ मार्श तथा वेस्ट इन्डिजका गोर्डन ग्रिनिज र डेसमन्ड हेन्सको नाममा संयुक्त रूपमा थियो । उनीहरूले २४ पटक त्यस्तो साझेदारी गरेका थिए ।

## कप्तानको अर्धशतक

अस्ट्रेलियाका कप्तान रिक्की पोन्टिङले विश्वकपमा एउटा कप्तानका रूपमा सर्वाधिक अर्धशतक बनाउने नयाँ कीर्तिमान कायम गरेका छन् । पोन्टिङले विश्वकपमा ७ पटकभन्दा बढी ५० वा ५० भन्दा बढी रन बनाएर यस्तो कीर्तिमान कायम गरेका हुन् । यसअघि यस्तो कीर्तिमान भारतका मोहम्मद अजहरूद्धिन र न्युजिल्यान्डका स्टेफन फ्लेमिङको नाममा संयुक्त रूपमा थियो ।



# कस्तो होला सेमिफाइनल

**साप्ताहिक समीक्षा**

काठमाडौं- दक्षिण अफ्रिकासँग इङ्ल्याण्ड पराजित भएपछि नवौं विश्वकप क्रिकेटको सेमिफाइनलमा कुन-कुन टिम पुग्ने हुन् भन्ने कुराको छिनोफानो सुपर एटका अन्तिम चार खेल खेल्न बाँकी छँदै भएको छ। जसअनुसार नवौं विश्वकपको सेमिफाइनलमा अष्ट्रेलिया, न्यूजिल्याण्ड, श्रीलंका तथा दक्षिण अफ्रिकाले प्रवेश पाएका छन्। यीमध्ये न्यूजिलयाण्ड तथा श्रीलंकाबीच पहिलो सेमिफाइनल वैशाख ११ गते मंगलबार र अष्ट्रेलिया तथा दक्षिण अफ्रिकाबीच दोस्रो सेमिफाइनल वैशाख १२ गते बुधबार खेलिनेछ। सेमिफाइनल खेल्ने ४ टिममध्ये अष्ट्रेलिया र दक्षिण अफ्रिका समूह चरणको खेलमा एउटै समूह 'ए' मा थिए भने श्रीलंका समूह 'बी' मा र न्यूजिल्याण्ड समूह 'सी' मा थियो।



पहिलो सेमिफाइनल खेल्न लागेका श्रीलंका र न्यूजिल्याण्डबीच सुपर एट चरणमा सम्पन्न खेलमा श्रीलंका विजयी भएको थियो। विश्वकप क्रिकेटमा दोस्रोपटक सेमिफाइनल खेल्न लागेका दक्षिण अफ्रिका तथा अष्ट्रेलियाबीच सम्पन्न समूह चरणको खेलमा अष्ट्रेलिया विजयी भएको थियो। अब सेमिफाइनलको खेल कस्तो होला ? यो प्रश्नको उत्तर त्यत्ति सजिलो छैन। तथ्यांकहरू र विश्वकपका अहिलेसम्मका खेलहरूमा गरिएको प्रदर्शनका आधारमा अष्ट्रेलिया सहजै फाइनलमा पुग्ने देखिन्छ तर निर्णायक खेलहरूमा जहिले पनि आफ्नो पोल्टामा जित बटुल्दै आएको दक्षिण अफ्रिका अष्ट्रेलियाको बाटोमा बलियो तगारो हुन सक्ने कुरामा क्रिकेट विश्लेषकहरू असहमत हुन सक्दैनन्।

सुपर एट चरणमा बंगलादेशसँग पराजित भएपछि दक्षिण अफ्रिकाले आयोजक वेष्टइण्डिज र इङ्ल्याण्डविरुद्ध जुन किसिमको प्रदर्शन गरेको छ त्यसका आधारमा पनि दक्षिण अफ्रिका विश्वकपको बलियो दावेदार हुन सक्छ।

रंगभेद नीतिका कारण क्रिकेट संसारबाट लामो समयसम्म वहिष्कृत भएको दक्षिण अफ्रिकाको विश्वकप क्रिकेट इतिहास सन् १९९२ को पाँचौ विश्वकपदेखि मात्र प्रारम्भ भएको हो। सन् १९९२ को सेमिफाइनलमा इङ्ल्याण्डसँग र सन् १९९९ को सेमिफाइनलमा अष्ट्रेलियासँग पराजित भएको दक्षिण अफ्रिका २००३ मा आफैले आयोजना गरेको सातौं विश्वकपको दोस्रो चरणमा पनि पुग्न सकेन। यो मामिलामा क्रिकेट विश्लेषकहरू दक्षिण अफ्रिकालाई अभागी टिम मान्छन्। अहिले दक्षिण अफ्रिकासमक्ष उसले अहिलेसम्म सामना गर्नु परेको भाग्यवादका विरुद्ध आफूलाई प्रमाणित गर्नुपर्ने चूनौती पनि छ।

सेमिफाइनलमा प्रवेश पाउने अर्को टिम न्यूजिल्याण्डले पनि अहिलेसम्म सेमिफाइनलभन्दा अगाडिको यात्रा तय गर्न सकेको छैन। सन् १९७५ को पहिलो (वेष्टइण्डिजसँग पराजित), १९७९ को दोस्रो (इङ्ल्याण्डसँग पराजित), १९९२ को पाँचौं (पाकिस्तानसँग पराजित) र १९९९ को सातौं (पाकिस्तानसँग पराजित) विश्वकप क्रिकेटमा सेमिफाइनलसम्मको यात्रा तय गरेको न्यूजिल्याण्डलाई क्रिकेट विश्लेषकहरू जहिले पनि डार्क हर्सका रूपमा परिभाषित गर्छन्। यस पटक न्यूजिल्याण्डले फाइनलसम्मको यात्रा तय गर्छ कि गर्दैन भन्ने कुरालाई अहिले विशेष चासोका साथ हेरिएको छ। किनभने यसअघि न्यूजिल्याण्डलाई सेमिफाइनलमा पराजित गर्ने कुनै पनि टिम अहिले सेमिफाइनलमा छैनन्।

सेमिफाइनलमा प्रवेश पाउने अर्को टिम श्रीलंकाले सन् १९९६ को विश्वकप जितिसकेको छ। श्रीलंकाले यसअघि सन् २००३ को विश्वकपमा पनि सेमिफाइनल खेलेको थियो। उक्त सेमिफाइनलमा अष्ट्रेलियासँग पराजित श्रीलंकासामू अहिले एकपटक फेरि विश्वकप जित्नसक्ने अवसर उपलब्ध छ। यसका लागि श्रीलंकाले न्यूजिल्याण्डलाई सेमिफाइनलमै पन्छाउनु पर्नेछ।

सेमिफाइनलको सबैभन्दा बलियो टिम अष्ट्रेलियाले सन् १९८७, १९९९ तथा २००३ गरी तीन पटक विश्वकप जितिसकेको छ। अहिले अष्ट्रेलियाले लगातार तेस्रो पटक र समग्रमा चौथोपटक विश्वकप जित्न सक्छ कि सक्दैन भन्ने कुराभन्दा पनि अष्ट्रेलियालाई रोक्ने सामर्थ कुन टिमले देखाउला भन्ने कुरा चर्चामा छ। सम्भवतः यसैकारण क्रिकेट विश्लेषकहरू अष्ट्रेलियाका बारेमा कुनै पनि टिप्पणी गर्नुभन्दा उसका प्रद्विन्द्वीहरूको क्षमता मूल्याङ्कन गर्न व्यस्त छन्।

## मिस्टर पश्चिमाञ्चल



बुटवल - ४० जना प्रतिस्पर्धीलाई पछि पार्दै पोखराका केशव उदासले चौथो मिस्टर पश्चिमाञ्चल क्षेत्रीय शारीरिक सुगठन प्रतियोगिताको उपाधि जितेका छन्। रूपन्देही जिल्ला शारीरिक सुगठन संघको आयोजनामा भैरहवामा सम्पन्न प्रतियोगितामा ७० किलोग्राम तौल समूहबाट प्रथम भएका उदासले उपाधिसँगै शिल्ड तथा २० हजार रुपैयाँ हात पारे। प्रतियोगितामा ६० किलोग्राम तौल समूहबाट प्रथम भएका भैरहवाका विकास चौधरी द्वितीय र ५५ किलोग्राम तौल समूहबाट प्रथम भएका पोखराकै लक्ष्मण भट्ट तृतीय भए। उनीहरूले शिल्डसँगै क्रमशः १५ र १० हजार नगद प्राप्त गरे।

प्रतियोगितामा ४१ जना खेलाडीले भाग लिएका थिए, जसमध्ये ५५ किलोग्राम तौल समूहतर्फ पोखराका लक्ष्मण भट्ट प्रथम, बुटवलका आकाश राई द्वितीय तथा बुटवलकै हेरिस लारी तृतीय भए। ६० किलोग्राम तौल समूहतर्फ भैरहवाका विकास चौधरी प्रथम, बुटवलका ताराबहादुर क्षेत्री द्वितीय र पोखराका महेन्द्र खड्गी तृतीय भए। यस्तै ६५ किलोग्राम तौल समूहबाट भैरहवाका सुनिल सुनार प्रथम, बुटवलका गिरीबहादुर राना द्वितीय र तौलिहवाका मोहम्मद हजदार रंगरेज तृतीय भए भने ७० किलोग्राम तौल समूहबाट तीनै जना पोखराका केशव उदास, विक्रम शाही तथा शम्भु अधिकारी क्रमशः प्रथम, द्वितीय र तृतीय भए।

७० किलोग्रामभन्दा माथिको तौल समूहबाट भैरहवाका मनुज प्रधान प्रथम, पोखराका भीमबहादुर पुन द्वितीय तथा भैरहवाकै नवीन राना तृतीय भए। प्रतियोगितामा ४० वर्षभन्दा बढी उमेर समूहको प्रतिस्पर्धामा तौलिहवाका रामबहादुर दुबे प्रथम, पर्वतका राजबहादुर गुरुङ द्वितीय र भैरहवाका राम आले तृतीय भएका थिए।

**-टोपराज शर्मा**

## पुनहिलमा दौड

पुनहिल (म्याग्दी)– पर्यटन प्रवर्धन गर्ने उद्देश्यले नयाँ वर्षको पहिलो बिहान पर्यटकीय गाउँ घोडेपानीमा आयोजित पुनहिल दौड प्रतियोगितामा शिख गाउँका ४८ वर्षीय गिमबहादुर बुद्धजा पहिलो भएका छन्।

घोडेपानीबाट १५ सय मिटर उकालो चढेर पुनहिल भ्यु टावरलाई फन्को मार्दै त्यत्तिकै ओरालो दुरी २० मिनेट ६ सेकेन्डमा पूरा गरी बुद्धजा पहिलो भएका हुन्। त्यसैगरी घराम्दीका भुकबहादुर पुर्जाले २० मिनेट ११ सेकेन्डमा तथा खिवाङका प्रेमबहादुर बुद्धजाले २० मिटर ४१ सेकेन्डमा पूरा गरी क्रमशः दोस्रो र तेस्रो भए।

पर्यटकिय गाउँ घोडेपानी समुद्र सतहदेखि २८ सय मिटरमा र पुनहिल ३२ सय १० मिटर माथि छ। पुनहिल दौड प्रतियोगितामा २९ जनाको सहभागिता थियो। रक्ताम्मे गुराँसको जंगल छिचोल्दै पुनहिल पुगेका प्रतियोगीलाई नयाँ वर्षको पहिलो सूर्योदय हेर्न पुनहिल पुगेका सयौं पर्यटक तथा स्थानियवासीले स्वागत गरेका थिए।

अन्नपूर्ण पदयात्रा मार्गको उत्कृष्ट गन्तव्य पुनहिल भ्यु प्वाइन्टको प्रचार-प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक बढाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजक होटल व्यवस्थापन समितिका अध्यक्ष डमबहादुर पुनले बताए। तीन दिनसम्म चल्ने पुनहिल महोत्सवमा दौडबाहेक भेजो (तारो हान्ने) खेल प्रतियोगिता पनि सुरु भएको छ। भेजो खेलमा कास्की, पर्वत र म्याग्दीका गरी १२ टिमको सहभागिता छ।

**– घनश्याम खड्का**

## भीमनारायण कप झापालाई



धनकुटा- घरेलु मैदान र दर्शकको साथ पाउँदा पनि धनकुटा रातोले सहिद भीमनारायण श्रेष्ठ रनिङ कप फुटबलको उपाधि कब्जा गर्न सकेन। खेलको अतिरिक्त समयमा घरेलु टिमलाई शून्यका विरुद्ध २ गोलले हराउँदै युनाइटेड ब्वाइज स्पोटिङ क्लब सैनिक झापाले उपाधिमाथि कब्जा जमायो। करिब चार हजार दर्शकले फाइनल खेल हेरेको आयोजकहरूको दाबी छ।

प्रतियोगितामा युनाइटेड झापाका सुवास राई उत्कृष्ट खेलाडी घोषित भए भने फाइनल खेलमा झापाकै विकास सुब्बा म्यान अफ द म्याच घोषित भए। प्रतियोगितामा आठ टिमले भाग लिएका थिए। २०५५ सालमा सुरु भएको भीमनारायण कप आर्थिक तथा राजनैतिक कारणले चार वर्षअघिदेखि स्थगित थियो।

**–लीलावल्लभ घिमिरे**



# विवाह गर्ने कि उपहार दिने ?



**साप्ताहिक समाचार**

काठमाडौं- वैशाख लाग्यो, अब लगातार तीन महिना विवाहको मौसम चल्नेछ। विवाह गर्ने, गराउने र सरिक हुने सबैको व्यस्तता बढ्नेछ। कतिपयले त अघिल्लो महिना नै विवाह गराउने पण्डित तथा विवाह गर्ने स्थान छनौट गरिसकेका छन्। आफन्तको वा आफ्नो विवाहको तयारी गरिरहेका कतिपय भने गत साता बिहीबारदेखि सोमबारसम्म हालै सञ्चालनमा त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा आवतजावत गरिरहे। विवाहका लागि सम्पूर्ण तयारी गरिदिने व्यवस्था त्यहाँ थियो। पहिरन बनाउने बुटिक र सर्टिङ-सुटिङ, गहना विक्रेता, ब्युटिपार्लर र सैलुन, फर्निचर विक्रेता र डिलर, मिठाई तथा परिकार विक्रेता, पार्टी प्यालेस तथा क्याटरिङ, कार भाडामा दिने र सिंगार्नेहरू, उपहार विक्रेताहरूलगायत म्यारिज एजेन्ट, पण्डित, फोटोग्राफर, डिजे, साउन्ड सिस्टम, लमी, ट्राभल एजेन्ट, कार्ड बनाउने जस्ता दर्जनौं स्टल त्यहाँ थिए। डाइरेक्सन एक्जिविसन एन्ड कन्भेन्सन सेन्टरद्वारा सञ्चालित उक्त प्रदर्शनीको शीर्षक थियो- 'विडिङ एन्ड गिफ्ट एक्स्पो २००७'।

पाँच दिनसम्म चलेको उक्त प्रदर्शनीलाई आयोजकहरूले 'कम्प्लिट म्यारिज प्याकेज' भनिरहेका थिए। प्रदर्शनीको प्रवेशद्वारमा विवाह यज्ञ बनाइएको थियो। प्रदर्शनीमा प्रवेश गर्दा लाग्थ्यो, कुनै वैवाहिक समारोहमा पुगिएछ। आगामी वर्ष पनि अझै वृहद् ढंगबाट उक्त नौलो एवं आवश्यक उत्सवको आयोजना गर्ने लक्ष्य बोकेको बताउँदै संयोजक दीपक थापाले साप्ताहिकसँग भने- 'नौलो भएकाले पनि आगन्तुकहरू निकै आए। त्यस अर्थमा उत्सव सफल भयो।'

# मणिग्राममा स्याडोज लाइभ कन्सर्ट



बुटवल- नववर्ष प्रवेशको अवसर पारेर रूपन्देहीको नगरउन्मुख बजार मणिग्राममा 'स्याडोज लाइभ कन्सर्ट' सम्पन्न भयो। मिर्गौला रोगबाट पीडित कक्षा १२ का विद्यार्थी इन्द्र गुरुङको उपचारमा सहयोग जुटाउने उद्देश्यले शनिबार आयोजित कन्सर्टमा नारायणगढको चर्चित रक ब्यान्ड स्याडोजका कलाकारले आधा दर्जन गीतमार्फत झन्डै पाँच सय युवायुवतीलाई मनोरन्जन प्रदान गरेका थिए।

मञ्चमा यता-उता गर्दै उफ्रने, टाउको हल्लाउने अनि घरिघरि मञ्चबाट ओर्लेर दर्शकबीचमा गएर गाउने छुट्टै शैली भएका स्याडोजका भोकलिस्ट स्वप्निल शर्माले रकसंगीत प्रेमी युवा-युवतीलाई झन्डै दुई घण्टा उफारेका थिए। बागलुङ माइती चेली क्लब भलबारीले राममणि बहुमुखी क्याम्पस प्राङ्गणमा आयोजना गरेको कन्सर्टमा स्वप्निलले आ□ना लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए।

प्रस्तुत गीतमध्ये 'म हुँ प्रकृति..' र 'हिंड्ने मान्छे लड्छ' लाई युवायुवतीहरूले अत्यधिक मन पराएर वान्स मोर भन्दै हुटिङ गरेपछि ती गीत फेरि गाउनुपरेको थियो। कार्यक्रममा स्याडोजका भोकलिस्ट स्वप्निलसँगै ड्रममा विकास मानन्धर, गिटारमा बाबु बिके, लिड गिटारमा सनी मानन्धर तथा बास गिटारमा अमन ताम्राकार सहभागी थिए। कार्यक्रममा भैरहवाको ड्रिम क्याचर्स एवं स्थानीय जङक यार्ड ब्यान्डले पनि आफ्नो प्रस्तुति दिएका थिए। कार्यक्रम सकिएपछि अटोग्राफका लागि फ्यानहरूको तँछाड-मछाडले झमक्कै साँझ परेको थियो।

**टोपराज शर्मा**



# साप्ताहिकमा आर्टिष्ट

गायक राजेन पाण्डेको पहिलो गीतिएल्बम 'आर्टिस्ट' सार्वजनिक भएको छ। साप्ताहिक तथा नारीका सम्पादक सुवास ढकालले उक्त गीतिसंग्रह विमोचन गरे। क्यासेट उत्पादक कम्पनी म्युजिक डटकमले पाँच जना नयाँ गायकको गीतिसंग्रहलाई अनौपचारिक ढंगले विमोचन गर्ने सिलसिलामा चौथो नम्बरका गायक पाण्डेको गीतिसंग्रह 'आर्टिस्ट' विमोचन भएको हो। यसअघि राजीव लोहनी, मिङ्मा शेर्पा तथा मोहित मुनालको डेब्यु गीतिसंग्रह यसरी नै विमोचन भैसकेका छन्। विमोचन कार्यक्रममा गायक पाण्डेको सांगीतिक यात्राको शुभकामना दिँदै सम्पादक ढकालले पाण्डेका गीतलाई दर्शक-श्रोताले मन पराउने आशा व्यक्त गरे। साथै उनले नवोदित गायक पाण्डेको उज्ज्वल सांगीतिक भविष्यका लागि कामना पनि गरे। कार्यक्रममा गायक पाण्डेले पहिलो संग्रह निकाल्ने क्रममा आफूले सक्दो मेहनत गरेको बताए। कार्यक्रममा म्युजिक डटकमका प्रबन्ध निर्देशक राजेश वंशल, गायक राजीव लोहनी एवं क्यासेट कभर डिजाइनर तथा फोटोग्राफर अनिल स्थापितका साथै अन्य सञ्चारकर्मीहरूको उपस्थिति थियो।

# फेसन सो र डिजे धमाका

पोखरा- साँझ पर्न थालेदेखि नै मनोरञ्जन लिन चाहनेहरू दीप पोखरास्थित एप्पल क्याफेमा आउँने क्रम सुरु भयो। नयाँ वर्षको धमाकामा तन्नेरीहरूको जमघट र पृष्ठभुमिमा बजिरहेको संगीतले वातावरण रोमाञ्चक तुल्याइरहेको थियो। क्याफेको बाहिरी भागमा सजाइएको मञ्च तथा आडैमा रहेको खुला चौरमा केही जोसिला युवायुवती कम्मर मर्काउँदै आफ्नै पारामा डान्स गर्दै थिए। रातको ठीक आठ बजेपछि स्टेजमा झ्याप्प बत्ती बल्यो।

सबैको ध्यान उतैतिर खिचियो। लहरै मोडलहरू लचकदार कम्मर हल्लाउँदै मञ्चमा देखा परे। नयाँ वर्षको आगमनसँगै पहिलो पटक भएको फेसन शोले धेरैको ध्यान खिच्यो। आईईसी फेसन फेसन सेन्टर तथा पोखरा जिन्स फिटिङ एन्ड इम्ब्रोडरीले ड्रेस डिजाइन गरेको चार सिक्वेन्समा विभाजित फेसन सोमा मोडलहरू आकर्षक र सेक्सी देखिएका थिए।



तस्बिर : विशाल तुलाचन

मोडलहरू हेमा गुरुङ, सरु मानन्धर, मीरा जिरेल, वशुधा सुब्बा, अन्जु श्रेष्ठ, विजिता बिजुक्छे, विरेन भण्डारी, यम गुरुङ, समीरले स्टेप वाई स्टेप, फिटिङ जिन्स, क्याजुअल वेयर तथा नेपाली संस्कृति झल्कने पहिरनमा क्याटवाक गरेका थिए। दर्शकलाई केही नयाँपन दिन फेसन सोको बीचमा स्थानीय गायक विवेक केसीले आफनो गीत प्रस्तुत गरेका थिए।

गर्मीको मौसमले वातावरण पनि उस्तै तात्तिएको थियो। युवायुवतीको मस्काइले भने वातावरण रंगिन थाल्यो। फेसनको गर्मागर्मी सकिनुलगत्तै डिजे अनिल र नवीनले मनोरञ्जनमा लिप्त भएका युवायुवतीको चाहना बुझिहाले। कम्मर मर्काउँदै नचाउने खालको नेपाली, हिन्दी र अंग्रेजी रिमिक्स घन्काएपछि डान्स□लोर नै जाम भयो। फेसनेवल युवायुवतीहरू रात छिप्पिँदै गएपछि आउने क्रम जारी रह्यो। मनोरञ्जन पारखीहरूको बढ्दो नाच्ने चाहनाले डिजे अनिल र नवीनलाई चक्का घुमाउन पनि हम्मे-हम्मे परेको थियो। रातको एक बजेसम्म चलेको उक्त डान्सपार्टीमा युवायुवतीहरूले पसिनाले लचप्पै हुने गरी डान्स गरेका थिए।

**शिव शर्मा**

# कृष्ण र शिलाले नचाए कुञ्जलापुरवासीलाई

बुटवल– 'घुम्दै आयो सरर लगनको महिना..' बजारमा आउनै लागेको आफ्नो नयाँ एल्बमको गीतबाट शिला आलेले आफ्नो प्रस्तुति के सुरु गरेकी थिइन् उमा नि.मा.वि. कुञ्जलापुरको मैदानमा आसन जमाएर बसेका केटाकेटीदेखि कपाल सेतै फुलेका वृद्ध-वृद्धासम्म उठेर कम्मर मर्काई-मर्काई नाच्न थाले। युवायुवतीको त कुरै नगरौं, मादल, बाँसुरी, सारङ्गी र हार्मोनियमको सुमधुर संगीतसँगै शिलाका रंगरसपूर्ण लोकगीत सुनेपछि उनीहरूले त झन् मनै थाम्न सकेनन् अनि धक फुकाएर नाच्दै पूरै वातावरणलाई मनोरञ्जनपूर्ण बनाए।


शान्ति नमुना मा.वि. मणिग्रामका दृष्टिविहीन विद्यार्थीको सहयोगार्थ झरना स्पोर्ट्स क्लबको आयोजनामा नयाँ वर्षको पूर्वसन्ध्यामा शुक्रबार सम्पन्न विविध सांस्कृतिक



कार्यक्रममा आफ्नै समुदायकी गायिकाको आगमनले उत्साहित मगर लाहुरे-लाहुरेनीहरू विशेष रुचिपूर्वक नाचेका थिए। शिलापछि कृष्ण देवकोटाले मञ्च तताए। नेताहरूलाई व्यङ्ग्य गर्दै शायरीबाट आफ्नो प्रस्तुति प्रारम्भ गर्ने देवकोटाले दर्शकलाई धीत मरुन्जेल नचाए। त्यसपछि सुरु भयो शिला र कृष्णको रोचक दोहोरी। कृष्णलाई स्थानीय जितु थापा र शिलालाई काठमाडौंबाट आएकी नवप्रतिभा संगीता थापाले साथ दिएका थिए। कार्यक्रममा दृष्टिविहीन विद्यार्थी मदन भण्डारी र 'तीतो सत्य' हास्य टेलिश्रृंखलाका कलाकार सुशील थापाको क्यारिकेचरले पनि दर्शकलाई पर्याप्त मनोरञ्जन दिएको थियो।

दृष्टिविहीन भण्डारीले अपाङ्गहरूमाथि हुने भेदभावको विषयमा निर्मित 'पछुतो' नाटकमा एक्लै विभिन्न पात्रको फरक-फरक आवाजसहित अभिनय गरेर दर्शकको वाहवाही बटुलेका थिए। कार्यक्रममा बुटवल तथा भैरहवाका कलाकारहरूले पनि गीत, नृत्य र अभिनय प्रस्तुत गरेका थिए। कार्यक्रम हेर्न ५० रुपैयाँको टिकट किनेर करिब दुई हजार स्थानीय बासिन्दा उपस्थित थिए।


**– टोपराज शर्मा**














**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया,** निर्देशक : **विनोदराज ज्ञवाली, स्वस्तिका सिरोहिया,** सम्पादक : **सुवास ढकाल।**